# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

शोधपत्रको शीर्षक **'दार्चुला जिल्ला मार्मा क्षेत्रमा प्रचलित चैतहरूको सङ्कलन र विश्लेषण'** रहेको छ ।

## १.२ शोधको प्रयोजन

**'दार्चुला जिल्ला मार्मा क्षेत्रमा प्रचलित चैतहरूको सङ्कलन र विश्लेषण'** शीर्षकको शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३. विषय परिचय

लोकसाहित्य बेनामी रचनाकारद्वारा रचिएको लोकहरूको मौखिक कथ्य परम्पराद्वारा परम्परित तथा एक पुस्ताबाट अर्को पुस्तामा परिष्कृत, परिमार्जित हुँदै अथवा थपघट हुँदै हालसम्म रही आएको परम्परागत साहित्य हो । यो लोक वा जनताहरूको कथ्य परम्पराबाट पुस्तापुस्ता सर्दै आउने भएकोले यसलाई लोकहरूको साहित्य लोक साहित्य भनिन्छ । लोकसाहित्यलाई अङ्ग्रेजीमा Folk lore भनिन्छ । Folk को अर्थ सभ्यताबाट टाढिएका भन्ने अर्थ आउँछ । यसरी Folk lore भन्नाले सभ्यताबाट टाढा परम्परागत अपठितहरूको साहित्य भन्ने बुझिन्छ ।

यही लोकसाहित्यको एउटा हाँगो वा विधाको रूपमा लोकगाथा पर्न आउँछ । लोकगाथा भनेको कथा सहितको लोकगीत हो । अथवा गीतमा भनिएको कथा हो । यसको अङ्ग्रेजीमा समानार्थी शब्द Ballad हो । यसको शाब्दिक अर्थ नाँच्नु भन्ने बुझिएपनि Ballad को आधारभूत अर्थ नृत्यका साथ गाइने कथा सहितको सङ्गीतमय गीत हो । नेपाली लोक साहित्यमा विभिन्न लोकगाथाहरूको प्रचलन भेटिन्छ । खासगरी मुख्यमुख्य लोकगाथाहरूमा कर्खा, भारत, सवाइ, धमारी, चाँचरी, चैत पर्दछन् । यहाँ यस शोधप्रस्तावमा नेपाली लोकगाथा भित्र प्रचलित चैतको बारेमा अध्ययन विश्लेषण गरिनेछ ।

'चैत' शब्द चरित्र शब्दको अपभ्रंश शब्द हो । विभिन्न देवीदेवता तथा ऐतिहासिक वीर पुरुषहरूको वीर चरित्रको महिमा गान चैतहरूमा हुने भएकोले पनि यो कुराको पुष्टि

हुन्छ । त्यसैले चैत भनेको चरित्रगाथा हो । संस्कृतको चरित वा चरित्रबाट विकसित हुँदै तद्भव शब्द चैतको व्युत्पत्ति भएको देखिन्छ । चरित वा चरित्रको शाब्दिक अर्थ पनि जीवनी, साहसकथा, वृत्तान्त आदि हुन्छ । लोकगाथाका सन्दर्भमा चैतले पौराणिक एवम् ऐतिहासिक व्यक्तिको साहस कथाले भरिपूर्ण जीवनी तथा चरित्रको वर्णन बुझाउँछ । यसमा पात्रको जीवनको लामो आयाम एवम् चरित्रको वर्णन गरिएको हुन्छ ।

चैतमा पौराणिक र ऐतिहासिक एवम् सम्मानित व्यक्तित्वहरूको साहसिक कथालाई मुख्य विषयवस्तु बनाइएको हुन्छ । यसमा वर्णन गरिएका व्यक्तित्वहरूको जीवनी एवम् चरित्रलाई नै मुख्य विषयवस्तु बनाइएको हुन्छ । यसको सुरुवातमा वंशावली, उत्पत्ति तथा मङ्गलचरणको उल्लेख गरिएतापनि नगरिए पनि तिनीहरूको जीवनखण्डको लामो साहसिक चरित्रवान व्यक्तित्वको रूपमा चित्रित गरिएको हुन्छ । यसमा पात्रको विशेषता माथि प्रकाश पार्न चमत्कारिकता, अलौकिकता, साहसिकता, धार्मिकता लगायत विशेषता समावेश गरिएको हुन्छ ।

‘चैत’ विशेषगरी सुदूरपश्चिमाञ्चल विकासक्षेत्रमा प्रचलित लोकगाथा हो । खासगरी डोटी, बैतडी, दार्चुला, बझाङ्ग, डडेल्धुरातिर बढी प्रचलित रहेको छ । यो चैत्र महिनामा ढोली अथवा दमाईहरूले ढोल तथा दमाहा बजाएर गाउने लोकगाथा भनेर कहीँकहीँ उल्लेख भए पनि त्यस तर्कमा कुनै तथ्य भेटिँदैन । बरु चैते अष्टमीको दिन विभिन्न देवीदेवताहरूको (सुर्माभवानी, धौलापूर, मष्ठा, मालिका, महादेव) पूजाआजा गर्दा गाइने प्रचलन रहेको भेटिन्छ । यसरी चैते अष्टमीको दिन गाइने भएकोले पनि यसको नाम चैत रहेको हो की ? भन्ने अनुमान पनि गर्न सकिन्छ । तर पश्चिमी चैतहरू चैत्र महिनामा मात्र नभएर गौरा पर्व देवीदेवताहरूको जात्रा, छैठी, न्वारन आदिमा पनि गाउने चलन रहेको छ । यो मुख्यत : पुरुषहरूबाट गाइने गाथा भएपनि महिलाहरूको सहभागीता पनि उत्तिकै रहेको हुन्छ । कहीँकहीँ ढोल बाजाको प्रयोग गरेको पाइन्छ । यो पुरुष महिलाहरूले सामुहिक रूपमा समूहमा गाउने र डेउडा जस्तै गरी खेल्ने गरिन्छ । यसको प्रस्तुतिको बीचबीचमा ढुस्को, ठाडो खेल, धारु वा धमारी, जगरम, भोल्लाउलो जस्ता गीतहरू पनि आउन सक्छन् ।

चैत चरित्रको विशेषतामा गाइने आख्यानात्मक संरचनाको गेयगाथा हो । यसको प्रस्तुति लयात्मक ढङ्गले गरिन्छ । यसको आकारप्रकार छोटो छरितो भएकोले यो पट्यार लाग्दो नभई आकर्षक र रुचिपूर्ण हुन्छ । यसमा सरल सहज बोलीचालिका स्थानीय पूराना भाषाहरूको प्रयोग गरिएको हुन्छ । यो व्यक्ति प्रधान चरित्र गान हो; यसमा ऐतिहासिक तथा

पौराणिक व्यक्तित्वहरूको जीवनी, चरित्रचित्रण गरिने हुँदा अनुकरणीय र सन्देशमूलक हुन्छ । यसको उद्देश्य लोकलाई साहसी र उदार बन्ने शिक्षा, धार्मिक नैतिकवान बनाउनुका साथै मनोरञ्जन समेत प्रदान गर्नु रहेको देखिन्छ ।

## १.४ समस्या कथन

यस दार्चुला जिल्लाको मार्माली क्षेत्रको चैत शीर्षकको शोधपत्रको मुख्य उद्देश्य भनेको नै त्यस क्षेत्रमा रहेको लोकगाथा चैतको सङ्कलन एवम् विश्लेषण गर्नुपर्ने भएकोले त्यहाँ देखिएका निम्न लिखित समस्याहरूको समाधान गरिएको छ ।

(क) चैतहरूको उत्पत्ति वा लोकगाथा चैतको सुरुवात कहिलेदेखि भएको हो ?

(ख) मार्माली भेगमा प्रचलित चैतहरूको अवस्था कस्तो छ ?

(ग) उल्लेखित चैतहरूमा कथानक, चरित्रचित्रण परिवेश, भाषाशैली, उद्देश्य जस्ता तत्वहरूको के कस्तो अवस्था रहेको छ ?

(घ) चैतहरू के कति प्रकारका छन् ?

(ङ) मार्माली चैतहरूको के कसरी अध्ययन गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधपत्रको निम्न उद्देश्यहरू रहेका छन् :

(क) चैतहरूको उत्पत्ति वा सुरुवात कहिले भएको हो भन्ने कुराको खोज गर्नु,

(ख) दार्चुला जिल्ला मार्माली क्षेत्रमा प्रचलित लोकगाथा चैतहरूको सङ्कलन गर्नु,

(ग) उल्लेखित चैतहरूलाई लोकगाथाका तत्वहरूको आधारमा विश्लेषण गर्नु,

(घ) चैतहरूको वर्गीकरण गर्दै प्रकारहरू छुट्याउनु,

(ङ) मार्माली चैतहरूको अध्ययन गरी विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्य क्षेत्र व्यापक छ । लोकसाहित्यको अध्ययनबाट मात्र ऐतिहासिक एवम् पौराणिक साहित्य संस्कृति तथा भाषाको अध्ययन गर्न महत्वपूर्ण भूमिका रहन्छ । नेपाली लोकसाहित्यको अध्ययन विश्लेषण हाल आएर तीब्रतर गतिमा भएपनि अझै पनि नेपालका दुरदराजभित्र रहेका ग्रामिण लोकसाहित्यको खोजविन गर्न बाँकी नै छ । त्यसमा

पनि सुदूरपश्चिम एक यस्तो ठाउँ हो जहाँ लोकसाहित्य, संस्कृति एवम् भाषाको खानी नै हो । त्यही सुदूरपश्चिममा प्रचलित लोकसाहित्यको एक विधा लोकगाथा चैतको बारेमा विभिन्न समयमा विभिन्न व्यक्तिहरूबाट केही न केही अध्ययन अनुसन्धान भएको देखिन्छ । तर त्यो पर्याप्त मात्रामा छैन । त्यही लोकगाथा चैतको अध्ययनमा भएको अभावलाई थोरै भएपनि पूर्ति गर्न अथवा पश्चिम लोकगाथा चैत प्रचलन र त्यसको महत्ववोध गराउन यो शोध प्रस्ताव तयार गरिएको छ ।

हालसम्म पूर्वसाहित्यको अध्ययनबाट के बुझ्न सकिन्छ भने पश्चिमको डोटी क्षेत्रमा प्रचलित चैतहरूको सङ्कलन र विश्लेषण भएको भेट्याउन सकिन्छ । अधिकारिक ढङ्गले २०३२ सालमा प्रकाशित भएको पुस्तक 'डोटेली लोकसाहित्य एक अध्ययन' मा देवकान्त पन्तज्यूले चैतको बारेमा उल्लेख गर्नु भएको भेटिन्छ । उक्त पुस्तकमा डोटी क्षेत्रमा प्रचलित राम शाहीको चैत, हरि शाहीको चैत, भुवन मल्ल, किसा विष्ट, रूपा शाहीको चैत, पिरिवोराको चैत, दीपा रजवारको चैत लगायत ११ वटा ऐतिहासिक चैतहरूको सङ्कलन र विश्लेषण गरेका छन् । त्यसैगरी श्री शिकाशको चैत, काफलीको चैत मालीका देवीको चैत, कृष्णजीको चैत, उग्रतारादेवीको चैत लगायत ८ वटा पौराणिक चैतको सङ्कलन र विश्लेषण गरेका छन् । त्यसैगरी २०३९ सालमा "डोटेली लोकसंस्कृति र साहित्य" नामक पुस्तकमा विजय चालिसेले श्रीरामको चैत र मालिकाको चैत गरी २ वटा पौराणिक चैतहरूको व्याख्या विश्लेषण गरेका छन् । उनले डोटेली चैतमा वीरहरूको चरित्रगाथा तथा देवीदेवताका प्रार्थना र वर्णनहरू, अनि प्राचीन डोटीका राजाका र कुमाउँतिरको राजाहरूका प्रशास्ति गाइएको हुन्छ भनेका छन् ।

२०४१ सालमा प्रकाशित "नेपाली लोकसाहित्यको विवेचना" नामक पुस्तकमा धर्मराज थापा र हंसपुरे सुवेदीले डोटेली लोकगाथा अन्तर्गत 'डोटेली चैत र अमरसिंह थापा" उपशीर्षकमा नालापानी काँगडा मलाउ किल्लामा लड्ने अमरसिंह थापा आदि वीरहरूको वीरताको वर्णन गरेका छन् ।

२०५७ सालमा प्रकाशित "नेपाली लोकसाहित्यको आलोक भन्ने पुस्तकमा चैत डोटी क्षेत्रको आसपासमा प्रचलित लोकगाथा हो भन्दै सीताको चैतको बारेमा विश्लेषण गरिएको छ ।

वि.सं. २०५८ सालमा प्रकाशित पुस्तक "नेपाली लोकसाहित्य" चुडामणि बन्धुले चैत महिनामा दमाईहरू चैत गाउँदै घरघर हिड्ने गर्दछन् र घर गर्दा दुःख पाएकी

छोरीचेलीको दुःखको व्यथाहरू वर्णन गर्छन् भनेका छन् तर नेपालीहरूको अध्ययन परम्परामा चैतको सम्बन्ध चरित्रसँग गाँसिएको देखिन्छ र यी चैतहरूमा शास्त्रीय र लौकिक देवता तथा ऐतिहासिक वीरहरूको वर्णन पाइन्छ भनेका छन् ।

वि.सं. २०५५ सालमा प्रकाशित पुस्तक "अँजुलीभरि सगुन पोल्टाभरि फाग" नामक पुस्तकमा लेखक जयराज पन्तले चैतलाई डोटेली लोकगाथाको रूपमा लिएका छन् । साथै फाग र सगुन जस्तो प्रचलित नभएपनि चैतहरूले पनि डोटी क्षेत्रको लोकसाहित्यमा योगदान रहेको कुरा उल्लेख गरेका छन् । साझा प्रकाशन २०६४ सालमा पहिलोपटक प्रकाशित पुस्तक "नेपाली लोकगाथाको अध्ययन" मा कपिलदेव लामिछानेले चैतका विभिन्न लय, नृत्य र बाजाहरूको प्रयोग भएको पाइन्छ भन्दै अन्य लेखक जस्तै चैत चरित्रको विकसित शब्द हो भनेका छन् ।

त्यसैगरी २०६३ सालमा प्रकाशित लोकवार्ता विज्ञान र लोकसाहित्य नामक पुस्तकामा प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुईटेलले लोकगाथाको एकरूप चैत हो भन्दै यो डोटी क्षेत्रतिर गाइने लोकगाथा हो र यो विभिन्न चाडपर्व र गौरा पर्वमा विशेष गरी महिला र पुरुषहरू मिलेर गाउने प्रचलन छ भनेका छन् ।

यसैगरी आत्माराम भट्टले २०५२ सालमा तयार गरेको "बैतडीका पौराणिक लोकगाथाको अध्ययन" शीर्षकको शोधपत्रमा केही पौराणिक चैतहरूको बारेमा पनि उल्लेख गरेको पाइन्छ । त्यसैगरी हेमराज जोशीले २०६८ सालमा तयार गरेको "डोटेली चैतको सङ्कलन र विश्लेषण" शीर्षकको शोधपत्रमा ९ वटा पौराणिक र १२ वटा ऐतिहासिक डोटेली चैतहरूको सङ्कलन र विश्लेषण गरेका छन् ।

यसरी माथि उल्लेखित पूर्वकार्यको अध्ययन गर्दा चैत डोटी क्षेत्रमा मात्र सीमित गरी अध्ययन अनुसन्धान भएको देखिन्छ । अर्कोतिर सङ्कलित चैतहरूमा पनि पूर्णता देखिँदैन । केही अंश छुटाएर सङ्कलन गरेका देखिन्छन् साथै पर्याप्तमात्रामा सङ्कलित चैतहरूको अध्ययन विश्लेषण भएको देखिँदैन । खासगरी हालसम्म प्रचलनमा रहेको दार्चुला जिल्लामा गाइने चैतहरूको हालसम्म कुनै पनि पुस्तकमा उल्लेख भएको भेटिदैन । त्यसमा पनि दार्चुला जिल्लाको मार्मा क्षेत्रबाट प्रचलित चैतहरूको बारेमा नेपाली लोकसाहित्य अनविज्ञ रहेको देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य

नेपालको पश्चिमक्षेत्रको लोकगाथा भित्रको चैत महत्वपूर्ण लोकसाहित्य हो । त्यसको प्रभाव क्षेत्र सुदूरपश्चिमको ९ वटै जिल्लाको साथै भेरी र कर्णाली अञ्चल पनि रहेको देखिन्छ । त्यसमा पनि डोटी क्षेत्र यसको केन्द्रविन्दु रहेपनि यो शोधप्रस्तावको छनौट क्षेत्रको लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन र अध्ययन विश्लेषण हुन बाँकी छन् । त्यसमा पनि चैतको प्रचलन बढी मात्रामा हुने भएकोले अहिलेसम्मको यो क्षेत्रको चैतहरूको बारेमा खोज अनुसन्धान भएको छैन । त्यसैले यस क्षेत्रमा प्रचलित हुने चैतहरूको सङ्कलन गर्दै लोपोन्मुख स्थितिबाट बचाउनु र व्यापकमात्रामा शोधखोज गरी नेपाली लोकसाहित्यको विकासमा थप योगदान पुऱ्याउनु नै यस शोधकार्यको औचित्य रहेको छ । साथै डोटी क्षेत्रमा मात्र सीमित शोधखोजलाई व्यापक बनाउँदै अन्य ठाउँहरूमा पनि अध्ययन अनुसन्धानको सुरुवात गर्दै तत्स्थानको मौलिक साहित्य, संस्कृतिको जगेर्ना गर्दै आगामी पिडीहरूलाई स्थानीय लोकसाहित्य, संस्कृतिप्रति झुकाव राख्दै शोधखोजको सुरुवात गर्नुमा पनि यसको औचित्य तथा महत्व दर्शाउन सकिन्छ । आशा छ यो शोधले मार्मा क्षेत्रमा प्रचलित चैतहरूको संरक्षण तथा लोकसाहित्यको खोजको विषयमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

## १.८ सामग्री सङ्कलन विधि

शोधकार्यको सबैभन्दा महत्वपूर्ण पाटो सामग्रीहरूको सङ्कलन नै हो । सामग्री सङ्कलन एउटै विधिबाट मात्र नभएर विभिन्न विधिहरू अपनाइने छ । खासगरी निम्न विधिहरूबाट सामग्री सङ्कलन गरिएको छ :

१. स्थलगत अध्ययन विधि

२. पुस्तकालय विधि

३. श्रव्य-दृश्य विधि

४. अलिखित अन्तरवार्ता विधि

यो शोधपत्र तयार गर्नको लागि सर्वप्रथम मार्मा क्षेत्रमा प्रचलनमा रहेका चैतहरूको सङ्कलन श्रव्य-दृश्य विधिबाट गरिएको छ । चैत गीतमा भनिएको कथा भएकोले यसलाई लय मिलाएर गाउने गरिन्छ । यो गाउनुको साथै डेउडा जस्तै खेल्ने र नाच्ने पनि भएकोले यसको सङ्कलनमा श्रव्य-दृश्य विधिको प्रयोग गरिएको हो । त्यसैगरी स्थलगत भ्रमण गरी त्यहाँका स्थानीय बुढापाकाहरूसँग यसको ऐतिहासिक, सांस्कृतिक महत्वको बारे बुझ्ने काम

भयो साथै ती स्थानीय बुद्धिजीवी, बुढापाकाहरूसँग अलिखित अन्तरवार्ताद्वारा धेरै कुराको जानकारी लिइयो ।

त्यसैगरी लोकसाहित्य, लोकगाथा तथा चैतको विषयमा प्रकाशित भएका पुस्तकहरू र अन्य साहित्य, संस्कृति एवम् इतिहास सम्बन्धी पुस्तकहरूको सङ्कलन गरेर चैतको विषयमा विस्तृत जानकारीहरू समेट्ने कार्य भएको छ ।

## १.९ शोधपद्धति र सैद्धान्तिक आधार

शोधसामग्रीको सङ्कलन भएपछि उक्त सामग्रीहरूको वर्गीकरण गर्दै ऐतिहासिक, वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिबाट यस शोधकार्यको अध्ययन गरिएको छ ।

## १.१० शोधकार्यको सीमाङ्कन

यस शोधकार्यको क्षेत्र यसको शीर्षकबाट नै स्पष्ट भएको छ कि यसको अध्ययन क्षेत्र दार्चुला जिल्लाको मार्माक्षेत्रमा प्रचलित लोकगाथा चैत हो भन्ने बारेमा । यहाँ मार्मा क्षेत्र भन्नाले दार्चुला जिल्लाको उत्तरपूर्वी गा.वि.स.हरू खासगरी खण्डेश्वरी, घुसा, गुल्जर, तपोवन, सितोला, लटिनाथ, सेरी, सिप्टि लगायतका गा.वि.स.हरूलाई जनाउँदछ । त्यसमा पनि चैतहरूको प्रचलन मुख्य गरी खण्डेश्वरी घुसा, गुल्जर तथा लटिनाथमा रहेको छ । त्यसैले यस शोधकार्यको अध्ययन क्षेत्र उल्लेखित गा.वि.स.हरूमा प्रचलनमा रहेका प्रमुख आठवटा चैतहरूको सङ्कलन, वर्गीकरण एवम् विश्लेषण रहेको छ ।

यस शोधकार्यमा सङ्कलित चैतहरूको अध्ययनका निश्चित सीमाहरू रहेका छन् । यसमा सङ्कलित चैतहरूको वर्गीकरण गरी चैतका तत्वहरूको अध्ययन गरिनेछ साथै उत्पत्तिकालको बारेमा शोधखोज गरी चैतको विशेषतामाथि पनि प्रकाश पारिएको छ ।

## १.११ शोधको रूपरेखा

प्रस्तावित शोधपत्रको रूपरेखा निम्न किसिमको रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : दार्चुला जिल्लाको सामान्य परिचय

परिच्छेद तीन : नेपाली लोसाहित्य, लोकगाथा र चैतको सैद्धान्तिक परिचय

परिच्छेद चार : चैतहरूको सङ्कलन र विश्लेषण

परिच्छेद पाँच : उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# परिच्छेद : दुई
# दार्चुला जिल्लाको सामान्य परिचय

## २.१ परिचय

सुदूरपश्चिम विकास क्षेत्रको महाकाली अन्चलको उत्तर पश्चिममा अवस्थित जिल्ला हो दार्चुला । यो उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिममा भारतको पिथौरागढ जिल्लासँग जोडिएको छ । भौगोलिक सुन्दरताले भरिपूर्ण यस जिल्लामा पौराणिक देवी देवताहरूको पवित्र वासस्थान रहेका छन् । यस जिल्लाको नामाकरण पनि यसै पौराणिक किंवदन्तिमा आधारित छ । जस अनुसार महाभारत युद्धमा पाण्डवहरू विजय भैसकेपछि राजसूय यज्ञ गर्दा यज्ञमा महर्षि व्यासलाई आमन्त्रण गरीसँगै ल्याउन भिमसेनलाई पठाएकोमा भिमसेनले व्यास हिमालबाट महर्षिलाई ल्याउँदा खाना खाने समय हालको धारचुला भन्ने ठाउँमा परेको हुँदा त्यहाँ स्थित तीन धारहरू (जसमध्ये १ धार भारतमा र २ नेपालमा पर्दछन्) को चुलो बनाई खाना पकाई खाएकै दिनदेखि यस ठाउँलाई धारचुला भन्न थाले । कालान्तरमा धारचुला शब्दको अपभ्रंश भएर दार्चुला हुन गएको देखिन्छ ।[१] अहिले पनि भारतको सिमाना बजारलाई धारचुला नै भन्ने गरिन्छ । दार्चुला जिल्ला प्रशासनिक हिसाबले ४१ गा.वि.स. मा विभाजन गरिएको छ, भने भौगोलिक रूपमा मार्मा, लेकम, दुँहु गरि ३ क्षेत्रमा विभाजित छन् । यो भौगोलिक विभाजन खासगरी पुराना राजा रजौटाको शासनको आधारमा गरिएको देखिन्छ । यस जिल्ला, भूगोलको हिसाबमा हिमाली तथा पहाडी जिल्ला भनेर चिनिन्छ । खासगरी उच्च हिमाली हावापानी भएका गा.वि.स.हरूमा राप्ला, ब्यास, घुसा र खण्डेश्वरी परेपनि हिमाली हावापानी भएका अन्य गा.वि.स.हरूमा सितोला, सुनसेरा, गुल्जर, सिप्टी, यरकोट, खार, हुती धौलाकोट गा.वि.स.हरू पर्दछन् । त्यसैगरी पहाडी हावापानी भएको गा. वि.स.हरूमा शङ्करनाथ, हुनैनाथ, रिठाचौपाता, ग्वाँनी, बोहरी गाउँ डाँडाकोट, भगवती, मालिकार्जुन, रानी शिखर, हिकिला, काटै, छापरी, धुलीगाडा, पिपलचौरी, लटीनाथ, तपोवन, सेरी, देथला, उकु, दत्तु, धाप, खलङ्गा, लाली, शिखर, गोकुलेश्वर, र सर्मोली गा.वि.स. पर्दछन् । यसरी दुर्गम भएर पनि सुन्दर भएको यस दार्चुला जिल्ला भविष्यमा धार्मिक पर्यटन तथा जलविद्युत उत्पादनको लागि प्रसिद्ध बन्ने देखिन्छ ।

---

[१] दयाकृष्ण पन्त, **दार्चुलाको इतिहास**, २०६७, पृष्ठ ६ ।

### २.१.१ सिमाना

यस जिल्लाको पूर्वमा बझाङ जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला पर्दछ । यो जिल्ला २९°-३६' देखी ३०°- १५' उत्तर अक्षांश र ८०° - २२' देखी ८१° ९' पूर्वी देशान्तर सम्म फैलिएको छ । यो समुन्द्री सतहदेखि ५१८ मीटरदेखि ७१३२ मिटरसम्म उचाईमा पर्दछ । यसको कुल क्षेत्रफल २३२२ वर्ग किलोमिटर रहेको छ । यसलाई ११ इलाका ४१ गा. वि.स. तथा ३९४ वडामा विभाजन गरिएको छ । [२]

### २.१.२ धार्मिक तथा ऐतिहासिक स्थलहरू

यो जिल्ला धार्मिक तथा ऐतिहासिक महत्वको जिल्ला हो । हिन्दूहरूको आस्थाको अन्तिम केन्द्र कैलास पर्वत र मानसरोवर जाने बाटो यसै जिल्ला भएर जान्छन् । व्यास गुफा, तपोवन, मालिकार्जुन, ब्रह्मसरोवर, सुर्मासरोवर जाने बाटो हंसेश्वर, लटिनाथमन्दिर, सुर्माभवानीमन्दिर भूमिराजको मण्डप, धल्देउमाडौँ, डाँडाबागमाडौ, देउथानी, धर्मगुफा, मार्कण्ड्य गुफा, कामधेनुगाई, रूपसेपन्यार, नागढुङ्गा मालिका मन्दिर लगायत स्थानीय देवी देवताका थानहरू र ऐतिहासिक स्थलहरूमा उकु गा.वि.स.को अभययाल निर्मित तेह्रौ शताब्दीको दरबारको भाग्नावशेष, मार्मा खण्डेश्वरीको मकरीकोट, दुहुको दाम्दाकोट, उकुको शीलालेख, खण्डेश्वरीव वार्ड नं.१ मा पर्ने जारकोट आदि पर्दछन् ।

### २.१.३ प्रमुख नदी, हिमाल र तालहरू

यस जिल्लामा प्रशस्त नदी नालाहरू छन् । यी नदी नालाबाट विजुली निकाल्नसके देशमा भएको विद्युतको माग पूरा गर्न सकिन्थ्यो । यस जिल्लाका प्रमुख नदीहरूमा महाकाली र चौलानी नदी नै हुन् । तर यी नदीका अन्य सहायक नदीहरूमा - श्यामा खोला, तिङकर खोला, बुदीगाड, दुम्लींगगाड, तुषारपानी खोला, कालागाड, लास्कुखोला, धौलीगाड, थालीगाड, बरपानी खोला, उकुगाड, लालीगाड, पर्दछन् । चौलानीको सहायक नदीमा - क्षेत्तीखोला, घट्टेखोला, मकरीगाड, पारीबगरखोला, नायलगाड, देवलगाड, आमकुरु खोला, होपरीगाड आदि पर्दछन् ।

---

[२] ऐजन्, पृ. ४ ।

यसैगरी प्रमुख हिमालहरूमा अपि हिमाल (७१३२ मी) नाम्पा हिमाल (६७५४मी) कापुचुली (६६७०मी) व्यास हिमाल (६७७०मी) लिपुलेक (५०००मी) जेठी बहुरानी हिमाल (६८५० मी.) धरमचुली (६४०१मी) आदिपर्छन् । यसैगरी कैलाश (६६३८मी) ऊँ पर्वत ( ६१९१मी) पनि यसै जिल्लाको बाटो भएर जान्छन् ।[३] यस जिल्लाका प्रमुख तालहरूमा, ब्रह्मसरोवर, खात्तीताल, बयलीताल, प्रमुख तालहरू हुन् ।

## २.१.४ भू-बनौट

यस जिल्लाको सम्पूर्ण २३२,९६० हेक्टर जमीनमध्ये ९६,४३२ हेक्टर जमीन उच्च हिमाली भागमा पर्दछ । उच्च हिमाली क्षेत्रमा २७० हेक्टर जमीन मात्र कृषि योग्य छ । उच्च पहाडी क्षेत्र ८८८१६ हेक्टर र मध्यपहाडी भागमा ४७७१२ हेक्टर जमीन पर्दछ । यसमा १६०५३ हेक्टर जमीनमात्र कृषि योग्य पर्दछ ।[४] यहाँको मुख्य वालीहरूमा धान, मकै, कोदो गहुँ, भटमास, फापर, मार्सि, (चुवा) उखु, कलाउ, गहत, मास, मसुरो, सिमी, (सोट्टा) जौँ, तोरी, (सर्सी) आदि पर्दछन् । यस्तै फलफुलहरूमा सुन्तोला, ज्यूनार, माल्टा, कागती, स्याउ, ओखर, नासपाती आरु, चिउँरा, अम्बा, मेवा, काफल केला कटहर, पुलुम, खुमानी, गुयलो, नाँलो आदि पाइन्छन् । रूखहरूमा खर्सु, ठिन्के, बाज, पाङ्गर तिलेलो, उतिस, लुइठसल्लो, कपरसल्लो, चुनसल्लो, खोटोसल्लो, लिस, खड्क, काफल, ओखर, जामुल, सानन, शंकधार चुक, लाँली गुँरास, भोजपत्र साल, पैयु, दालचिनि, हरडो, सिलीग आदि जातका रूखविरुवा पाइन्छन् ।

त्यसैगरी यस जिल्लामा महत्वपूर्ण जडिबुटीहरू पाइन्छन् । प्रमुख जडिबुटीहरूमा - यार्सागुम्बा, कटुकी, पाँचऔले (हात्तीजोडी) धुपजडी, बलैचन, मौरेमुलो, सतुवा, गादान्नु ( पासाणवेद) तेजपात, चिराइतो, टिमुर, भोजो, गुच्चिच्याउ, ओखर बोका, काफल बोक्रा, सिम्मीजरो, धुपी, गन्धराइन, निर्विसी, विष, बनलसुन (घाँडे) थुमनी लगायतका जडिबुटी पाइन्छन् ।

## २.१.५ पशुपङ्छी

यो जिल्ला जैविक विविधताले भरिपूर्ण जिल्ला पनि भएकोले यहाँ लोपुन्मुख महत्वपूर्ण पशुपंक्षी तथा जीवजन्तुहरू रहेका छन् । यहाँ प्रमुख जीवजन्तुहरूमा कस्तुरी

---

[३] ऐजन्, पृ. ५ ।
[४] ऐजन् ।

घोरल, नाउर, झालर, तेइया, हिमचितुवाँ, रतुवा (काकड) वाघ, भालु, ब्वाँसो, बाह्रसिंगे, लंगुर (गुना) बाँदर, जङ्गली सुगुर, थार, स्याल, बिरालो, खरायो, आदि हुन्छन् । घर पालुवा जनावरमा - गाई,भैसी, चौरी, झुपु-झुमा, घोडा, खच्चर  भेडा - बाखा, च्याङ्ग्रा, कुकुर, वीरालो आदि पर्दछन् । त्यसैगरी पंक्षीहरूमा डाँफे, मुनाल, च्याखुरा, कालिज, (बनकुखुरा) ढुकुर, कौवा, गिद्ध, चील, वाज, सुगा, मलेवा, परेवा, लाटोकोसेरो, भँगेरो, सिट्टोला, जस्ता २०० प्रजातिका चराहरू पाइन्छन् ।[५]

## २.२. दार्चुला जिल्लाका प्रमुख जात्रा तथा पर्वहरू

दार्चुला जिल्ला धार्मिक पर्यटनको लागि महत्वपूर्ण जिल्ला हो । यस जिल्लालाई देवी देवताहरूको वासस्थान भएको पवित्र तीर्थस्थल भएको जिल्लाको रूपमा चिनाउन सकिन्छ । यस जिल्लामा विभिन्न देवी देवताको मण्डप रहेको र तिनीहरूको मण्डपमा विभिन्न समयमा जात्रा तथा पुजेली हुने गर्दछ साथै यस जिल्लामा साँस्कृतिक रूपमा मनाइने विभिन्न चाड पर्वहरू धुमधामसँग मनाउने गरिन्छ । यस जिल्लामा वसोवास गर्ने जनजातिहरू तथा अन्य समुदायहरूको पनि आआफ्नै चाडपर्वहरू रहेका छन् । यहाँ दार्चुला जिल्लामा प्रचलित प्रमुख जात्राहरू तथा पर्वहरूको सामान्य चिनारी प्रस्तुत गरिन्छ ।

### २.२.१ श्रीसुर्माभवानीको जात्रा

यस जिल्लाको सबैभन्दा ठुलो जात (जात्रा) सुर्माभवानीको जात हो । सम्भवत : नेपालकै सन्दर्भमा बढी दिनसम्म मनाइने जात्राको रूपमा यसलाई चिनाउन सकिन्छ । साउन महिनाको मान्य औँसीदेखि सुरुभएर औँसीको ठीक दशदिनपछि विधिपूर्वक जात्रा सुरु हुन्छ । त्यस दिनलाईृ रतेडि भनिन्छ । रतेडिदेखि सात दिनसम्म यो जात्रा लगातार चलिरहन्छ । यसरी औँसीदेखि सत्र १७ दिन र रतेडिदेखि सातदिन सम्म यो जात्रा मनाइने गरिन्छ ।

यस जात्राको सुरुवात कहिलेदेखि सुरुभयो भन्ने एकिन प्रमाण नभएपनि सुर्माभवानीको चैतमा उल्लेख भएको प्रसङ्गबाट के बुझिन्छ भने थारको भेषमा आएकी सुर्माभवानीलाई लेखेटी सकेपछि एकभाइ घोगाडिको राउद भन्ने व्यक्ति हालको खण्डेश्वरी

---

[५] अपिनाम्पा संरक्षण क्षेत्र एक प्रतिवेदन, नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०६८, पृ. ९ ।

गा.वि.स. क्षेत्ती भन्ने ठाउँमा आएर वसेकोले त्यति वेलादेखि नै यो जात्राको सुरुवात भएको हुनुपर्दछ । ठेकरे बोहराको वंशावली अनुसार राउदको समय एघारौँशताब्दी हुन आउन्छ । जनश्रुति अनुसार सुर्मासरोवरको निर्माण सुर्माभवानीले गरेकी थिइन् । सुर्मासरोवर बझाङ जिल्ला र दार्चुला जिल्लाको सिमानामा पर्दछ । हिमश्रृंखलाहरूको वीचमा अवस्थित यो सरोवर धार्मिक, पर्यटकीय तथा सांस्कृतिक दृष्टिमा अत्यन्त महत्वपूर्ण छ । जनश्रुति अनुसार जब सुर्माभवानी हिमालतिर लागिन र सुर्माको पछि निजेरी भन्ने बैनी पनिसँगै हिडिन् तर सुर्मासँग भाङ्ग्रोको दोचा (जुत्ता) भएकोले हिउमा छिटो छिटो हिड्दै सुर्मा सरोवर निर्माण गरी नुहाइन तर जुत्ता लगाएको निजेरी पछि पुगिन् र सुर्मासंग नुहाउने ठाउँ माग्दा सुर्मासरोवरको तल्लो भाग तिर हिस्सा दिएको र त्यहि नुहाएकोले सुर्मासरोवरको आधाभाग चम्किलो तलाउ भएको र पछाडिको आधाभाग कालो रङ्गको तलाउ भएको किंवदन्ति छ । यसरी यो तलाउ, निर्माण श्रावण औसीदेखि सुरु गरेर पूर्णिमाको दिन सकेको हो । यहाँ पूर्णिमाको दिन पूजाआजा गरि फर्किने चलन छ । चैतमा वर्णन भएको प्रसङ्ग अनुसार पनि पुर्णिमाकै दिन थारको भेष धारण गरेकी सुर्माभवानी बझाङका सिकारीले लखेट्दा यही तलाउमा विलिन भएकी थिइन् । यस जात्रामा मार्मा खण्डेश्वरीबाट जाने तीर्थालुहरूले यस सरोवरमा पहिले पूजा आजा गरेर फर्किए पछि बझाङ तिरबाट  आउने सिकारीको भेषधारी तीर्थालुहरूले पूजा गर्नु पर्दछ । यो सरोवरमा जाने मुख्य दुईबाटाहरूमध्ये एक खण्डेश्वरी क्षेत्ती भएर जाने र अर्को बझाङको देलठौर भएर जाने बाटो छ । सुर्माभवानीको चरित्रको वर्णन सुर्माभवानीको चैतमा गरिएको छ । यहाँ जात्रामान्ने तरिका दिइएको छ । यस सुर्मासरोवर ६५२३ मीटर उचाईमा रहेको छ ।

यो जात्रा खासगरी श्रावण मान्ने औँसीदेखि सुरुहुन्छ । क्षेत्तीगर्खा पुख्र्यौली हुने समुदाय र घाजिर गर्खा पुख्र्यौली हुने समुदायहरूको तीर्थालुहरूले औँसी देखिनै एक छाक मात्र खाएर सुर्माभवानीको व्रत बस्नु पर्दछ । यो ब्रत अन्य समुदायको जो सुर्मासरोवर तीर्थ जान चाहन्छन्, तिनीहरूले पनि वस्न सक्छन् । ती ब्रत बसेका सुर्माभवानीको भक्तहरूलाई वीरे भनिन्छन् । वीरेहरू पनि २ प्रकारका हुन्छन् । पहिलो चोटी ब्रत बसेर तीर्थ जाने भक्तजनहरूलाई वालोवीरे एकपटक गैसकेकाहरूलाई बुढोवीरे भन्ने गरिन्छ । साथै यस जात्रामा सहभागी यात्रुहरूलाई ४ भागमा विभाजन गर्न सकिन्छ ।

१. उबादेशी   २. उनादेशी   ३. जत्तोर   ४. वाइदेशी वा तीर्थालु

यहाँ यसजात्रामा सहभागी क्षेत्तीगर्खा पुर्ख्यौली घर भएका, ठेकरे, बोहरा धामी, वैरे समुदायका यात्रुहरूलाई उवादेशी, घाजीरगर्खाका यात्रुहरूलाई उनादेशी, रोकाया, कार्की तथा खण्डेश्वरी भित्रका यात्रुहरूलाई वाईदेशी भनिन्छ । यस जात्रा अवधिभर लसुन, प्याज, मसूर तथा मासु, रक्सी, जस्ता भोजन वर्जित गरिन्छ । सम्पूर्ण यात्रुहरूको खाने बस्ने व्यवस्था क्षेत्ती र घाजिरका स्थानीय वासिन्दाहरूले गर्ने गर्दछन् । यहाँ क्षेत्ती र घाजिर भन्ने गाउँ सुर्माभवानीको जात्राको प्रमुख थान, तीर्थस्थल हो ।

(क) जात्राको पहिलो दिन

जात्राको वास्तविक सुरुवात मान्ने औसीको दशौँ दिनदेखि सुरु हुन्छ । यो दिनलाई रतेडि भनिन्छ । उवादेशी यात्रीहरू यो दिन क्षेत्तीमा जम्मा हुन्छन् भने उनादेशी, जत्तोर र बाइदेशीहरू घाजिरमा जम्मा हुन्छन् । राती सुर्माभवानीको मण्डपमा जम्मा भएर सबै देवीदेवताहरूको पूजाआजा गरि धामीहरू काम्ने र रङ्गीचंगी गर्ने (रमाइलो गर्ने) अथवा देउधमेउलो गर्ने गरिन्छ । देउधमेउलो सकिएपछि देवी सुर्माभवानीको चैत गाउने चलन छ । त्यसपछि भाडिखेल लगाउने गरिन्छ । साथै विभिन्न भाडिखेल ढुस्को, जगरम गाउने खेल्ने गरिन्छ र विहान भोल्लाउलो गाउने गरिन्छ र वेन्नेली (बिहान) को देउधमेउलो गरि पहिलो दिनको जात्रा मनाइन्छ । वालोवीरे र बुढोवीरे सबैले सुर्मासरोवर जाँदा वीरेलौरो बोक्नुपर्दछ । यो लौरो बुढोवीरे र वालोवीरेको भिन्न भिन्न हुन्छ । उवादेशी तथा उनादेशीले ६ फिट लामो निङ्गालाको लौरा बोक्नु पर्छ र वाइदेशी ४.५ फिटको लौरो बोक्नु पर्दछ । जात्रालाई व्यवस्थित ढङ्गले संचालन गर्न एक जना मुला अथवा जात्राको मूली हुन्छ । त्यसको लौरो ७.५ फिटको हुन्छ । यो लौरालाई लाकुरी लौरो अथवा वीरेलौरो भनिन्छ ।

(ख) दोस्रो दिन

जात्राको दोस्रो दिन घाजिरबाट यात्रुहरू क्षेत्तीसम्म जान्छन् । यो जात्रामा जुत्तालगाउने, छाता ओढ्न मनाही गरिएको हुन्छ । भाङ्ग्रोको दोचा बनाएर लगाउने गरिन्छ । यो दिन वीरेहरू तथा यात्रुहरू ढाको बजाएर चाँहै खेल्दै जाने गर्दछन् । यसमा सबैभन्दा शुरुमा जोला निशाना (झण्डा) त्यसपछि धामी (झाक्री) ढाके, पूजारी, मुला र वीरेहरू पङ्क्तिबद्ध भएर हिड्छन् । यात्रुहरूलाई स्वागत गर्न क्षेत्तीबाट पनि ढाका बजाएर नाच्दै गाउँदै देवीदेवताको जय जयकार गर्दै आउन्छन् र क्षेत्तीको काना ढुँ-ढुँ भन्ने ठाउँमा भेट गर्दछन् । त्यहाँ एउटा रेखा वा (सानु) छ त्यसलाई घाजिर माइती भएका चेलीबेटीहरूले

नाघेरमात्र यात्रुहरू अगाडि आउन पाउन्छन् । त्यस ठाउँमा सुर्माभवानीको छोरा धौलापुर देवताको धामी काम्छन र तिनलाई काँधमा चढाएर स्वागत गर्दै क्षेत्तीको मण्डपमा पुऱ्याउन्छन् । यो राति क्षेत्तीका घर घरमा घाजिरबाट आउने वीरे तथा यात्रुहरूलाई देवीको प्रसाद दिँदै खाना वस्ने व्यवस्था गरेर स्वागत गर्ने गर्दछन् । त्यस राती देवीको मण्डपमा देवीदेवताहरूको चैत, ढुस्को तथा भाडिखेल खेलेर रमाइलो गर्दछन् । युवा युवतीहरू डेउडा खेलेर रमाइलो गर्छन् ।

(ग) जात्राको तेस्रो दिन

यो दिन वीरेहरू सुर्मा सरोवरको यात्रामा हिड्छन् वीरेहरूलाई भवानीको भक्तको रूपमा स्थानीय भेषमा सिङ्गारपटार गरेर बिदाई गर्ने गरिन्छ । बाजा गाजा सहित सम्पूर्ण यात्रुहरूले तीर्थ जाने वीरेहरूलाई अक्षता र पाति चढाएर बिदाई गर्ने गरिन्छ । वीरेहरूलाई आधा बाटोसम्म ढाके, धामी तथा वीरेका लागि सहयोगीहरूले आधा बाटोसम्म पुऱ्याउन्छन् । वीरेहरूले विशेष खाजा लाडुच्यूउडा, साकार गेडी बनाएर लिने गर्दछन् । जाँदा बाटोमा सुर्माभवानीको जयजयकार गर्दै उचेडा गाउने गर्छन । यो यात्रामा मुलाको निर्देशन बमोजिम अगाडि बढ्नु पर्दछ । यात्राको सुरुवात क्षेत्तीबाट हुन्छ र अन्निखाना, धरमघर, लाडुचढाउन, वीरेफट्टा ठडिउल, दुबै हुँदै वीरे ओडारमा गएर बास बस्ने गरिन्छ । यता वीरेहरूलाई बिदाई गरेपछि क्षेत्तीमा विभिन्न देवीदेवताको चैत, भाडिखेल, ढुस्को, डेउडा खेल्ने गरिन्छ भने ढाको बजाएर चाँहै खेल्दै रमाइलो गर्ने गरिन्छ ।

(घ) जात्राको चौथो दिन

यो दिन जात्राको सबै भन्दा महत्पूर्ण दिन हो । वीरेहरू विहानै नदीमा स्नानगरि व्रतबन्ध गर्दै सुर्मासरोवरको यात्रामा हिड्छन् । हात र खुट्टाको साहाराले हिड्दै सरोवरमा पुग्ने गर्दछन् । सुर्मासरोवर पुगेपछि सर्वप्रथम वीरेलौरोहरूलाई जल अर्पण गरेर त्यसपछि सरोवरमा चाँदीको डाँडी, सुनको टिलो तथा आफूसँग लगेका चिना बानाहरू चढाउने गरिन्छ र व्रतवन्ध गर्ने श्राद्ध गर्ने, पिण्डदान गर्ने आदि कार्य गरि देवीको पूजापाठ गर्ने गरिन्छ । त्यसपछि सरोवरको किनार छेउमै देवीको चैत गाउने, भाडिखेल खेल्ने गरिन्छ । त्यसपछि सरोवरलाई बिदाई गर्दै वीरेहरू घर फर्कन्छन् र फेरि त्यही वीरे ओडारमा आएर बास बस्छन् । उता सरोवरमा क्षेत्तीतर्फका वीरेहरूले पूजाआजा गरिसकेपछि बभ्काङ तर्फका

सिकारीको भेषमा आएका तीर्थालुहरूले तालमा भाला फाल्दै पूजा आजा गरि घर फर्कन्छन् ।

(ङ) जात्राको पाँचौ दिन

जात्राको पाँचौ दिन वीरेहरू वीरेओडारबाट विहानै उठेर आउने गर्दछन् र वीरेफट्टो भन्ने ठाउँमा आएर वालोवीरेहरू बीच दौड प्रतियोगिता हुन्छ । यो दौड पहाडमा उकालो दौड्नु पर्दछ । त्यसपछि फूलाभाडी भन्ने ठाउँमा विभिन्न किसिमका फूलहरू टिपेर ल्याउने गरिन्छ । खासगरी बरमकोइला भन्ने सुगन्धवाल फूल टिप्ने गरिन्छ र अग्निखाना भन्ने ठाउँको माला साट्ने बगरमा बसेर वीरेलौरोलाई सुरुमा सिंगार पटार गरेपछि वीरेहरूले आफूले लगाउने माला उनेर लगाउने गरिन्छ । त्यसपछि क्षेत्तीबाट केही सहयोगीहरू र ढाके, धामीहरू बीच बाटोसम्म लिन जान्छन् र साझ क्षेत्तीमा भव्य स्वागतका साथ वीरेहरूलाई घर घरमा भित्र्याउने गरिन्छ र वीरेहरूले गङ्गामाटी (भवानीको प्रसाद) निधारमा लगाइदिने चलन छ ।

(च) जात्राको छैठौं दिन

जात्राको छैठौं दिन सबै तीर्थयात्रु वीरेहरू र यात्रुहरू घाजिर जाने गर्दछन् । यो दिन जात घाजिरमा पुगाउने गरिन्छ । यो दिन पनि सबै वीरेहरू, धामी, पूजारी, ढाके तथा सबै यात्रुहरू बाजा बजाउँदै नाचगान गर्दै, चाँहै खेल्दै घाजिर पुग्ने गर्दछन् । घाजिरबाट पनि भव्य स्वागत गरिन्छ र सुर्माभवानीको मण्डपमा पूजा आजा गरेर घर घरमा खाना खाएर कोही त्यही बस्दछन् भने क्षेत्तीका वीरेहरू, धामी पूजारी तथा यात्रीहरू त्यसै दिन राती क्षेत्ती फर्कन्छन् । भने घाजिरमा रातभरी भाडिखेल डेउडा खेल्दै रमाइलो गर्दै विताउँछन् ।

(छ) सातौं दिन

यो दिन उवादेशी अथवा क्षेत्ती गर्खाका समुदायमा बस्ने वासिन्दाहरूले आफ्नो जेठो छोराको छैठ दिने चलन छ । यो दिन आफ्ना इष्टमित्रहरू वोलाएर भोज खुवाउे चलन छ । त्यसदिन छैठ दिनेले अनिवार्य कालीदेवीको मन्दिरमा बलि दिने चलन छ । किंवदन्ति अनुसार पहिला त्यस मन्दिरमा आफ्नो जेठो छोरा वा छोरीको वलि दिने गरिन्थ्यो तर

अहिले त्यसको सट्टा वोकाको वलि दिने चलन रहेको छ । यस दिन छैठका गीतहरू गाउने चलन छ । यसरी सुर्माभवानीको जात्रा समाप्ति हुने गर्दछ ।

### २.२.२ मालिकार्जुन देवताको जात्रा

दार्चुला जिल्लाको मालिकार्जुन गा.वि.स.मा स्थित शिखर पर्वतमा मालिकार्जुन देवताको स्वयंभूलिङ्ग अवस्थित छ । यो चारैतिर जङ्गलले घेरिएको छ । श्री शिखर स्थित मालिकार्जुनको स्वयंभुलिङ्ग डाँडाको २ -४ मिटर तल पूर्व दिशामा एउटा सानो ओडारमा अवस्थित छ । यस ठाउँमा वर्षको दुई पटक जात्रा हुने गर्दछ । एउटा आषाढ शुक्ल चतुर्दशी र अर्को कार्तिक शुक्ल त्रियोदशीका दिनमा । यसको पूजा वैदिक रीति र स्थानीय परम्परा अनुसार गर्ने गरिन्छ । पूजा कार्यमा मुख्य रूपले पूजारी विष्ट बाहुन, अग्नि होमकर्ता पन्त बाहुन, देवता चल्ने (काम्ने) धामी-जातिका क्षेत्ती हुन्छन् । देवताको लागि शुद्ध जल निसिलका पाल थरिले ल्याउनु पर्ने हुन्छ । पूजाको दिन विहानै शिखर डाँडा भन्दा तलको मड भन्ने गाउँबाट देवताको पूजा सामग्री गौदानको जल समेत लिएर बिहानै भक्तजनहरूमाथि चढ्छन् । यो मन्दिरमा पुग्नको लागि शङ्करपुर पस्ती हुँदै सिमलगैर वजारमा पुग्न सकिन्छ । सिमलगैर बजारबाट ३/४ घण्टा उकालो हिडेपछि मात्र मालिकार्जुन पुगिन्छ । त्यहाँ पुग्नुभन्दा पहिले बाटोमा भौता-मौती भन्ने देव पूजाको ठाउँ छ । जहाँ विन्तेरको रूपमा मडाल टुका धारी धामी बसेका हुन्छन् । यस ठाउँलाई मालिकार्जुनको मुख्य द्वारको रूपमा लिइन्छ । यहाँ नेर यात्रुहरूको लगत राख्ने गरिन्छ । यहाँ धुपबत्ती चढाउँदा विन्तेरहरूले जोरले कराएर फलाना मानिस दर्शन गर्न आएको छ, उसको भलो गर्नु मनको चिताएको पुरा गर्नु भन्दै कराउन्छन् । सो आवाज मालिकार्जुन सम्म पुग्ने भएकोले द्वारपालबाट भक्तजन आएको सूचना दिएको मानिन्छ । यस यात्रामा यात्रुहरूले जुत्ता लगायत छालाबाट निर्मित समान लिन बन्देज लगाएका छन् । त्यसैगरी सबै यात्रुहरूले हातमा लठ्ठी अलि माथि विनायक गणेश भएको ठाउँमा छाड्ने चलन छ । यो जात्रामा नेपालको विभिन्न ठाउँबाट तथा भारतबाट समेत तीर्थालु भक्तजनहरू दर्शनगर्न आउने गर्दछन् । करिब ५ हजारदेखि ८ हजार सम्म भक्तजनहरू आउने गर्दछन् । यहाँको परम्परा अनुसार त्यस राती यस ठाउँमा बस्न नमिल्ने भएकोले सबै जना साँझबास बस्न मड गाउँमा आउने गर्दछन् ।

### २.२.३ लटिनाथ देवताको जात्रा

लटिनाथ देवताको जात्रा दार्चुला जिल्ला लटिनाथ गा.वि.स. अन्तर्गत तलाइमाडौ भन्ने ठाउँमा रहेको लटिनाथको मण्डपमा धुमधामसँग हुन्छ । मार्मा क्षेत्रको जनताको आस्थाको केन्द्रको रूपमा लटिनाथलाई लिने गरिन्छ । त्यसैले यसको जात्रा धुमधामसँग हुने गर्दछ । यस मण्डपमा रिल भन्ने ठाँउका जोशीहरू पूजारीको रूपमा र विष्टहरू धामीको रूपमा चल्ने गरेको पाइन्छ । यसै मण्डपमा लटिनाथसँगै लटिनाथका मामाका छोरा कैलपाल देवताको पनि पूजा गरिन्छ । यस जात्रामा विभिन्न ठाउँबाट भक्तजनहरू दमाहा जस्ता बाजा गाजा लिएर रमाइलो गर्दै आउने गर्दछन् । साथै लटिनाथ देवताको चैत गाउने, झोडो तथा जगरम गाउने गर्दछन् । साथै महिला पुरुषहरू मिलेर भाडि खेल तथा डेउडा खेल खेल्ने चलन पनि रहेको छ । स्थानीयस्तरमा प्रभावशाली देवताको रूपमा हेरिने हुँदा यस जात्रालाई महत्वका साथ हेरिन्छ ।

### २.२.४ महादेव देवताको जात्रा (घुसा)

महादेव देवतालाई स्थानीय भाषामा मादेउ पनि भन्ने गरिन्छ । यस महादेव देवताको जात्रा घुसा गा.वि.स.को घुसाधारमा अवस्थित मादेउमाडौ (महादेवमण्डप) मा हुने गर्दछ । घुसा, खण्डेश्वरी गा.वि.स.का स्थानीय बासीहरू यस जात्रामा सहभागी भएर महादेव देवताको पूजा आजा गर्ने तथा चैत गाउने गर्दछन् । महादेव देवताको चैत, ढुस्को, जगरम यसै जात्रामा गाउने गरिन्छ । साथै राती विभिन्न भाकामा भाडी खेल, डेउडा खेल खेल्ने गरिन्छ । त्यस दिन यात्रुहरू घुसा गाउँका मानिसहरूको घरघरमा गएर खाना खाने र त्यही बस्ने चलन पनि रहेको छ । यसरी महादेव देवताको पूजाआजा तथा रमाइलो गरी दोस्रो दिन यात्रुहरू आआफ्नो घर फर्कने गर्दछन् ।

### २.२.५ नौराता

घटस्थापना देखिको नौरात्रीलाई नौराता भनिन्छ । दशमीको दिन दुर्गाभवानीले दानव माथि विजय गरेको दिनको सम्झनामा विजयादशमी मनाए पनि, हिन्दू धर्मावलम्वीहरूले नवरात्रीलाई विशेष रूपमा लिने गर्दछन् । त्यसै अनुरूप दार्चुला जिल्लामा पनि नवरात्रीको दिन विभिन्न शक्तिपीठहरू देवीदेवताको मण्डप, मन्दिरमा गएर पूजाआजा गर्ने चलन छ । खासगरी भूमिराज देवताको मण्डपमा नौराताको दिन बलि दिने चलन छ । खण्डेश्वरी

गा.वि.स. वार्ड नं.७ मा अवस्थित मैठामण्डपमा,मैठो देवता चल्ने, धामीले जिउँदै बोकालाई दाँतले च्यापेर गव्युरमालगी मारेर रगत खाने गर्दछ । साथै अन्य बोकाहरूलाई स्थानीयले वलि दिएर मार्ने चलन छ । साथै अन्य डाँडावाग, धौलापुर महादेव, सुर्माभवानी, दुर्गा भवानी, लटिनाथ आदि देवी देवताको मण्डपमा विधिपूर्वक पूजा आजा गरि रात्रीको समयमा चैत गाएर भाडी खेल खेल्दै राती बिताउने गर्दछन् । यसरी यस जिल्लामा नवरात्रीको विशेष महत्व रहेको छ । नवरात्रीलाई यहाँ नौराता भनेर चिनिन्छ ।

### २.२.६ बीशु

यो विक्रम सम्बतको पहिलो दिन हो । साथै वसन्त ऋतुको सुरुवात यस दिनबाट हुने भएकोले रमाइलो मौसमको रूपमा यसलाई लिने गरिन्छ । वैशाख १ गते यो पर्व दार्चुला जिल्लामा पनि धुमधामसँग मनाउने गरिन्छ । विभिन्न शक्तिपीठहरू तथा देवीदेवताको मन्दिरमा जम्मा भएर दमाहा, ढाका, ढोलक आदि वाजागाजा बजाउँदै यो पर्व मनाउने गरिन्छ । यसमा भाडिखेल, डेउडाखेल खेल्ने चलन रहेको छ । राम्रो खाने राम्रो लगाउने तथा वर्षको नयाँ काम सुरुवात गर्ने दिनको रूपमा पनि यस दिनलाई लिने गरिन्छ । यसलाई वीशुपर्व भनेर चिनिन्छ ।

### २.२.७ दशैं

दशैं हिन्दूधर्मावलम्बी तथा नेपालीहरूको महान चाडको रूपमा मनाईन्छ । घटस्थापनाको दिनदेखि दशमीसम्म मनाइने यो पर्वमा विभिन्न अन्नको जमरा उमार्ने चलन छ र दशैको दिन जमराकाटी मान्यजनको हातबाट टिका, जमरा लगाउने चलन छ । यस क्षेत्रतिर दशैंको अघिल्लो दिन विभिन्न देवी देवताको मण्डपमा नौराता मनाउने चलन छ । त्यस राती वलि दिने तथा मण्डपमा रोपेको जमरा काट्ने चलन पनि रहको छ ।

### २.२.८ तिहार

तिहार पनि एक महत्वपूर्ण चाड भएकोले यहाँका लोकवासी जनसमुदायमा तिहारको रमझम कोजाग्रत पूर्णिमाको दिन देखिनै हुने गर्दछ । तिहारमा देउसी भैली खेली मनोरञ्जन गर्ने गरिन्छ । लक्ष्मीपूजाको दिन देवी लक्ष्मीको पूजा गर्ने गरिन्छ भने भाइटिकाको दिन

विशेषत : बढी मनाउने गरिन्छ । दिदीबहिनीको हातबाट टिका लगाउन दिदीबहिनीको घरमा जाने चलन रहको छ ।

## २.२.९ गौरा पर्व

भाद्र शुक्ल चतुर्थीदेखि द्वादशी त्रयोदशी सम्म गरी १० -१२ दिन मनाउने गौरा पर्व दार्चुला जिल्लामा पनि धुमधामसँग मनाइन्छ । यसमा शिव र पार्वतीको पूजा गरिन्छ । यो चाड सुदूरपश्चिमाञ्चल क्षेत्रभित्र धुमधामसँग मनाउने गरिन्छ । साथै भारतको कुमाउ गडवाल क्षेत्रतिर पनि यो पर्व मनाउने गरिन्छ । यस पर्वमा महिलाहरूले आफ्नो पति वा परिवारको सुख सम्बृद्धिको कामना गर्दै मनाउने गरिन्छ । यस क्रममा महिलाहरूले व्रत उपवास धार्मिक अनुष्ठान गर्छन् । गौरा पर्वको यही पूजाआजा, व्रत, अनुष्ठान मा महिलाहरूले गाउने गीतलाई गौरागीत भनिन्छ । गौरा पर्वमा मागल, सगुन, फाग, अठवाली, चैत आदि धार्मिक गीत तथा नारी सम्बन्धी डेउडा तथा भाडी खेल गाउने खेल्ने गरिन्छ ।

गौरा पर्वको औसीदेखि चतुर्थीका दिनसम्म नुहाउँदा, विरुडा (गहुँ, भटमास, गहत, मस्याङ, कलाउ) खोज्न जाँदा, नुहाउँदा, वृक्षको पूजा गर्दा, घर फर्कँदा, सप्तमीका दिन डालामा माटाको डल्लाबाट गौराको स्थापना गर्दा, त्यसलाई टाउकोमा राखी घुमाउँदा, गौरा घरमा भित्र्याउदा र त्यहाँ गौराकी सौता सन्जासँग मिलाउँदा तथा अष्टमीका दिन पूजा आजाका साथ गौराको विदाई गर्दा मागल फाग, सगुन, चैत आदि गीत गाउने गरिन्छ ।

## २.२.१० माघे-संक्रान्ति (नलहरि तिहार)

माघेसंक्रान्तिलाई नलहरि तिहार भनेर पनि चिन्ने गरिन्छ । त्यस दिन विहानै नुहाएर भान्जाभान्जी तथा ब्राह्मणहरूलाई दान दक्षिणा दिने गरिन्छ । तिलको लड्डु, तरुल, बुङा, लाउन बाबर, खीर आदि खाने गरिन्छ । त्यसदिन गुँरासको डाली काटेर घरमा पूजा गर्ने चलन पनि रहेको छ । साथै साँझ पकाएको लाउन विहान कागलाई दिने चलन पनि यस पर्वमा रहेको छ । यो पर्वमा चेलिबेटीहरू माइतमा आएर दिदी वहिनीहरूसँग रमाइलो गर्ने दिनको रूपमा पनि लिइन्छ ।

यसका साथै यो जिल्ला धार्मिक अनुष्ठानको रूपमा न्वारन, छैठी, प्रतिष्ठा घरको, कथा लगाउने, पितृ श्राद्ध जस्ता अनुष्ठान गर्ने गरिन्छ । साथै सौका समुदायदायमा ध्युउला पर्व विशेषगरी मनाइन्छ । त्यसैगरी गब्लाचाड पनि यस समुदायले मनाउने गर्दछन् ।

यस जिल्लामा मनाइने अन्य चाडपर्वहरूमा, होरी, श्रीपञ्चमी, पुसे-पन्ध्र, जन्माष्टमी, नागपञ्चमी, साउनेवली (साउने-संक्रान्ति) आदि चाडपर्वहरू धुमधामसँग मनाउने गरिन्छ ।

# परिच्छेद : तिन

# नेपाली लोकसाहित्य, लोकगाथा र चैतको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्य

### ३.१.१ परिचय

लोक अथवा जनताको साहित्यलाई लोकसाहित्य भनिन्छ । बेनामी रचनाकारद्वारा रचिएको लोकहरूको मौखिक कथ्य परम्पराद्वारा परम्परित तथा एक पुस्ताबाट अर्को पुस्तामा परिस्कृत, परिमार्जित हुदै अथवा थपघट हुदै हालसम्म रहि आएको परम्परागत साहित्य हो । यसरी परापूर्व कालदेखि जनताहरूको सुःख दुःखमा सधैंभरि साथ रहने साहित्यिक अभिव्यक्तिको रूपमा परिचित भाषिक लोक परम्परालाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य लोक र साहित्य दुई शब्द मिलेर बनेको छ । लोक शब्दको व्युत्पत्ति लोक दर्शने धातुमा घञ् प्रत्यय जोडेर भएको हो । लोकदर्शने धातुको शब्दार्थ हेर्नु, देख्नु हुन्छ ।[१] शब्दकोषहरूमा लोक शब्दका मुख्य दुई सन्दर्भगत अर्थ (स्थान र जन) दिइएको पाइन्छ । स्थान शब्दार्थलाई हेर्दा मृत्युलोक पृथ्वीलोक, स्वर्गलोक आदि र जनशब्दार्थलाई हेर्दा लोक धर्म, लोक कल्याण, लोक विश्वास हुन आउन्छ ।[२] यसरी लोक शब्दको प्रयोग प्राचीन काल देखिनै रहिआएको कारण लोकसाहित्य प्राचीन जनताहरूको साहित्य हो भन्ने कुराको पुष्टि हुन आउन्छ । लोक साहित्थ्यको अङ्ग्रेजी समानार्थी शब्द Folk Literature हो भने लोकको सामानार्थी Folk हो । अङ्ग्रेजीको Folk शब्द एङ्लो सेक्सन शब्दबाट व्युत्पत्ति भएको शब्द हो ।[३] यसको सामान्य अर्थ ग्रामीण, असंस्कृत र अशिक्षित जाति भन्ने हुन्छ । तर यसको व्यापक अर्थ हेर्ने हो भने सभ्य देशका सबैजना भन्ने अर्थ समेत दिन्छ । यसरी सभ्यताबाट टाढा भन्ने अर्थ वहन गर्ने Folk शब्द नेपालीको लोक शब्दसँग नजिक भएको कारण यो परम्परादेखि आएको साहित्यलाई संवोधन गर्दा परम्परागत वा सभ्यता भन्दा टाढा भन्ने अर्थ आएको हुनु पर्दछ ।

यसरी परम्परादेखि चलि आएको लोकहरूको आफ्नो समुदाय अनुसारको परम्परित साहिन्य नै लोकसाहित्य हो ।

---

[१] प्रा. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. १२ ।

[२] ऐजन पृ. १३ ।

[३] कपिलदेब लामिछाने, **नेपाली लोकगाथाको अध्ययन** (साझा प्रकाशन, २०६४), पृ. ३ ।

### ३.१.२ लोकसाहित्यको परिभाषा

लोकसाहित्य खासगरी लोकहरूको आफ्नो साहित्य हो । मौखिक कथ्य परम्पराका माध्यमबाट पुस्ता पुस्ता सर्दै आएको गीत, कविता, कथा, उखान, टुक्का, गाथा, गाउँखाने कथा आदिको  समष्टिलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यको परिभाषालाई दुईचार शब्दमा समेट्न गाह्रो भएपनि विभिन्न विद्वानहरूले लोकसाहित्यको व्याख्या गर्दा आ-आफ्नो मत व्यक्त गरेका छन् । यी परिभाषाले लोकसाहित्यलाई बुझ्न सजिलो हुने हुँदा यहाँ केही महत्वपूर्ण परिभाषाहरू उल्लेख गरिएका छन् ।

लोकसाहित्य भनेको मुख्यत : अपठित समुदायको मौखिक रूपमा व्यक्त लोकज्ञान हो । यस अन्तर्गत लोकसाहित्यको उत्पत्ति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरू (लोकगीत, लोकगाथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि) को अध्ययन, र सङ्कलन दुबै पर्छन ।[४]

लोक समाजको त्यो वर्ग हो जो आभिजात्य  संस्कृत शास्त्रीयता र पाण्डित्यको चेतना तथा अहंकार शून्य हुन्छ र जो एक परम्पराको प्रवाहमा जीवित रहन्छ यस्तो लोकको साहित्य नै लोकसाहित्य हो ।[५]

लोक व्यवहारमा लोकहितका निम्ति, लोकभाषा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । [६]

लोकज्ञान वा लोक भावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्तिविशेषको नभई अपठितहरूबाट सामुहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखानेकथा, उखान, टुक्का मन्त्र आदि विधाका रूपमा अभिव्यक्तहुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।[७]

यसरी माथिका परिभाषालाई अध्ययन गर्दा लोकसाहित्यको अभिलक्षणहरू समेटेको पाइन्छ । त्यसैले लोकसाहित्यको परिभाषाले लोकसाहित्य के हो भन्ने कुरा बुझ्न सजिलो भएको देखिन्छ ।

---

[4] मोहनराज  शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ. १४ ।

[5] चुडामणि बन्धु, नेपाली लोकसाहित्य, काठमाडौं : एकता बुक्स डिष्ट्रिव्युटर्स,  २०५८, पृ. ११

[६] ऐजन् ।

[७] मोहनराज  शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १५ ।

यहाँ विद्वानहरूको भनाइबाट के बुझिन्छ भने लोकसाहित्य भनेको लोकहरूले परम्परादेखि नै आफ्नो समुदायको विशेषताहरूलाई परम्परित गर्दै जीवनका सुखदुःख बिसाउने चौतारीको रूपमा विकसित भएको सबैभन्दा जेठो साहित्य भन्न सकिन्छ ।

### ३.१.३ लोकसाहित्यको विशेषता

कुनै विषयवस्तुमा पाइने खास गुणलाई त्यसको विशेषता भनिन्छ । लोकसाहित्यको पनि आफ्नै विशेषताहरू रहेका छन् । लोकसाहित्यलाई चिनाउने प्रमुख विशेषताहरू निम्न लिखित छन् ।

१. लोकज्ञान तथा लोकअनुभव

लोकसाहित्यको विषयवस्तु आफ्नै जनसमुदायको ज्ञान र अनुभवमा आधारित छ । लोकजनहरूले कालक्रममा सञ्चित गरेका विविध खाले  ज्ञान अनुभवहरू यसले संगालेर राखेको हुन्छ । जीवनदर्शनदेखि जनविश्वससम्म संस्कृतिदेखि अन्ध प्रचलनसम्म यसमा कलात्मक ढङ्गले समेटिएका हुन्छन् । यसरी लोकज्ञान र अनुभवको खानी हुनु लोकसाहित्यको प्रमुख विशेषता हो ।

२. अज्ञात रचनाकार

लोकसाहित्य कुनै व्यक्तिविशेषको रचना नभएर यसको रचनाकार अज्ञात हुन्छ । अथवा सामुदायिक रूपमा समुदायको सिर्जनाको रूपमा यसको विकासभएको पाइन्छ । यसमा सबै भावनाले ठाउँ पाउने हुँदा यसलाई लोककै सहसिर्जना मान्नु उपयुक्त हुन्छ । यसैले यसमा सामुहिक रचनाकारिता प्रवल हुने भएकोले यसको रचनाकार अज्ञात हुन्छ ।

३. श्रुतिपरम्परमा आधारित

लोकसाहित्य श्रुतिपरम्परामा आधारित हुन्छ । लोकसाहित्य भन्ने र सुन्ने परम्पराबाट जीवित रहन्छ । यो एक पुस्ताबाट अर्को पुस्तामा कानबाट सुनेर सर्दै जाने भएकोले यसलाई श्रुतिपरम्परा भनिएको हो । परम्पराबाट पालित पोषित कुराहरूलाई यसले अघिबढाउँछ र त्यसलाई समयानुकुल उर्जा थपेर गति प्रदान गर्दछ ।

४. अपठितहरूको सिर्जना

लोकसाहित्य अपठितहरूको समुदायबाट विकास भएको साहित्य हो । त्यसैले यसलाई अपठितहरूको सिर्जना भन्ने गरिन्छ । परापूर्वकालमा साक्षरहरूको सङ्ख्या कम भएको र अल्पसाक्षर तथा असाक्षरहरूको वाहुल्यताको कारण पनि मौखिक रूपमै त्यस्ता साहित्यको सिर्जना भएको हुन्छ । तिनै मौखिक साहित्यहरू नै त्यस वेला बढी प्रचलित र लोकप्रिय भएकोले यस लोकसाहित्य अपठितहरूको सिर्जनाको रूपमा लिन सकिन्छ ।

५. संरचनागत सरलता

लोकसाहित्यको संरचना र अभिव्यक्ति दुवै सरल हुन्छ । यस भित्र विद्यमान स्वतः स्फुर्तता र हार्दिकताका कारण यो सहज र स्वाभाविक हुन्छ । यो सामान्य लोकको अभिव्यक्ति भएकोले अजटिल भएको हो । यो अजटिल संरचना भएको कारण जनजनको मनमा ढुकढुकी बनेर रहेको हुन्छ ।

६. निरन्तर गतिशिलता

लोकसाहित्य एक गतिशील साहित्य हो । यो समयक्रमसँगै परिवर्तित र परिस्कृत बनेर अघि बढीरहन्छ । यो श्रुतिपरम्पराबाट पुस्तौ पुस्ता सर्दै आउने हुँदा यसमा समयक्रम थपघट भै रहन्छ । यसको मुल स्वरूप परिवर्तन नभएपनि समयक्रमका घटनाहरू जोडिदैं समयानुकुल प्रभाव यसमा देखिन्छ । यसरी लोकसाहित्यको अर्को प्रमुख विशेषताका रूपमा गतिशील साहित्यको रूपमा चिनिनु पनि हो ।

७. लोकप्रियता

लोकप्रियहुनु यसको आफ्नै मौलिक विशेषता हो । लोक समुदायको जिब्रोमा झुण्डिन सक्नु र जनमनमा बाँसवस्नु यसको लोकप्रियताको उदाहरण हो । यो सरल भएकोले पनि सजिलै मानिसको स्मृतिमा बस्न सक्दछ । यो स्वत : स्फूर्त हुने हुँदा यो सबैको सामुहिक अनुभूति बनेको हुन्छ । अधिकांश जनसमुदाय यसलाई माया गर्ने हुँदा यो अत्यन्तै लोकप्रिय भएर रहेको हुन्छ ।

### ३.१.४ लोकसाहित्यको प्रयोजन

लोकसाहित्यको उद्देश्य नै यसको प्रयोजन हो । कुनै पनि कार्यको पछाडि कुनै न कुनै प्रयोजन रहेको हुन्छ । खासगरी लोकसाहित्यको प्रयोजन के हो ? लोकसाहित्य रचिनुको उद्देश्य के थियो ? भन्ने कुराको अर्थ खोज्दै जाँदा यसको प्रयोजनलाई यसरी उल्लेख गर्न सकिन्छ ।

१. मनोरञ्जन

लोकसाहित्यको प्रमुख उद्देश्य लोकजन वा जनसमुदायहरूलाई मनोरञ्जन प्रदान गर्नु नै हो । पहिले पहिले मनोरञ्जनका अन्य साधन र श्रोत नहुँदा आफ्नो कामबाट थकित भएका मानिसहरू मेलापात गर्दा मनमा लागेका वीरह व्यथाहरू सुखदुःख विसाउने माध्यमको रूपमा लोकसाहित्यलाई लिने गरिन्छ ।

२. शिक्षा र उपदेश

लोकसाहित्यको माध्यमबाट नैतिक, व्यवहारिक ज्ञानवर्द्धक, जीवनउपयोगी शिक्षा प्रदान गर्ने गरिन्छ । विभिन्न कथाहरूबाट मान्छेलाई नैतिक चरित्रवान बनाउन मद्दत गर्दछ । गाउँखाने कथा, उखान, टुक्काबाट बौद्धिक विकासमा मद्दत गर्दछ । विभिन्न लोकगाथाले मान्छेको व्यवहारिक जीवन उपयोगी कार्यमा सहयोग गर्दछ । यसरी लोकसाहित्यको अर्को उद्देश्य शिक्षा र उपदेश प्रदान गर्नु पनि हो ।

३. लोकमङ्गल

सबैको साझा हितलाई लोकमङ्गल वा लोक कल्याण भनिन्छ । लोकसाहित्यको सिर्जना वाल, बृद्धा, युवा, युवति, सबैका लागि गरिन्छ । सबैको भलो हुने तथ्य प्रसङ्ग, सन्दर्भ आदिले विशेष स्थान पाउन्छ । यसरी सही मार्गनिर्देश गरेर आफ्नो मङ्गलकारी वा लोककल्याणकारी उद्देश्य पुरा गर्दछ ।

४. यथार्थको प्रकटीकरण

लोकसाहित्यको अर्को उद्देश्य तत्कालिन घटना वा परिवेशको यथार्थताको प्रकटीकरण पनि हो । जनसमुदायको यथार्थ जीवन भोगाइको अभिव्यक्तिको रूपमा लोकसाहित्य चिनिने गरिन्छ । त्यसैले लोकसाहित्यलाई समाजको वास्तविक ऐना पनि

भनिन्छ । यसले सामाजिक यथार्थको छवि जति सहज र सजीव  ढङ्गले उतारेको हुन्छ । त्यति नै लोकप्रिय बनेको पनि हुन्छ । समाजका जनविश्वास, अन्धविश्वास रीतिथिति क्रियाकलाप, चालचलन, रहनसहन, संस्कृति, जीवन लवाइखवाइ आदिको सच्चा प्रतिविम्ब लोकसाहित्यमा झल्किन्छ ।

### ३.१.५ लोकसाहित्यको विधागत वर्गीकरण

निरन्तर गतिशील र परिवर्तनशील लोकसाहित्यको क्षेत्र जति व्यापक छ, त्यत्ति नै यसलाई बुझ्न कठिन पनि । लोकसाहित्य कुनै साहित्य सिद्धान्त अनुरूप रचना नगरिने भएकोले यसको विधागत वर्गीकरण गर्न पनि कठिन मानिन्छ ।  कुनै पनि साहित्यको विधागत वर्गीकरण गर्दा त्यसको तत्वहरूको आधारमा वर्गीकरण गर्ने गरिन्छ । लोकसाहित्यको वर्गीकरण देश विदेशका थुप्रै विद्वानहरूले आ आफ्नो तथ्य र तर्कका आधारमा गरेका छन् । लेखक धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यको विवेचना भन्ने पुस्तकमा लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान टुक्का र विविध गरी सातओटा विधाको चर्चा गरेका छन् ।

चुडामणि बन्धुले आफ्नो नेपाली लोकसाहित्य अध्ययनग्रन्थमा विधासिद्धान्तको चर्चा गर्दै नेपाली लोकसाहित्यलाई, लोकगीत, लोककथा, लोककविता, लोकगाथा, लोकनाटक, पहेली, उखान, टुक्का जस्ता विधाहरू देखाएका छन् । भेरी लोकसाहित्यका संकलक पूर्णप्रकाश नेपाल यात्रीले लोकगीत, लोकगाथा, लोककथा, लोककाव्य लोकन्याय, प्रहेलिका जस्ता विधाको चर्चा गरेका छन् । यसैगरी भारतीय लोकसाहित्यविद कृष्णदेव उपाध्यायले, लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक र लोकसुभाषित गरी लोकसाहित्यको पाँच विधाको उल्लेख गरेका छन् । विद्वानहरूका यी वर्गीकरणलाई हेर्दा नेपाली लोकसाहित्यको विधागत वर्गीकरण यसरी गर्न सकिन्छ :

१. लोकगीत

लोकलयात्मक, गेयात्मक भाषिक अभिव्यक्ति नै लोकगीत हो । लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत  भनिन्छ । थोरै शब्दमा मार्मिक भावको तीव्र अभिव्यक्ति हुने हुनाले लोकगीत सर्वाधिक लोकप्रिय हुन्छ । विशेषत : वनपाखा जाँदा, घाँस

दाउरा जाँदा, ढिकी जातो गर्दा, चाडपर्व, पूजाआजा गर्दा  वा विभिन्न संस्कारमा पनि लोकगीत गाउने गरिन्छ ।

२. लोककविता

लोक समुदायले पहिले देखिनै सुन्दै सुनाउदै आएको पद्यात्मक लोक रचनालाई लोककविता भनिन्छ । विभिन्न लयमा लोकसमुदायले परम्परादेखि प्रयोग गर्दै आएका लयात्मक रचनाहरू जस्मा लोकलय हुन्छ वा स्वच्छन्द विशिष्ट लय हुन्छ । लोककवितालाई गाउने पनि गरिन्छ तर गीत जस्तो गेयात्मकको अभाव रहन्छ ।

३. लोकगाथा/लोक काव्य

कथा सहितको लोकगीतलाई लोकगाथा भनिन्छ । यसमा गीतको तीव्रता र कथाको प्रवाहशीलता रहेको हुन्छ । अङ्ग्रेजीमा यसलाई Ballads भनिन्छ । विषयवस्तुका दृष्टिले लोकगाथा वीरगाथा वा ऐतिहासिक गाथा, भक्तिगाथा वा धार्मिक गाथा प्रेमगाथा गरी विभिन्न प्रकारका हुन्छन् । यसरी स्वच्छलोकभावले परम्परागत रूपमा कथात्मक श्रृङ्खलामा विशिष्ट लयात्मक अभिव्यक्ति पाएको लोक रचना लोकगाथा हो भन्न सकिन्छ ।[८]

४. लोकनाटक

समाजमा परम्परादेखि श्रव्य, दृश्यका माध्यमबाट प्रस्तुत गरिने अभिनेयात्मक प्रस्तुति नै लोकसाहित्य हो । गीत, नृत्य, सङ्गीत, संवाद, हाउभाउ, वा अभिनयले लोकनाटक प्रभावकारी हुन्छ । यसमा कुनै शास्त्रीय नियम नभएपनि यसका आफ्नै नियमहरू रहन्छन् । यिनले कुनै घटनामुलक कथावस्तु लिएका हुन्छन् । यसमा आफ्नै मौलिक प्रकारको मञ्च, संवाद, पात्र भेषभूषा वा वाध्यवादन आदिको प्रयोग गरिने हुँदा, जहाँ त्यही प्रस्तुत गर्न सकिँदैन । त्यसैले यो लोकसाहित्यको अन्य विधा भन्दा फरक छ ।

५. लोककथा

लोककथालाई दन्त्यकथा पनि भनिन्छ । लोकजीवनमा परम्परादेखि सुन्दै  सुनाउँदै आएको आख्यान नै लोककथा हो । यसलाई लोकहरूले मौखिक अभिव्यक्तिद्वारा अभिव्यक्त

[८] ऐजन्, पृ. १२ ।

गर्ने भएकोले दन्त्ये कथा पनि भनिन्छ । यो लोकगीत भन्दापनि बढि प्रचलनमा रहेको पाइन्छन् । खासगरी  रहस्यात्मकता, पौराणिकता, नैतिकता, आदर्शवादी, तथा हर्रर हुनु लोककथाको विशेषता हुन् । पौराणिक कथा, दन्तेकथा नीतिकथा, परीकथा आदि पनि लोककथा भित्रै पर्दछन् ।

६. गाउँखाने कथा

नेपाली लोक जीवनमा गाउँखाने कथाको विशिष्ट भूमिका छ । यो लोकसाहित्यको वौद्धिक व्यायामको विधाको रूपमा पनि चिनिन्छ । ख्याल ख्यालमै गाउँखाने कथाको सुरुवात हुन्छ । एउटाले समस्या राख्दछ भने अर्कोले फुकाल्दछ । यदि समस्या फुकाउन वा समाधान गर्न सकेन भने एउटा गाउँ दिनुपर्छ । त्यसपछि समस्या राख्नेले नै त्यसको उत्तर दिन्छ । गाउँ घरमा आजभोलि पनि मनोरञ्जनको रूपमा यो भन्ने चलन छ । त्यसैले लोकसाहित्यको मनोरञ्जनपूर्ण एउटा बौद्धिक कसरतको रूपमा यो गाउँखाने कथा विधा परिचित छ ।

७. उखान

उखान शब्द संस्कृतको उपख्यान शब्दबाट विकसित भएको शब्द मानिन्छ । उखानमा लोकका अनुभव, ज्ञान र व्यवहारको सार भरिएको हुन्छ । लोक जीवनबाट परिस्कृत अनुभव र विवेकद्वारा खारिएका शाश्वत चिन्तन परक उक्ति नै उखान हो ।[९] अनुभवसिद्ध ज्ञान, जातीय जीवनको सत्य, सर्वभौम र सर्वकालिक तथ्य, सङ्क्षिप्तता र सरलता, जीवन्तता र लोकप्रियता उखानका विशेषता हुन् । उखान काव्यात्मक छोटोछरितो वा सुत्रात्मक सङ्ख्या भएको कथन हो । यसको प्रयोग वोलाईको वीच वीचमा गरिन्छ र आफ्नो भनाइलाई प्रभावकारी बनाइन्छ ।

८. टुक्का

खासखास पदहरू मिलेर बनेको लाक्षणिक अर्थ बुझाउने पदावली  हो । यसले वाक्यार्थ भन्दा व्यग्लै लक्ष्यार्थ बुझाउने गर्दछ । टुक्कामा आएका पदहरू अपरिवर्तनीय

[९] ऐजन्, पृ. १४ ।

हुन्छन् । कुनैपनि भाषामा टुक्काको प्रयोग रुढ अर्थमा  हुन्छ ।[10] टुक्काले सामाजिक, आर्थिक, सांस्कृतिक र मानसिक स्थितिलाई बुझाउँछ । टुक्का पनि आफैमा पूर्ण हुँदैन । वाक्यमा प्रयोग गरेपछि यसको सार्थकता हुन्छ ।

## ३.२ लोकगाथा

### ३.२.१ परिचय

लोकगाथा गीतमा भनिएको कथा हो । लोकगीतमा आख्यान तत्व थपिएर केही लम्बिएपछि गाथा बन्दछ । गाथाको अङ्ग्रेजी सामानार्थी शब्द Ballad हो । Ballad शब्द नाच्नु  भन्ने अर्थ बुझाउने ल्याटिन तथा इटालेली शब्द Ballare बाट ब्यूत्पन्न भएको हो Ballad को आधारभूत अर्थ नाच्नु हो ।[11] त्यसैले Ballad को मूलअर्थ नृत्यका साथ गीत गाउनु भन्ने हुन्छ ।

लोकगाथामा लोक अभिव्यक्ति, गीतिमयता र कथात्मकता सन्निहत छ । गाथाले कथात्मकगीत भन्ने कुराको वोध गराउँछ । त्यसैले कथा र गीत दुबै हुने लोक विधालाई लोकगाथा भनिन्छ । गोकगाथा प्राचीन कालदेखि परम्परित हुँदै आएको देखिन्छ । पूर्विय साहित्यमा गाथा शब्द प्राचीन कालदेखि प्रचलनमा आएको देखिन्छ । ऋग्वेदमा यज्ञ गर्दा गाइने गीतलाई गाथा भनिएको छ । उपनिषद, पुराण, रामायण, महाभारतहरूमा गाथा गाइएको प्रसङ्ग पाइन्छन् । पश्चिममा पनि गाथा गाइएको पाइन्छ । होमरका प्राचीन महाकाव्यहरू इलियाड र ओडिसी प्राचीन लोकगाथामा आधारित छन् । [12] वास्तवमा गाथा "गायन" र "कथा" को योगबाट बनेको शब्द हो । जो लोकगाथाको स्वरूप र संरचनालाई बुझाउन्छ । लोकगाथालाई राजस्थानी लोकगीतका लेखक-सूर्यकिरण पारिकले गीतकथा भनेका छन् । यसलाई अङ्ग्रेजीमा ब्यालेड भनेजस्तै रसियन भाषामा बिलिना, डेनिस भाषामा वाइज, युक्रेनमा डुमी, सर्वियन भाषामा पेस्मी, जर्मनीमा व्होक स्लाडर, डेनमार्कमा फोके वाइजर र स्पेनमा रोमेनकेरो भनिन्छ । त्यसैगरी महाराष्ट्रमा यसलाई पँवडा भनिन्छ ।[13] तर अधिकांश भारतीय र नेपाली लोकसाहित्यकारहरू यसलाई लोकगाथा नै भन्न रुचाउन्छन् । नेपाली लोकसामुदायले परम्परागत रूपमा प्रसारित कथात्मक गेयात्मक यस्तो

---

[10] ऐजन्, पृ. १५ ।

[11] ऐजन्, पृ. १५५ ।

[12] कपिलदेव लामिछाने, पूर्ववत्, पृ. १६ ।

[13] ऐजन्, पृ. १७ ।

विधालाई लोकगाथा नभनी ठाउँ, विषय र प्रकृतिअनुसार चैत, चाँचरी, कर्खा, धमारी, पैकेलो, सवाई, घाटु, सोरठी, संगिनी, आदि भन्दै आएका छन् । [१४]

## ३.२.२ लोकगाथाको परिभाषा

लोकगाथाको परिभाषालाई सीमित घेराभित्र बाँध्न कठिन भएतापनि विभिन्न प्रसङ्ग र सन्दर्भमा देश विदेशका विद्वानहरूले दिइएको परिभाषा यहाँ उल्लेख गरिएको छ ।

लोकगाथा कथामा भनिएको गीत हो । अथवा अर्को दृष्टिकोणमा भन्नुपर्दा लोकगाथा भनेको गीतमा भनिएको कथा हो । -जी.एल. किट्रिज

लोकगाथाको सृष्टि साहित्यको सृष्टि भन्दा पहिले भएको हो, अझ वर्णमालाको सृष्टि भन्दा पनि पहिले हो र यो अनुश्रुतिको अङ्क हो तथा निरक्षर जनताको सम्पत्ति हो । -फ्रेन्क सिजविक

लोकगाथा प्रगीतात्मक आख्यान हो ।- हैजलिट

लोकगाथा अज्ञात रचयिताद्वारा रचिएको त्यस्तो धुरी हो, जसमा गेयतासँगसँगै कथात्मकताको पनि निर्वाह हुन्छ । यसको प्रचार प्रसार मौखिक रूपमा जनसाधारणद्वारा हुन्छ । - सत्यव्रत सिन्हा

गीत, कथा र लोकभावनाको त्रिवेणी नै लोकगाथा हो ।- जीवेन्द्रदेव गिरी

लोकगाथा लोकसाहित्यको त्यो प्रकार हो, जसमा गेयताका साथै कथानकको प्रधानता रहन्छ । - हिन्दी साहित्यकोश

परम्परादेखि लोकले मुखमुखै गाउदै आएको, नृत्य र कथात्मकता समेत विद्यमान रहेको, राष्ट्रिय गौरव वा वीरचरित्र र महत्वपूर्ण घटनाको बखान गर्ने श्रृङ्खलावद्ध विशेष गीत लोकगाथा हो । [१५]

कुनै प्रसङ्ग वा घटनावलीको मौखिक अथवा श्रृतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अज्ञात रचनाकारको आख्यानात्मक गीति संरचनालाई लोकगाथा भनिन्छ । [१६]

---

[१४] ऐजन् ।

[१५] नेपाली बृहत शब्दकोष, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०४०, पृ. ११८८ ।

[१६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १५५ ।

यसरी लोकगाथाको परिभाषालाई केलाएर हेर्दा गीतमा कथा हुनु, मौखिक परम्परामा प्रसार हुनु, रचनाकार अज्ञात हुनु, लोक समुदायले उपयोग गर्नु, लोकसंस्कृति र लोक अनुभूतिको संवाहन गर्नु लोकगाथाको परिचायक हुन् । लोकगाथा सामुहिकरूपमा उपयोग गरिन्छ । सामान्यतया यसको आयाम र आकार बृहत नै हुन्छ । चैत, ढुस्को, धमारी, चाँचरी, सङ्गिनी आदि नेपालीमा उपलब्ध लोकगाथा हुन् । लोकगाथामा लोककथा र लोकनाटकमा जस्तै आख्यान वा कथानक हुन्छ । लोककथाको जस्तै प्रवाह, नाटकको जस्तै अभिनय, गीतको गेयता र कविताको कवितात्मकता जस्ता गुणहरू लोकगाथामा पाइन्छ ।

### ३.२.३ लोकगाथाका विशेषताहरू

लोकगाथा लोकसाहित्यको विशिष्ट विधा हो । त्यसैले यस विधाको खास खास आफ्नो विशेषता रहेको पाइन्छ । यिनै खास विशेषता भएको कारण लोकगाथाले आफ्नो भिन्नै पहिचान बनाएको देखिन्छ । लोकसाहित्यको अध्ययन गर्ने विभिन्न विद्वानहरूले यसका विशेषतामाथि चर्चा गरेका छन् ।

**राबर्ट ग्रेब्स** [१७]

१ अज्ञात रचनाकार,

२ प्रमाणिक मूलपाठको कमी,

३ सङ्गीत तथा नृत्यको साहचर्य र सहयोग,

४ स्थानीयताको गन्ध,

५ मौखिक परम्परा,

६ अलंकृत शैलीको अभाव,

७ उपदेशात्मक प्रवृत्तिको अभाव रचनाकारको व्यक्तित्वको अभाव,

८ रचनाकारको व्यक्तित्वको अभाव,

९ दीर्घ कथानकको विद्यमानता,

१० टेक पदको पुनरावृत्ति,

११ इतिहासको सन्दिग्धता ।

---

[१७] कपिलदेव लामिछाने, पूर्ववत्, पृ. २४ ।

**धर्मराज थापा र सुवेदी**[१८]

१ गीतको साथै नृत्यमय हुनु,

२ मौखिक र रचनाकार अज्ञात हुनु,

३ सङ्क्षिप्त, सरस र सरल हुनु,

४ गीतको चरण बारम्बार दोहरिनु,

५ गौरवगाथा हुनु ।

**जीवेन्द्रदेव गिरी**[१९]

१ मौखिक परम्परा,

२ प्रमाणिक मूलपाठको अभाव,

३ रचनाकारको अज्ञात अवस्था,

४ सङ्गीतात्मकता,

५ पुनरावृत्ति,

६ स्थानीयता,

७ उपदेशात्मकताको अभाव,

८ सङ्क्षिप्तता,

९ मङ्गलपुकार,

१० काव्यशास्त्रीय विशिष्टताको अभाव ।

**चुडामणि बन्धु**[२०]

१ मौखिक परम्परामा जीवित रहनु,

२ एउटाबाट अर्कामा सर्दै समाजमा जीवित रहनु,

३. रूप परिवर्तन भइरहनु,

४. स्थान र प्रकृति, जीवनपद्धति र व्यवहारको चित्रण हुनु,

५ ऐतिहासिकता बोकेर पनि कल्पना र अतिरञ्जनालाई स्थान दिनु,

६. कथालाई गीतमा प्रस्तुत गर्नु ।

---

[१८] ऐजन् ।

[१९] ऐजन् ।

[२०] ऐजन् ।

माथि उल्लेखित विद्वानहरूका परिभाषाहरूलाई अध्ययन गर्दा लोकगाथाका विशेषताहरूलाई निम्न बमोजिम केलाउन सकिन्छ । लोकगाथाका मुख्य विशेषताहरूमा मौखिकता र पारम्परिकता, सामुहिकता, परिवर्तनशीलता र गतिशीलता, सरलता र स्वच्छन्दता रचनाकारको अज्ञानता, कथात्मकता र गेयात्मता, सन्दिग्ध ऐतिहासिकता, पद पदावली र चरणको पुनरावृत्ति, जस्ता विशेषताहरूलाई प्रायजसो विद्वानहरूले उल्लेख गरेका छन् । यीनै विशेषता बोकेका विभिन्न किसिमका लोकगाथाको प्रचलन नेपाल लगाएत विश्वभरीमा पाउन सकिन्छ ।

## ३.२.४ लोकगाथाको वर्गीकरण

लोकगाथाको वर्गीकरण भिन्न देशमा भिन्न तरिकाले गरिन्छ । आ-आफ्नो भाषा, संस्कृति तथा रहनसहनको आधारमा एउटै देशभित्र पनि विभिन्न प्रकारका लोकगाथाहरू पाइन्छन् । लोकगाथा प्रस्तुतिको आधारमा, विषयवस्तुको आधारमा, कथाश्रोतको आधारमा भिन्न भिन्न छन् । कुनै नाच्दै गाउँदै प्रस्तुत गरिन्छ भने कुनै गाएर मात्र प्रस्तुत गरिन्छ । कुनैमा बाजा चाहिन्न कुनैमा बाजा नभएर हुँदैन । यहाँ विभिन्न विद्वानहरू लोकगाथाको वर्गीकरण सम्बन्धी आआफ्ना दृष्टिकोणहरू दिएका छन् ।

**जी. एल. किट्रिजको वर्गीकरण**

(क) चारण गाथा

(ख) परम्परागत गाथा

**गुमरको वर्गीकरण**[२१]

(क) प्राचीनतम गाथा

(ख) नातागोताका गाथा

(ग) शोकमूलक र अतिप्राकृतिक गाथा

(घ) किंवदन्तीमूलक गाथा

(ङ) सीमावर्ती गाथा

(च) हरिवतन गाथा

---

[२१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १७१ ।

**कृष्णदेव उपाध्याय**

(क) प्रेमकथात्मक गाथा

(ख) वीरकथात्मक गाथा

(ग) रोमञ्चकथात्मक गाथा

**धर्मराज थापा हंसपुरे सुवेदी**[२२]

(क) भक्तिगाथा

(ख) कर्मगाथा

(ग) भावगाथा

**चूडामणि बन्धु**

(क) पुराकथात्मक - चैत, ढुस्को, धमारी, फाग

(ख) जनश्रुतिमूलक - चाँचरी

(ग) सामाजिक - ओहालो, गोडेलो, जेठे

## ३.२.५ नेपाली लोकगाथाको वर्गीकरणका केही आधारहरू

लोकगाथाको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । यस्ता आधारहरूमध्ये केही स्थुल वा बाह्य प्रवृत्तिका हुन्छन् भने केही आन्तरिक वा सूक्ष्म प्रकृतिका हुन्छन् । स्थुल आधारहरूमा आकार र प्रस्तुतिका दृष्टिबाट तथा सूक्ष्म आधारहरूमा विषयवस्तु, भाव र शिल्पविधानका दृष्टिबाट नेपाली लोकगाथाहरूको उपयुक्त वर्गीकरण गर्न सकिन्छ, जुन निम्न छन् :

**१. आकारका आधारमा नेपाली लोकगाथा**

आकारका आधारमा नेपाली लोकगाथालाई २ प्रकारमा विभाजन गर्न सकिन्छ । ती यसप्रकार छन् :

(क) लघु लोकगाथा

आकारका हिसाबले र रूपका हिसाबमा छोटा गाथालाई लघु लोकगाथा भनिन्छ । यहाँ लघुको तात्पर्य साना र छोटा भन्ने हो । तसर्थ लघु भन्ने वित्तिकै फुटकर लोकगीत वा

---

[२२] कपिलदेव लामिछाने, पूर्ववत्, पृ. ४० ।

कविता जस्तो नभएर अपेक्षाकृत छोटा भन्ने बुझिन्छ । यसमा जीवनको एक पक्ष वा पाटोको मात्र चित्रण हुन्छ । यसको कथानक एकोन्मुख हुन्छ । यसमा चरित्रचित्रण भएपनि महत्वपूर्ण पात्रको विशेषताहरूमात्र समेट्ने खालको हुन्छ । परिवेशको चित्रण पनि छोटो छरितो नै हुन्छ । नेपाली लोकगाथामा चैत, धमारी, सँगिनी, चाँचरी, बालुन, लीला आदि पर्दछन् । [२३]

(ख) बृहत् लोकगाथा

रूप र आकारका दृष्टिमा लामा लोकगाथालाई बृहत लोकगाथा भनिन्छ । यसमा जीवनका विभिन्न पाटा पक्षहरूलाई समेटिएको हुन्छ । यसमा प्रसङ्ग अनुसार उपकथा पनि जोडिने हुँदा एकोन्मुख नभई विभिन्न कथाधारमा फिजिन्छ । यसमा पनि चरित्रचित्रणको खासै स्थान नभएपनि पात्रका आन्तरिक र वाह्य परिचय दिइएको हुन्छ । यसमा घटनाको वर्णन र विवरण दिई कथानकको आयाम फराकिलो पारिएको हुन्छ । नेपाली लोककथामा बृहत लोकगाथाका रूपमा, लोकरामयण बालाराजा काशीरामको भारत, जितारी मल्ल जाल-धरी मल्लको भारत उदाछपलाको भारत, डाँफेमुरलीको गाथा, सरुमा रानी आदि गाथाहरू पर्दछन् ।

## २ प्रस्तुतिका आधारमा नेपाली लोकगाथा

(क) कण्ठ्य लोकगाथा

कुनै बाजाको सहयोग नलिएर गाइने लोकगाथालाई कण्ठ्य लोकगाथाभित्र समेटिन्छ । यस्ता लोकगाथाको प्रस्तुति सामान्य हुन्छ । यो गेय भएकोले मान्छेहरू जम्मा भएर एउटा प्रमुख पात्रले भन्ने र सबैले गाउने र नृत्य गर्ने पनि गरिन्छ । नेपालीमा केही चैतहरू, बालाचन्द्र देउकला चेली, चाँचरी, गीतिकथा, कलसा आदि यस्तै प्रकारका लोकगाथा छन् ।

(ख) वाद्य लोकगाथा

विभिन्न प्रकारको वाजाको सहयोग लिइ गाइने लोकगाथाहरू यस भित्र पर्दछन् । यसको प्रस्तुतिमा विशेषतामा झल्किन्छ । यस्ता गाथामा नृत्य र अभिनयको पनि प्रस्तुति

[२३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १७३ ।

रहन्छ । गाथाको गायनमा सारङ्गी, मादल, हुड्को आदि वाद्य उपकरणको प्रयोग गरिन्छ ।[२४] नेपालीमा नवलसिंहको कर्खा, उषाचरित्र, उर्दैचन्द्र राजा, मनकोइला रानी, भारत, हुइको, कर्खा आदि यसै गाथा भित्र पर्दछन् ।

(ग) नृत्य लोकगाथा

नृत्यका साथ गाइने लोकगाथाहरू यस भित्र पर्दछन् । यसको प्रस्तुति पनि विशिष्ट नै हुन्छ । नृत्यको प्रधानता रहने यसगाथाहरूमा बाध्ययन्त्रको पनि प्रयोग गरी सुन्दर ढङ्गले प्रस्तुत गरिन्छन् यस्ता नेपाली लोकगाथाहरूमा घाटु, सोरठी, बालुन, चैत र भारतहरू पर्दछन् ।

**३. विषयवस्तुका आधारमा नेपाली लोकगाथा**

विषयवस्तुका आधारमा नेपाली लोकगाथाहरूलाई ४ प्रकारमा विभाजन गर्न सकिन्छ । साहित्यका अन्य विधा जस्तै यो विधा पनि विभिन्न विषयवस्तु समेट्दै आएको देखिन्छ । त्यसैले विषय वस्तुको आधारमा यसको वर्गीकरण निम्न बमोजिम गर्न सकिन्छ :

(क) पौराणिक गाथा

पुराणबाट कथावस्तु लिएर निर्माण गरिएको गाथालाई पौराणिक गाथा भनिन्छ । यसमा पुराणका घटना, प्रसङ्ग, पात्रहरूलाई विषयवस्तु बनाएर वर्णन गरिएको हुन्छ । यसमा पात्रहरू देवीदेवता, ऋषिमहर्षि, राजा रानी, आदि पर्दछन् । यसमा घटना र कथानक अलौकिक तथा आध्यात्मिक प्रकारका हुन्छन् । पौराणिक वाहेक परम्परागत किंवदन्तीहरूमा आधारित रहेर पनि लोकगाथाको निर्माण भएको पाइन्छ । पुराण र किंवदन्तीमा आधारित लोकगाथाहरू अत्यन्त लोकप्रिय हुन्छन् । नेपालीमा लीला, चैत बालुन, धमारी आदि पर्दछन् । जस्तो रामचैत, सीताजीको चैत, हरिश्चन्द्रको कथा श्रीकृष्णको धमारी[२५] आदि पर्दछन् ।

---

[२४] ऐजन्, पृ. १७४ ।
[२५] ऐजन्, पृ. १७८ ।

(ख) ऐतिहासिक गाथा

इतिहासबाट कथावस्तु लिएर निर्माण गरिएको लोकगाथा यसभित्र पर्दछन् । यस्ता लोकगाथामा इतिहास प्रसिद्ध पुरुष, राष्ट्रिय चरित्रभएका पात्रहरू, वीर योद्धा तथा राजा महाराजाको वीरता साहस तथा ऐतिहासिक घटनाहरूको वर्णन पाइन्छ । यसमा ऐतिहासिक पात्रहरू पूर्णतः ऐतिहासिक नभएर आंशिक पनि हुन सक्छन् तिथि मितिहरू पूर्णत : सत्य नभएर सत्यको नजिक रहने गर्दछन् । यस्ता लोकगाथामा वीरता, बलिदान, राष्ट्रिय प्रेमका साथै भुकम्प, दैवी विपत्ति प्राकृतिक प्रकोप, तथा विजयउत्सव, हर्षबढाइँ, राष्ट्रिय उत्सव जस्ता घटनाहरूको वर्णन पाइन्छ । नेपालीमा कर्खा, सवाइ, चैत, भारत आदि यस गाथा भित्र पर्दछन् ।

(ग) सामाजिक गाथा

समाजमा घट्ने घटना तथा पात्रहरूको चरित्रको वर्णन गर्ने गाथाहरू यस गाथा भित्र पर्दछन् । सामाजका पारिवारिक, आर्थिक, सामाजिक जातीय तथा लैंगिक विभेद गरिबी तथा रितिथिति, भोगाइ आदि मुख्य विषयवस्तु बनाएर यस्ता गाथाको निर्माण गरिएको हुन्छ । यस्ता गाथाहरू यथार्थतर्फ बढी झुकेका हुन्छन् । यस्ता गाथामा आदर्शवादी स्वर पाइन्छ । यसमा समाज र जीवन कस्तो छ भन्दा पनि कस्तो हुनुपर्दछ भन्ने कुराको चित्रण गरिन्छ । यसमा समाजका विभिन्न पाटाहरूको वर्णन हुने हुँदा यसलाई समाजको ऐना सरह पनि मानिन्छ । नेपाली लोकगाथामा हरिमल्ल राजा, भवमल्ल रानी, सरुमै रानी, मनकोला रानी, कलसा, बालाचन्द्र, छोरो मार्ने बाबु, एकली छोरी आदि पर्दछन् ।


(घ) अतिप्राकृतिक गाथा

मानवेतर प्राणीको विषयवस्तुमा आधारित गाथालाई अतिप्राकृतिक लोकगाथा भनिन्छ । यसमा अलौकिक शक्ति, पशुपङ्छीको मानवीय व्यवहार, परीअप्सरा, भूतप्रेत, जादु आदिलाई विषयवस्तु बनाई तयार पारिएका गाथा पर्दछन् ।[२६] यस्ता गाथाहरू रहस्यमय, रोमाञ्चक, हर्रपूर्ण लोकगाथाहरू हुन्छन् । यसमा अतिकल्पना भएकाले अपत्यारिलो समेत हुन्छन् । पशुपङ्छीहरू मानिसजस्तै कुरा गर्नु, मानिसले अद्भूत शक्ति देखाउनु, निर्जीव सजीव हुनुले यो अति काल्पनिक र अतिप्राकृतिक तुल्याएको छ । नेपाली लोकगाथा डाँफे र मुरलीको कथा, कठपुतली, भरथरीको गाथा यस भित्र पर्दछन् ।

---

[२६] ऐजन् ।

यसका साथै नेपाली लोकगाथालाई संरचनाका आधारमा, भावका आधारमा, शिल्पविधानका आधारमा लोकगाथालाई वर्गीकरण गर्ने गरेको पाइन्छ । तलको तालिकाबाट त्यसलाई प्रस्ट पार्न सकिन्छ ।




(शर्मा र लुइँटेल, २०६३ : १८०)

## ३.३ चैत

### ३.३.१ परिचय

नेपाली लोकसाहित्यको प्रमुख विधामध्ये लोकगाथा विधा अन्तर्गत पर्ने चैत लोकगाथाको प्रकार मध्ये एक महत्वपूर्ण लोकगाथा हो । चैत एक प्रकारको चरित्रगान हो । चैत शब्दको उत्पत्ति संस्कृतको चरित शब्दबाट भएकोले यसको अर्थ चरित्रसँग भएकोले कालान्तरमा 'चरित' बाट अपभ्रंस भएर चैत भएको हो भन्ने कुरामा अधिकांश विद्वानहरू सहमत छन् । चैतको विषयवस्तुको अध्ययन गर्दा पनि पौराणिक, ऐतिहासिक तथा सामाजिक पात्रहरूको चरित्रको वर्णन पाइने भएकोले पनि चैत चरित्रगान नै हो भन्ने कुरामा सजिलै सहमत हुन सकिन्छ ।

### ३.३.२ चैतको परिभाषा

चैत के हो ? भन्ने विषयमा नेपाली विद्वानहरूले आ आफ्नै परिभाषा दिएका छन् । ऐतिहासिक, पौराणिक तथा सामाजिक व्यक्तित्वहरूको चरित्रको वर्णन चैतमा गरिएकाले यो चरित्रगाथा हो भन्ने कुरामा सबै एक मत देखिन्छन् । साथै विभिन्न खोज अनुसन्धानबाट चैतको प्रस्तुति, विषयवस्तु, आकार आदि आधारमा विभिन्न विद्वानहरूले यसलाई निम्न अनुसार परिभाषित गर्ने गरेको पाइन्छ ।

चैत मुख्यत : चरित्रको विशेषता प्रस्तुत गर्ने आख्यानात्मक संरचनाको गेयगाथा हो । यसको प्रस्तुति लयात्मक ढङ्गमा गरिन्छ । यसको उद्देश्य लोकलाई साहसी र उदार बन्ने शिक्षा दिँदै मनोरञ्जन समेत प्रदान गर्नु हो । [२७]

चैत व्यक्तिप्रधान चरित्रगान हो । यसमा ऐतिहासिक तथा पौराणिक व्यक्तित्वहरूको जीवनी,चरित्रचित्रण गरिने हुँदा अनुकरणीय र सन्देशमूलक हुन्छ । [२८]

चैत महिनामा प्राय गाइने चैत डोटी कर्नाली, क्षेत्रमा प्रचलित लोकगाथा हो । ऐतिहासिक तथा पौराणिक पात्र तथा राजा-रजौटा र ख्यातिप्राप्त व्यक्तिको विशिष्टता उल्लेख गर्दै प्रशंसात्मक गान गाइने यसमा आख्यान कममात्राचमा हुन्छ । यसमा विभिन्न वाद्यवादन र नृत्यको प्रयोग गरिन्छ । [२९]

---

[२७] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १८६ ।

[२८] देवकान्त पन्त, **डोटेली लोकसाहित्य एक अध्ययन**, काठमाडौँ : एशियाली अध्ययन संस्थान, त्रि.वि., २०३२, पृ. ८ ।

[२९] कपिलदेव लामिछाने, पूर्ववत्, पृ. १०३ ।

विभिन्न पर्व एवं जात्रामा पुरुष समुहद्वारा ढोलीले बजाउने ढोलको निश्चित धुनको वाद्यका साथ गाइने डोटेली जनजीवनमा धेरै पहिलेदेखि मौखिक परम्पराबाट हस्तान्त्रण हुँदै आएको लोकगाथा चैत हो । [३०]

यसरी माथि उल्लेखित विद्वानहरूको परिभाषा र चैतहरूको अध्ययन अनुसन्धानबाट के बुझिन्छ भने, चैत ऐतिहासिक, पौराणिक एवं सामाजिक व्यक्तित्वहरूको चरित्रगान नै हो । यसको प्रचलन डोटी क्षेत्र मात्र नभएर सुदूरपश्चिमका साथै कर्णाली अञ्चलमा पनि रहेको देखिन्छ । यसको प्रस्तुति कुनै वाद्यवादन सहित हुन्छ भने कुनै गेयात्मक मात्र पनि हुन्छ । खासगरी डेउडा खेल जस्तै गरी भाडी खेलमा यो गाउने प्रचलन छ । कुनै ढोलीले ढोल बजाएर पनि गाउने गरिन्छ । यो विभिन्न गौरा, चैतेअष्टमी, जात्रामा, छैठी, नवमी वा न्वागी नौराता आदिमा गाइने गरिन्छ । चैत मनोरञ्जनात्मक, सन्देशमुलक तथा वीरता र साहसिक भाव झल्किने खालको हुन्छ । नैतिकता, आदर्शवादिता तथा सामाजिक यथार्थता चैतमा देखिने जनसंदेश हुन् ।

चैतलाई विभिन्न नामले पनि चिनिने गरिन्छ । कुमाउनी पावडा, खेल वा भाडी खेल (ठुलोखेल) पनि भन्ने गरिन्छ । यसको मूलनाम चैत नै भएपनि प्रस्तुतिलाई आधार मानि यस्तो नामाकरण पनि गरेका हुन सक्छन् । यो ढोल बजाएर खेलिने भएकोले ढोलुङ्या खेल पनि भनिन्छ । गौरा पर्वमा गाइने भएकोले गौरागीत पनि भनेको पाइन्छ । चैतको बीचबीचमा ढुस्को, धमारी, तथा भोल्लाउलो पनि गाउने प्रचलन रहेको छ । सुदूरपश्चिम लोकसाहित्यको भण्डार हो, त्यहाँको चैतहरूलाई मात्र सङ्कलन गरेर अध्ययन गर्ने हो भने यसको महत्व नेपाली साहित्यको विकासमा महत्वपूर्ण सावित हुनेछ ।

### ३.३.३ चैतका विषयवस्तु

चैतको विषयवस्तु पौराणिक, ऐतिहासिक, र सामाजिक श्रोतबाट लिइएको हुन्छ । पौराणिक श्रोतहरूमा रामायण, महाभारत, कृष्णचरित्र पुराणका कथा, देवीदेवताको कथा आदिबाट पात्र र कथानक छनौट गरी आफ्नै मौलिक परिवेशमा ढाल्दै गाथालाई रोमाञ्चक र रुचिपूर्ण बनेको देखिन्छ । यसैगरी इतिहास प्रसिद्ध व्यक्तित्वहरूको जीवनगाथा, वीरताकोगाथाको वर्णन चैतहरूमा पाइन्छ । स्थानीय वीरहरूले शत्रुपक्ष माथि विजय प्राप्त

---

[३०] डा. जयराज पन्त, **मस्टापरम्परा र त्यसका गीतहरू**, काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि., २०६४, पृ. १९ ।

गरेको, भिषण लडाई लडेको र उल्लास मनाएका घटनाहरूको वर्णन पनि चैतको विषयवस्तु बनेका छन् । सामाजिक विषय वस्तुहरूमा यीनै वीरपुरुषहरू तथा राजा महाराजाको सामाजिक सुधारका बखानहरू तथा कुशल राज्यसंचालकको रूपमा चित्रित गर्दै समाजका विभिन्न पाटा पक्षहरू माथि चर्चा गरेको देखिन्छ ।

यसरी चैतमा पनि सामाजिक, पौराणिक र ऐतिहासिक पात्रका साहस, वीरता र गौरवका गाथाहरू समेटिएका देखिन्छन् ।

## ३.३.४ चैत प्रस्तुतिशैली

चैत सामुहिक रूपमा गाइने गाथा हो । यो भाडीखेल लगाएर नाइके अथवा गितारु वा गिताङ्गेले भट्याउने वा निर्देशन दिएर अन्य खेलकारु तथा गायकहरू गायन स्थलमा गोलाकार घेरा बनाएर दुई समुहमा विभाजन भएर गाइन्छ । खेलमा डेउडाको जस्तै पाइलाचालेर पनि खेल्ने गरिन्छ ।

कुनै चैतहरू ढोलीले ढोला बजाएर खेलिने गरिन्छ । यसमा गायकहरू वा खेलकारुहरूको वीचमा ढोली ढोलबजाउँदै चैत भट्याउन्छ भने वरिपरि भएका खेलकारुहरू पाइला मिलाएर स्वरमा स्वर मिलाई चैत गाउने गरिन्छ । चैत पुरुषहरूले मात्र गाउने गरिन्छ भनेको पाइए पनि यो पुरुष महिलासँगसँगै समुहमा मिलेर गाउने प्रचलन पनि छ । गौरा पर्वमा गाइने चैतमा महिलाहरूको सहभागीता उल्लेख्य रहन्छ । यसैगरी चैते अष्टमी, विभिन्न देवी देवताहरूको जाँत (जात्रा) मा देवी देवताहरूको चैत महिला पुरुष दुवै मिलेर गाउने प्रचलन छ ।

यसमा वीच वीचमा ढुस्को खेलिने गरिन्छ । ढुस्को खेल्दा विभिन्न हाउभाउमा खेलिने भएकोले शरिरका विभिन्न अङ्गहरू मर्काइ मर्काइ रमाइलो गर्दै खेल्ने गरिन्छ । गीतारुहरू, गायकहरू, बजाउने ढोलीको समन्वयबाट चैत प्रभावकारी हुन्छ ।

## ३.३.५ चैतले दिने सन्देश

चैतले दिने सन्देश अन्य लोकसाहित्यका विधाहरूले दिने सन्देश जस्तै आदर्श समाजको निर्माण, नैतिकवान बनाउनु, राष्ट्रियताको सन्देश दिनु, तथा उच्चमनोवलकासाथ समाजमा जीउनु जस्ता संदेश लोकगाथा चैतले दिने गरेको देखिन्छ । विभिन्न पौराणिक

विषयवस्तुको वर्णनद्वारा नैतिकवान आदर्शवादी व्यक्तित्व बन्न प्रेरित गर्दछ भने पुराण, देवीदेवताका वर्णनले स्थानीय धर्म संस्कृतिको जगेर्ना गर्न उत्प्रेरित गर्दछ ।

त्यसैगरी ऐतिहासिक पात्रहरू मार्फत देशको राष्ट्रियता, प्राचीन संस्कार, संस्कृति तथा वीरताको वर्णन गर्दै इतिहासप्रति इमान्दार बन्दै पूर्खाहरूले देखाएको बाटोमा हिड्न प्रेरित गर्छ । विभिन्न सामाजिक पात्रहरू मार्फत समाजका राम्रा नराम्रा घटनाहरूको वर्णन गर्दै समाजलाई असल बनाउन सभ्य र सुन्दर बनाउन मद्दत पुऱ्याउँछ । यसरी लोकगाथा चैतले सामाजिक, ऐतिहासिक, पौराणिक विषयवस्तु मार्फत जनसमुदायहरूलाई एकता, आदर्शवादी, नैतिकवान, मनोरञ्जन वीरता, संस्कृतिरक्षा जस्ता महत्वपूर्ण शिक्षा प्रदान गरेको छ ।

## ३.३.६ चैतको विशेषताहरू

कुनै पनि विषय र वस्तुको आफ्नै पहिचान हुन्छ । त्यही पहिचानलाई विशेषता भनिन्छ । चैतगाथा पनि आफ्नो छुट्टै पहिचान र विशेषता सहित चैत कहलिएको हो । लोकगाथाको प्रकारमध्ये महत्वपूर्ण गाथाका रूपमा चैतलाई लिने गरिन्छ । चैतका विशेषताहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

(क) चरित्रको वर्णन हुनु

चैत चरित्रगाथा भएकोले यसको प्रमुख विशेषता भनेकै ऐतिहासिक तथा पौराणिक व्यक्तित्वको चरित्र वर्णन गर्नु रहेको हुन्छ । त्यसैले चरित्रचित्रण यसको प्रमुख विशेषता हो । जस्तो राम चैतमा रामको चरित्रको वर्णन गर्नु, अमरसिंहको चैतमा अमरसिंहको वीरता र बहादुरीको वर्णन गर्नु सुर्माभवानीको चैतमा सुर्माभवानीको चरित्र तथा व्यक्तित्वको वर्णन आदि ।

(ख) लयमा एकरूपता हुनु वा अन्तरको पुनरावृत्ति हुनु

शास्त्रीय छन्दमा जस्तो अक्षर र पद मिलाएर लय ननिकाले पनि चैतमा मोटा मोटी रूपमा गाउँदा लयमा एकरूपता  देखिन्छ । कथानकलाई सरसर्ती रूपमा बगाउँदै लैजानु यसको विशेषता हो । यसरी लयबाट पनि यसको विशेषता झल्किन्छ ।  साथै अन्तिमपद पुनरावृत्ति भएर लयमा सङ्गीतात्मकता झल्किन्छ ।

(ग) विषयवस्तुको विविधता हुनु

चैत धमारीजस्तै विभिन्न प्रकारका विषयवस्तुमा कथिने नभएपनि, पौराणिक, ऐतिहासिक र सामाजिक वीरपुरुषका चारित्रिक विशेषताको वर्णन गर्न सक्षम देखिन्छ । यसरी विभिन्न विषयवस्तुमा चैतको रचना भएर विषयवस्तुगत विविधता चैतमा भेटाउन सकिन्छ ।

(घ) जसले पनि गाउन सक्नु

यसलाई महिला पुरुष दुवैले गाउन सक्दछ । युवायुवतीदेखि बृद्धसम्म पनि चैत गाउने चलन छ । धमारी, ढुस्को चाँचरी जस्ता लोकगाथाहरू पुरुषले मात्र गाउने गरिन्छ भने फाग तथा सगुनहरू नारीले मात्र गाउने चलन छ । तर चैत महिला पुरुष दुवैले गाउने प्रचलन रहि आएको छ ।

(ङ) आख्यानको मोटोपन

चैतमा कुनै व्यक्तित्व, चरित्रको उद्घाटन गर्ने हुँदा त्यसको जीवनी वा जिन्दगीका एक पक्ष वा विविध पाटा पक्षको चित्रण हुन्छ । त्यसलाई गेयात्मक बनाएर प्रस्तुत गर्ने भएकोले आख्यान कै बाहुल्यता रहेको देखिन्छ ।

(च) रचयिता अज्ञात हुनु

चैतका रचयिता लोकसाहित्यको अन्य विधाका रचयिता जस्तै अज्ञात हुन्छ । विभिन्न वीर पुरुषका गाथा महिला पुरुष दुवैले गरेका पनि हुन सक्छन । समाजको सामुहिक रचनाकार वा परम्परित आख्यानलाई मौखिक परम्परामा बाचेको चैतको रचनाकार अज्ञात नै हुन्छ ।

(छ) वाद्यवादनको प्रयोग

चैतमा ढोलीले ढोल बजाएर नाचिने गरिन्छ । त्यसैगरी ढोलकको तालमा विभिन्न हाउभाउ गरी खेलिने भएकोले चैत रोचक बनाउन र नृत्ययुक्त बनाउन ढोलकको प्रयोग गरिएको हुन्छ । तर कुनै कुनै चैतमा ढोलकको प्रयोग नगरी गेयात्मक र डेउडा जस्तै खेलेर स्वरमा स्वर मिलाएर मात्र पनि खेलिने प्रचलन छ ।

(ज) परिवर्तनशीलता

लोकगाथाको अन्य विशेषता जस्तै चैत पनि मौखिक परम्परबाट पुस्ता पुस्ता सर्दै जाने भएकोले मूलपाठमा परिवर्तन नहुने गरी समय र परिस्थिति अनुसार परिवर्तित र परिस्कृत हुँदै गएको पाइन्छ ।

(झ) स्थानीयता

लोकगाथा चैतमा स्थानीयताको राम्रो चित्रण भेट्न सकिन्छ । स्थानीय भाषा संस्कृतिको प्रभाव तथा स्थानहरूको वर्णनले गर्दा चैत झन प्रभावकारी हुन्छ । पौराणिक चैतहरूलाई पनि स्थानीय रङ्ग दिएर प्रस्तुत गरिएको भेटिन्छ । त्यस्तै देवीदेवताको चैतमा स्थानीय धामी झाक्री, पूजारी तथा स्थानीय देवीदेवताको थानको चर्चा भटाउन सकिन्छ ।

(ञ) ऐतिहासिकता बोकेर पनि कल्पना र अतिरञ्जनालाई स्थान दिनु,

चैतमा ऐतिहासिक पात्रहरूको कथा रहेपनि त्यो अतिप्राकृतिक तथा कल्पनामा बढी वगेको देखिन्छ । ऐतिहासिक घटनाक्रमहरूको नजिक रहेर तथ्यभन्दा काल्पनिकता जोडेर प्रभावकारी बनाउने प्रयत्न गरिएको हुन्छ । वीरताको वर्णन गर्दा अपत्यारिलो प्रसङ्गहरूको उल्लेख गरिएको हुन्छ । देवी देवताको चैतहरूमा भूतप्रेत, चमत्कारिताको प्रयोग बढि भेटिन्छ । यसरी यीनै विशेषता सहित लोकगाथा चैतलाई बुझ्न, चिन्न र केलाउन सकिन्छ ।

## ३.३.७ चैतको उत्पत्ति तथा विकास

कुनै पनि लोकसाहित्यको विधाहरूको उत्पत्ति वा प्रचलन निश्चित कथ्यपरम्पराबाट परम्परित हुने भएकोले यसको रचनाकार र रचना समय अज्ञात नै रहन्छ । त्यसैले लोकसाहित्यको रचना वा उत्पत्तिको समय निर्क्यौल गर्न कठिन छ । तर पनि विषयवस्तु तथा परिवेशको चित्रणको कारण मोटामोटी समयको अनुमान लगाउन सकिन्छ । लोकगाथा चैतको उत्पत्तिको सम्बन्धमा पनि कुनै निश्चित समयको यकिन गर्नु गाह्रो काम हो । तरपनि चैतहरूको अध्ययनबाट तिनीहरूको रचनाकालको नजिक पुग्न अवश्य सकिन्छ ।

नेपाली लोकसाहित्यमा लोकगाथा चैतको विकास डोटेली साहित्यको विकाससँगै भएको पाइन्छ । अझै भन्नु पर्दा नेपाली खस भाषाको सुरुवातसँगै डोटेली लोकसाहित्यको

विकास भएको हो । डोटेली लोकसाहित्यमा गाइने संस्कार गीतहरूको विकाससँगै अन्य लोकसाहित्यका विधाको पनि विकास हुन गएको देखिन्छ । खस भाषाको इतिहास हेर्दा एघारौँ शताब्दी तिरबाट खस भाषाको सुरुवात तथा विकास भएको पाइन्छ । कसैकसैले नवौँ र दशौँ शताब्दीतिर तानेर गएपनि खासगरी एघारौँ शताब्दी यसको आधिकारिक विकास भएको पाइन्छ । [३१]

नेपालको लिखित साहित्यको इतिहास हेर्दा पनि संवत १०३८ देखिको शिलालेख तथा त्यसपछिका ताम्रपत्रहरूले त्यही कुराले सङ्केत गर्दछ । डोटेली साहित्यमा हिन्दू धर्म संस्कारको प्रभाव रहेको देखिन्छ । त्यसको कारण अयोध्याका राजा रामको सन्तान परापूर्व कालमा भारतको उत्तराखण्ड राज्यको कत्युर भन्ने ठाउँमा बसी त्यहीबाट वाल आफ्नो प्रभाव विस्तार गरी कास्मीरदेखि गण्डकसम्मको भूभागमा राज्य सञ्चालन गरेको र त्यसैबेलादेखि हिन्दू संस्कारको प्रभाव संगै लोकसाहित्यमा पनि तिनै संस्कारगीतको थालनी भएको देखिन्छ । [३२] कालान्तरमा खस भाषाको विकास भई कत्युरी वंशका भारदारहरूले विभिन्न ठाउँमा उपराज्यहरू निर्माण गर्दै शासन गरेकाले त्यस ठाउमा तिनै संस्कार सहितका साहित्यको विकास भएको पाइन्छ । त्यसबेलाका कुमाउ, गडवाल, कर्णाली र गण्डक क्षेत्र, सांस्कृतिक केन्द्र बनेका थिए । [३३] यिनै सांस्कृतिक केन्द्रमध्ये डोटी राज्यको प्रभावमा रहेका राप्ती पारीका क्षेत्रमा विशेषत : डोटेली साहित्यको प्रभाव देखिन्छ । विशेषगरी भाषाको प्रभावसँग साहित्यको विकास हुने भएकोले डोटेली भाषाको प्रभाव भएका क्षेत्रहरू कुमाउ, गडवाल तथा कर्णाली क्षेत्रहरूमा डोटेली साहित्यको प्रभाव रहेको देखिन्छ । यसरी हेर्दा लोकगाथा चैतको उत्पत्तिको समय तिथि मिति तोकेर किटान गर्न नसकिएपनि कत्यूरी वंशको उदयसँगै भएको र त्यसको खस भाषामा प्रकटीकरण इस्वीको एघारौँ शताब्दीतिर भएको मान्न सकिन्छ । यसको प्रभावको रूपमा खस वा डोटेली भाषामा गाईने रामचैत, सीताजीको चैत, पाण्डवको चैत, कृष्ण चरित्र, कृष्णको धारु आदिले प्रमाणित गर्दछ किनकी राजा रामचन्द्रका सन्तानहरू नै कत्पूरी नरेश भएको र आफ्ना पूर्वज तथा भारतवर्षका महापूरुषहरूको महिमागान यिनीहरूकै संस्कारबाट आएको हुनु पर्दछ । त्यसैले आधुनिक खस, डोटेली भाषाको चैत खस भाषाको विकाससँगै इस्वीको ११

[३१] जयराज पन्त, **अन्जुलीभरि सगुन पोल्टाभरि फाग** (ने.रा.प्र.प्र., २०५५), पृ. ३४ ।

[३२] ऐजन् ।

[३३] ऐजन् ।

औँ शताब्दीतिर भएको हो । तर लोकसाहित्यको सन्दर्भमा त्यसको विकास ११ औँ शताब्दी भन्दा पहिले कत्पूरी वंशको उदयसँग भएको हुनुपर्दछ ।

यसरी एघारौं शताब्दीबाट सुरुवात भएको चैतको विकास निरन्तर रूपमा भएको पाइन्छ । खास गरी मौखिक परम्परामा प्रसारित चैतहरूको विकास समय र परिस्थितिसँगै निरन्तर अघि बढिरह्यो । चैतहरूको अध्ययनबाट के देखिन्छ भने पौराणिक चैतहरूको विकास पहिले देखिनै भएपनि ऐतिहासिक चैतहरूको विकास इस्वीको चौधौ पन्ध्रौँ शताब्दीतिर भएको पाइन्छ । भूपति शाहीको चैत राम शाहीको चैत आदिमा उल्लेखित विषयवस्तु र परिवेश कापगढी अथवा अजयमेरुकोटको बयान गरिएको छ । यो अजयमेरुकोटको निर्माण अभयपालले गरेको भन्ने कुरा त्यहाको शिलालेखले जनाउन्छ । साथै उक्त शीलालेखमा अभयपाल र नागपाल (मल्ल) को नामपनि उल्लेख हुनुले अभयपाल नागपालको समय अवधि एकै प्रकार भएको र यिनीहरू काका भतिजा नातापर्ने राजाहरू भएको उल्लेख दार्चुलाको इतिहासका लेखक दयाकृष्ण पन्तले गरेका छन् ।[३४] शिलालेखको मिति शाके १३१५ अर्थात संवत १४५० तिर उल्लेख गरिएको छ । यहाँ नागमल्ल भनेर उल्लेख गरिए पनि नागमल्ल नै नागपाल हुन भन्ने तर्क पन्तको रहेको छ । यसको थप पुस्ट्याई देवता भागेश्वरसँगको बाजीमा नागमल्ल हारेको र भागेश्वरलाई देवता मानी पूजा गरेको कुरा भागेश्वरको (डाँडाबाग) चैतमा उल्लेख छ । यसैगरी दार्चुला जिल्ला मार्मा भेगतिर प्रचलित देवीदेवताहरूको चैतहरूमा वर्णित विषयवस्तु र परिवेशको चित्रणबाट पनि के कुराको पुष्टी हुन्छ भने चैतको विकास १३/१४औं शताब्दीतिर भएको हुनुपर्दछ किनभने सुर्माभवानीको चैतमा वर्णन गरिएको मालिकाथलीदेखि सुर्मासरोवरसम्मको वर्णन र त्यसबेलाका मान्छेहरूको उल्लेखले गर्दा र त्यस ठाउँका ठेकरे, बोहराहरूको वंशाली हेर्दा १३औं १४औं शताब्दीतिर हुन जान्छ किनकी त्यहाँको जनश्रुति अनुसार क्षेत्ती भन्ने ठाउँमा पहिले वोहराको आगमन भएको र पछि देवीदेवता आएको भन्ने भनाई रहेको छ । त्यसकारण पनि त्यस ठाउमा प्रचलित देवीदेवताहरूको चैत ढुस्को भारीखेल, भोल्लाउलोको सुरुवात १३ औँदेखि १५ औं शताब्दीको वीचमा भएको हुनु पर्दछ ।

त्यसैगरी अमरसिंह थापाको चैत, हरिशाहीको चैत आदिले पछिल्लो समयलाई जनाउन्छ । अङ्ग्रेजसँगको लडाईमा बहादुरी देखाएका अमरसिंहको चरित्रगाथा वि.सं. १९१५ तिरबाट गाउन थालिएको हुनु पर्दछ । हरि शाही पनि पृथ्वी नारायण शाहको समयका हुन्

[३४] दयाकृष्ण पन्त, दार्चुलाको इतिहास, २०६७, पृ. १०१-१०४ ।

भनिएको छ । यसरी लोकगाथा चैतको उत्पत्ति र विकासलाई हेर्ने हो भने डोटेली साहित्यको विकाससँगै भएको मानिन्छ र खस भाषाको उत्पत्ति ११ औँ शताब्दीसँगै डोटेली साहित्यको विकास भएको पाइन्छ । अझ चैतको उत्पत्ति विकासको सन्दर्भमा पौराणिक चैतको विकास पहिले नै भए पनि ऐतिहासिक तथा सामाजिक चैतहरूको विकास इस्वीको १३औँ शताब्दीदेखि १८ औँ शताब्दीसम्म भएको देखिन्छ र यो घटना र परिवेश अनुसार तिथि मितिको नजिक पनि रहेको देखिन्छ ।

### ३.३.८ चैतका तत्वहरू

चैतको निर्माण गर्न चाहिने वस्तुहरूलाई चैतको तत्व भनिन्छ । तत्वको आवश्यक संयोजनबाट एउटा पूर्ण चैत बन्दछ । लोकगाथा चैत निर्माण हुन तत्वका साना साना घटकहरूको भूमिका महत्वपूर्ण रहन्छ । सिद्धान्त संरचना अमूर्त हुन्छ र त्यसका तत्वहरू मूर्त हुन्छन् । ती मूर्त तत्वले लोकगाथालाई एउटा कृतिका रूपमा सिद्ध गरेर अस्तित्वमा ल्याउँछन् । [३५] तत्वहरू कुनै पनि रचनाका अवयव हुन यिनै अङ्ग वा अवयवका रूपमा रहेका तत्वहरूले चैतलाई पूर्णरूप र आकार प्रदान गर्दछन् । लोकगाथा चैतको तत्वहरू निम्न छन् ।

(क) कथानक

लोकगाथा चैतको प्रमुख तत्व आख्यानगत कथानक हो । कथानक नभएको भए चैत लोकगाथा नभएर गीत बन्दथ्यो । लोकगाथामा आख्यान रहेको हुन्छ । आख्यानले कालक्रमिक घटनालाई बुझाउँछ । चैतमा व्यक्तित्वको चरित्रको वर्णन गरिएको हुने हुँदा व्यक्तिको जिन्दगीका विभिन्न पाटा पक्षको वर्णन सरल कथानकमा गाँसिएको हुन्छ । यसमा घटनाको प्रधानता भएपनि यसको गति तिब्र रूपमा रहेको हुन्छ । घटनाघटित हुने परिवेश पनि कथानकसँगै जोडिएर रहेको हुन्छ । यसको कथानक पौराणिक, ऐतिहासिक तथा सामाजिक विषयवस्तुमा आधारित हुन्छ । यसरी कथानक वा आख्यानात्मकता चैतको पहिचान गराउने प्रमुख तत्व हो ।

---

[३५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १६१ ।

(ख) चरित्र

कृतिमा पाइने व्यक्तिलाई चरित्र, पात्र वा सहभागी भनिन्छ । प्रत्येक पात्र वा व्यक्तित्वको आफ्नै विशेषता र पहिचान हुन्छ । पात्रको सम्बन्ध कथानकसँग हुन्छ । त्यसमा पनि चैत व्यक्तित्वको चरित्रगाथा भएकोले यसमा चरित्र वा पात्र नै मुख्य केन्द्रबिन्दुमा रहेको हुन्छ । पात्रको वरिपरि नै कथानक घुमेको हुन्छ । पात्रको चरित्रको वर्णन यसमा हुने भएकोले चैतको महत्वपूर्ण तत्वको रूपमा चरित्रलाई लिने गरिन्छ । यसमा केन्द्रिय पात्रकै नामबाट शिर्षक चयन पनि गरिएको हुन्छ र सहायक पात्रहरू त्यसको कथानकसँगै वरिपरि घुमिरहेका हुन्छन् । यसमा नारी र पुरुष, देवीदेवता तथा राजा महाराजा र सामान्य पात्रको पनि चयन गरिएको हुन्छ ।

(ग) परिवेश

कृतिमा पात्रले क्रियाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । लोकगाथामा परिवेशको महत्व निकै हुने गर्दछ । ठाउँ र समयका साथै स्थानविशेष परिस्थिति आचरण, व्यवहार, रहनसहन, जीवनभोगाइ, आदि परिवेशभित्रै आउँछन् । परिवेशले कथानक र पात्रलाई आधारस्थल प्राप्त गर्दछ र तिनलाई सक्रिय तुल्याउँछ । लोकगाथा चैतमा परिवेशको झनठुलो महत्व देखिन्छ । ऐतिहासिक गाथाहरूमा तत्कालिन समय र परिस्थितिको सुन्दर चित्रण गरिएको पाइन्छ । पौराणिक चैतहरूमा पनि तत्स्थानको परिवेश पाउन सकिन्छ । घटनाको तीब्रतासँगै परिवेशले पात्रलाई प्रभावित तुल्याएको हुन्छ । परिवेशले चैतमा भौतिक जगतको विविध दृश्य उपस्थित गराएको हुन्छ र यसलाई विश्वासिलो तुल्याउछ ।

(घ) उद्देश्य

उद्देश्य लोकगाथामा रहने अन्तर्निहित तत्व हो । चैतमा पनि यो अन्तर्निहित भएर रहेको हुन्छ । कुनै पनि कृति रचिनुको निश्चित उद्देश्य हुन्छ । विना उद्देश्य कुनै रचना रचिदैनन् । त्यसैले चैतहरूको पनि आफ्नै उद्देश्य लिएर रचिएका हुन्छन् । खासगरी लोकसाहित्यको उद्देश्य लोकमनोरञ्जन भएको देखिन्छ । दिनभरी काम गरेर थाकेकाहरूलाई साँझ मनोरञ्जन प्रदान गर्नु यसको प्रमुख उद्देश्य रहेको देखिए पनि चैतगाथाहरूमा मनोरञ्जन मात्र नभएर नैतिक उपदेश ऐतिहासिक शिक्षा तथा समाजप्रति उत्तरदायी बन्ने

शिक्षा प्रदान गर्दछन् । यसका साथै चैतहरूको उद्देश्य तत्कालीन घटना, परिस्थितिको जानकारी गराउने, व्यक्तित्वको यथार्थता दर्शाउने, समाज, जीवन, प्रकृति र इतिहासको ज्ञान दिनु पनि हो ।

(ङ) भाषाशैली

लोकगाथाको महत्वपूर्ण तत्वको रूपमा भाषाशैलीलाई लिने गरिन्छ किनकि लोकगाथा मा लयात्मक भाषा शैलीको प्रयोग गरिन्छ । चैतपनि गेयात्मक लोकगाथा भएकोले यसको भाषाशैलीको पनि अत्याधिक लयात्मक हुन्छ । यसमा छन्दको शास्त्रीय संरचना नभएपनि लोक छन्दमा पदहरूको सुन्दर संयोजन मिलाएर गाउने गरिन्छ । जसको कारण चैत गेयात्मक हुन्छ । यसमा कोमल र मधुर भाषा प्रयोगले गेयता र सङ्गीतात्मकताको सुन्दर संयोजन गरिएको हुन्छ ।

लोकगाथा चैतमा प्राचीन भाषाको अवशेष पनि भेट्टिने गरिन्छ । यसो हुनाको कारण के हो भने यो मौखिक परम्परामा सर्दै आउने भएकोले समय र परिस्थिति अनुसार परिवर्तन भएर कुनै कुनै शब्दहरूमा मात्र प्राचीन रहेका हुन्छन् । विभिन्न विम्व, प्रतिक र अलङ्कारको प्रयोग भएपनि भाषाशैली लोकमानसले बुझ्ने खालकै हुन्छ । चैत खासगरी सुदूरपश्चिममा बढी प्रचलन हुने भएकोले खस एवं डोटेली भाषिकामा नै यसको रचना भएको पाइन्छ । यसरी चैतको प्रमुख तत्व भाषाशैली सरल, सहज र रसिलो रहेको पाइन्छ ।

## ३.३.९ चैतको वर्गिकरण

लोकगाथा चैतको वर्गिकरण विभिन्न आधारमा गर्न सकिन्छ । यो लोकगाथा पश्चिम नेपालको विभिन्न भेगमा प्रचलित लोकगाथा भएको कारण ठाउँ अनुसार फरक फरक शैलीमा प्रस्तुत गर्ने गरिएको पाइन्छ । साथै विषयवस्तुको विविधताको कारणबाट पनि सबै चैतहरू एकै किसिमका हुँदैनन् । चैतको विशेषतामा एकरूपता भएपनि यसको प्रस्तुति, संरचना, विषयवस्तु, भाव तथा आकारको आधारमा अध्ययन गर्दा फरक फरक देखिन्छ । त्यसैले चैतलाई निम्न आधार अनुसार वर्गीकरण गर्न सकिन्छ :

### १. आकारको आधारमा चैतको वर्गीकरण

आकारको आधारमा चैतलाई मुख्य २ भागमा वर्गीकरण गर्न सकिन्छ ।

(क) लघु चैत

रूप, आकार र केलेवरमा छोटा चैतहरूलाई लघु चैत भन्न सकिन्छ । यहाँ लघुको अर्थ लामा चैत भन्दा तुलनात्मक रूपमा साना वा छोटा चैतहरूलाई बुझ्नु पर्दछ । यसको आयाम बृहत वा लामा चैतहरू जस्तो नभएर छोटो आयाम भएका वा जीवनको एउटा सानो पक्षको चित्रण गरिएका चैतहरू यसभित्र पर्दछन् । यसमा परिवेशको चित्रण पनि छोटो छरितो रूपमा गरिएको हुन्छ । यस्ता चैतहरूमा लटिनाथको चैत, मालीका देवीको चैत, काफलीको चैत, उग्रतारा देवीको चैत, गन्यापको चैत डाँडाबागको चैत लगायत छोटा आकार भएका चैतहरू यस भित्र पर्दछन् ।

(ख) लामा वा बृहत आकारका चैत

छोटा आकारका चैतहरू भन्दा तुलानात्मक रूपमा लामो आकार एवं संरचना भएका, अथवा बहुआयाम भएका चैतहरू यस भित्र पर्दछन् । यसमा चरित्र अथवा व्यक्तित्वको जीवनका एक भन्दा बढी पाटा पक्षको चित्रण गरिएको हुन्छ । यहाँ चैत भनेकै चरित्रको वर्णन गरिएको हुन्छ । यहाँ चैत भनेकै चरित्रकै चरित्रको वर्णन गर्ने भएकोले जीवनमा घटेका घटनाहरूको वर्णन गर्ने भएकोले जीवनमा घटेका घटनाहरूको वर्णन केन्द्रिय चरित्रको वरपरी रहेर गर्ने गरिन्छ । त्यसैले यसको आकार र संरचना लामो तथा बृहत किसिमको हुन्छ । यस्ता चैतहरूमा सुर्माभवानीको चैत, महादेवको चैत धौलापुर देवताको चैत, श्री शीकाशको चैत, नरपति शाहीको चैत, कर्णशाहीको चैत, अमरसिंह थापाको चैत आदि पर्दछन् ।

## २. विषयवस्तुको आधारमा चैतको वर्गीकरण

पौराणिक र ऐतिहासिक विषयवस्तुमा रहेर चैतको रचना भएको पाइन्छ । विषयवस्तुको यी दुवै आधारमा रहेर लोकगाथा चैतको वर्गीकरण गर्न सकिन्छ ।

(क) पौराणिक चैत

पुराण, महाभारत, रामायण तथा विभिन्न किंवदन्ति देवी, देवताहरूको विषयवस्तु तथा श्रोतबाट रचिएका चैतहरूलाई पौराणिक चैत भनिन्छ । यसमा पुराणका कथाहरू, महाभारतका कथाका पात्रहरू तथा रामायणका पात्रहरूको चरित्रको वर्णन गरिएको हुन्छ ।

विशेषतः पश्चिमतिर गाइने चैतहरू यिनै पौराणिक विषयवस्तुलाई लिएर रचिएका भेटिन्छन् । यसका साथै किंवदन्तीलाई आधार मानेर स्थानीय देवी देवताको चरित्र तथा तिनीहरूको भक्तिभावसहितको गाथा पनि चैतमा भेटिन्छ । स्थानीय देवताको उत्पत्तिको तथा तिनको प्रभाव क्षेत्रको बारेमा पनि यिनी चैतहरूमा वर्णन गरिएको भेटिन्छ । जस्तै महादेवको चैतमा महादेवको उत्पत्तिदेखि उहाँको प्रभावको बारेमा चर्चा भेटिन्छ । सुर्माभवानीको चैतमा सुर्माभवानीको उत्पत्तिदेखि  यात्राको वर्णन तथा सुरुमा सरोवरमा स्थापित भएको सम्म वर्णन भेटिन्छ । मालिकाको चैतमा मालिकाको प्रभाव र भक्तिभाव प्रस्तुत गरिएको छ । यसैगरी महाभारत, रामायण, पुराणमा आधारित चैतहरूमा त्यहाँका पात्रको चरित्रको वर्णन गरिएको छ । यसरी पौराणिक विषयवस्तुमा आधारित भएर रचिएका चैतहरूले पौराणिक विषयवस्तु समेटेका हुन्छन् ।

(ख) ऐतिहासिक चैत

इतिहास निर्माणको प्रकृयामा आफ्नो अमुल्य जीवन समर्पण गर्ने वीरपुरुष तथा ऐतिहासिक व्यक्तित्वहरूको चरित्रको वर्णन भएका चैतहरूलाई ऐतिहासिक चैत भनिन्छ । ऐतिहासिक चैतहरूमा ऐतिहासिक विषयवस्तुको चित्रण गरिन्छ । खासगरी इतिहासका घटनामा आधारित यस्ता चैतहरूमा लडाई, बहादुरी, साहसिकता र विजयको गाथा बढी समेटिएका छन् । नेपालको एकिकरण हुनुभन्दा पहिले खस राज्य तथा डोटेली राज्य हुँदाका राजा महाराजा तथा वीरपुरुष (पैकेला) हरूको चैत उल्लेख्य मात्रामा भेट्न सकिन्छ । त्यसैगरी नेपाल अङ्ग्रेज लडाई वा भारतसँगको लडाईमा अमरसिंह थापाले देखाएको बहादुरी वीरताको वर्णन गरिएको गाथाहरू पनि भेट्न सकिन्छ । यसरी इतिहासका घटनामा आधारित चैतहरूमा रामशाहीको चैत, हरि शाहीको चैत, अमरसिंह थापाको चैत, किशा विष्टको चैत, पिरिबोराको चैत, लालदेउवाको चैत, भुवन मल्लको चैत आदि पर्दछन् ।

### ३. भावका आधारमा चैतको वर्गीकरण

चैतमा वर्णित विषयले श्रोता तथा पाठकमा कस्तो भाव जगाउन्छ भन्ने कुराको आधारमा रचना वा कृतिलाई भावका आधारमा वर्गीकरण गर्न सकिन्छ । यहाँ चैतमा व्यक्त भावका आधारमा चैतलाई मुख्य ३ भागमा वर्गीकरण गर्न सकिन्छ :

(क) वीरगाथा

चैतमा वर्णन भएका वीरता, साहस, पराक्रंम, आँट राष्ट्रियता सहितका भाव भएका चैतहरू वीरगाथामा पर्दछन् । यसमा युद्ध र योद्धाको चित्रण विशेष ढङ्गमा गरिएका हुन्छन् । विभिन्न ऐतिहासिक चैतहरूमा वीरयोद्धाहरूले देखाएको पराक्रम, साहस वीरताको साहसिक वर्णन यस्ता चैतहरूमा गरिएका हुन्छन् । यस्ता चैतहरूमा वीरहरूलाई नायकको रूपमा चर्चा गरिएका हुन्छन् । जस्तो अमरसिंह थापा, राम शाही, हरि शाही, किसा विष्ट आदि वीरपुरुषहरूलाई नायककै रूपमा चित्रण गरेको पाइन्छ । आफ्नो वीरता प्रदर्शन गर्न तथा देशको रक्षा गर्न यस्ता वीर पुरुषहरूले महत्वपूर्ण योगदान दिएका हुन्छन् भन्ने भाव चैतहरूमा व्यक्त गरिएको हुन्छ ।

(ख) करुणगाथा

शोक, दयामाया, दीनता आदिले ओतप्रोत गाथालाई करुणगाथा भनिन्छ । यस्ता गाथा चैतहरूमा दु :ख परेकालाई दया गर्नु, अर्काको पीरमा सहानुभूतिशील हुनु, अर्काको दु:ख पीरमा सहयोग गर्नु, रोगी असाह्यहरूलाई सहयोग गर्नु जस्ता मन पगाल्ने विषयहरूको वर्णन हुन्छ । यस्ता चैतहरूमा पात्रका दु:ख, व्यथा, पीर तथा अप्ठ्याराहरूलाई समेट्दै त्यस्ता घटनाको मर्म स्पर्शी वर्णन गरिएको हुन्छ यस्ता चैतहरूले मनमा करुण भाव जगाउन्छन् । यस्ता चैतहरूमा सीताजीको चैत, कापु रामसाई चैत आदि पर्दछन् ।

(ग) भक्तिगाथा

देवी देवताप्रति श्रद्धा, विश्वास, आस्था, आदर भक्तिभाव प्रकट गरिएका गाथालाई भक्तिगाथा भनिन्छ । यस्ता लोकगाथा चैतमा भक्तहरूले आफ्नो कुले देवीदेवताप्रति भक्तिभाव प्रकट गरिएको हुन्छ भने देवी-देवताले पनि भक्तजनप्रति दया करुणा तथा स्नेह भाव प्रकट गरिएको हुन्छ । देवीदेवताको गुणगान, तिनको भक्ति प्रशंसा तिनमा निष्ठाभाव यस्ता चैतहरूमा व्यक्त गरिन्छ । यस्ता चैतहरूमा देवीदेवताको चरित्र, तिनीहरूले मङ्गल कार्य, लोक कल्याणकारी कार्य, भक्तहरूप्रति छत्रछाँया, तथा भक्तहरूको अटल विश्वासको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ । यस्ता गाथाहरूमा देवीका थान, हिमाल पहाड, ताल, ढुङ्गा आदिलाई समेत इश्वरीय स्वरूप प्रदान गरी वर्णन गरिएको हुन्छ । यस्ता लोकगाथा चैतहरूमा, सुरुमा भवानीको चैत, महादेवको चैत, धौलापुर देवताको चैत, मालिकाको चैत,

श्री शीकासको चैत, उग्रतारादेवीको चैत, काफलीको चैत, लटिनाथ देवताको चैत आदि पर्दछन् ।

यसरी नेपाली लोककगाथा चैतको वर्गीकरण गरिएको छ । यिनै माथि उल्लेखित आधारहरूमा रहेर चैतलाई वर्गीकरण गर्नु नै सबैभन्दा उपयुक्त र वैज्ञानिक हुन्छ ।

# परिच्छेद : चार

# चैतहरूको सङ्कल र विश्लेषण

## ४.१ चैतहरूको सङ्कलन

### ४.१.१ श्री महादेव देवताको चैत

जलथल भूमि अम्मर डाली
अव अम्मरको जडो जडाईछ
अब अम्मरको टुसो टुसाईछ,
अब अम्मर दोपाते भैच,
अब अम्मर चौपाते भैच,
चौपाते र आठपाते भैच,
आठपाते अम्मर दशपाते भैच
अब अम्मरको हाङ्गी फुटी गैछ
एक हाङ्गी अम्मर पुरुब देश
पुरुब हाङ्गी देउपुरी भया
एक हाङ्गी अम्मर पश्चिम देश
पश्चिम हाङ्गी धनपुरी भया
एक हाङ्गी अम्मर उत्तर देश
उत्तर हाङ्गी दैत्तपुरी भया
एक हाङ्गी अम्मर दक्षिण देश
दक्षिण हाङ्गी अन्नापुरी भया
अब अम्मरको कोपा कोपाईछ
अब अम्मरको फूल फुली गैछ
कति बरनको फूल फुली गैछ
बाईसै बरनको फूल फुली गैछ
कति बरनको फल लागि गैछ

बाईसै बरनको फल लागि गैछ
कति फल जल पड्या कतिफल रया
सब फल जलपडया सातफल रया
सातभाइ महालिङ्ग ताई उब्जी गया
हिउँ कि हिमानजल पानीका छाया
हिउँचुली चुली पन्नौ आया
धबलाडी बोराको कान चडी आईछ
धौला पहाडहै शिवालिङ्ग आया
धवलाडी बोराको कानचडी आईछ
शिरमाई शिवालिङ्ग एकलखे ल्हयोछ
गङ्गा निकटमाई बैशेखु ल्ह्योछ
पानी पन्यार बासन्नी राई
गङ्गा निकटमाई मन लै नआई
जौं गाडा ज्वातो धानगाडा साउँ
उठभाइ गणपति शिखर भ्झाउँ
अघि अघि गणपति बैशेखु पछि शिवालिङ्ग
हरिहरि दुविचौड बैशेखु ल्हयोछ
शिखर भ्झाई दाजु क्याहां गराऊ
शिखर भ्झाई भौल्या मणपो चिठाउँ
कत्ते हारकि बाननि लाऊ
दश बीस हारकि बाननि लाऊ
कत्ते हारकि बिणि छेकाऊ
नौ नौ हारकि विणि छेकाऊ
कत्ते खम्मकि मणपु चिठाऊ
बाइसै खम्मकि मणपु चिठाऊ
हिरूमै सिरुमै कि धुरी कटाऊ
सल्लाई दल्लाईको डणिया कटाऊ
धारपारि बाबियाले मणपु छयाऊ

हिरूमा धमेनी मेर भलु ल्हेन
परब आईछ मणपु छिपि देन
छिपुलात छिपुला पनिया काँहै पाऊँ
तली छ भटिनी सेरो मथी मुस्यापानी
नाग हङ्कारलो भाटैकी रानी
हिरूमा धमेनी पनिया भर बैठी
भुमी फुटी निकस्यो कालिया नाग
तां पछि निकस्यो पानीकी छाया
बारघाडा पनियाले मणपु छिपाईछ
बारडोका कमेडाले मणपु छिपाईछ
बारडोका गोबरले मणपु लिपाईछ
बारकुणी गौतले मणपु चोख्यै छ
बारपारा दुधैले गाथ नयै छ
बारभारी कुलीजाको पाती चढाईछ
बारभारी कुलिजाले हुम जगाईछ
ओकुल गोकुलको हुम जगाईछ
बारमाना जौ तिलको हुम जगाईछ
बारमाना गाईघिया हुम जगाईछ
चिच्यान्या पाठाको बली चढाईछ
बारहात गजिनाको नेजा चढाईछ
को छ धामी को छ पूजारो
मैपत्या धामी देउच्या पूजारो
देउच्या पूजारो मेर भलु ल्हेन
बासाईको साच दियो बाली देन
मै पत्या धामी मेर भलु ल्हेन
भोल्या परभात पाट बसी देन

**ढुस्को**

लोग पड्या घमासान गुसाई मेरा लोग पड्या घमासान

न्याउर बाज्या झनीसार गुसाईमेर २

कपडा पैरुया छ निसार " " २

नङर झुरया् सनिसार " " २

मारी हाल्यो बाकरीको गाडी हाल्यो पित्त

अब भयो शिवालिगं गया झानि चित्त

तमी कहांझान महालिङ्ग तमी कहाँझान महालिङ्ग

भागरथी नान गुसाई मेरा " " २

तमी कहाँझान भुमिराज " " २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान सुनमाया २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान धौलापुर २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान लटिनाथ २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान डाँडाबाग २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान हटिनाथ २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान लाकुडादेउ २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान कालसैन २

भागरथी नान गुसाई मेरा २

तमी कहाँझान लाङादेउ २

भागरथी नान गुसाई मेरा २

शिवालिङ्ग गया झानको देऊ साथ

शिवालिङ्ग गया झान भुमिराज साथ
भमिराज गया झान को देउ साथ
भुमिराज गया झान सुनमाया साथ
सुनमाया गया झान को देउ साथ
सुनमाया गया झान धौलापुर साथ
धौलापुर गया झान को देउ साथ
धौलापुर गया झान लटिनाथ साथ
लटिनाथ गया झानको देउ साथ
लटिनाथ गया झान हटिनाथ साथ
हटिनाथ गया झान को देउसाथ
हटिनाथ गया झान डाँडाबाग साथ
डाँडाबाग गया झान को देउ साथ
डाँडाबाग गया झान लाकुडा साथ
लाकुडादेउ गया झान को देउ साथ
लाकुडा गया झान कालसैन साथ
कालसैन गया झान को देउ साथ
कालसैन गयाझान लाङो साथ

**श्री महादेव को जगरम**

तली धेकौत रौं रौं कार २
मथी धेकौंत धौं धौं कार २
पुरुब देशहै गडुल आईछ २
पश्चिम देशहै गडुलेनी आईछ २
गडुलै गडुलेनी भैसँगसाथ २
सँग साथ हुना खेल्यो उरादङ्ग
उरादङ्ग खेलना अन्न उपाई ५
रूपा पखेट्टीमाई अन्न कोरेल्यो
सुन चुचडीले अन्न कोरेल्यो
अन्न फुटी फुटी भै नौखन्न

तल्ल खोपरीको भै मान्ता लोग २

मल्ल खोपरीको भै सर्गलोग २

वरपर खोपरीको मेर मन्दिर २

माझ केशरको भै चन्न सुर्ज २

झड्यो पड्यो छीटको भै हंसराज २

बालामहालिङ्ग वाई उब्जी ग्यान २

तेत्तीसकोटी देवता वाई उब्जी ग्यान २

कैली गाई बाई उब्जी ग्यान

गुन्ध्यौल्या बलद बाई उब्जी ग्यान २

## ४.१.२ श्री भुमिराज देवताको चैत

वडन पिपलको समुन्द्र पड्या छाँया

कै कोखी पुत्तर कै कोखी जाया

इन्दैको पुत्तर माण्डबी जाया

सुनको भौंरड्ो फोडी मान्तालोग आया

मान्तालोग आई गुसांई हेरो फेरो चाया

हेरो फेरो चाया चिताभलु आया

चिताभलु आया धरती गैट्यो किलो

धरतीको किलो मनवी राख पाल

बलियाकि छै गुसाँई कन्न कोदाल

पैंलीको ठाउँ रोज्यो किमढालमड

दोसरी ठाउँ रोज्यो बान्नीकामड

तेसरी ठाउँ रोज्यो ढणारमड

चौथी ठाउँ रोज्यो रामणीमड

पञ्चै ठाउँ रोज्यो देउबाँजमड

देउबाँज मैठो आउन कनै ले नजानी

रिमी चिमी बोराको छ कैली गाई
देउबाज मैठो आउन कैली गाईले जानी
रात गल्याउ चुणी देउबाँजमड
बारपुला घाँस दिन्थ्या तो कैलीगाई
वारपुला घाँस दिना तै नअगाई
रात गल्याउ चुणी देउबाजमड
बारपल्ला दो दिन्थ्या तो कैलीगाई
बारपल्ला दो दीना तै नअगाई
रात गल्याउ चुणी देउबाजमड
मेर अन्त लोडलै रगत नन्नी छास
मेर अन्त नाई लोडै दुधकि भणार
खाणाछुरी बाराले सुङ्रया पाठो पाल्यो
छुरीको सुङरया् पाठो कापो हरानु
रनफेरया बनफेरया नाई पाया खोज
बेलीपटे नाईआयो कापो हरानु
धाउन छुरीबोरो ढणारमड
को छ धामी को छ पूजारो
मैपत्या धामी देउच्या पूजारो
देउच्या पूजारो मेर भलु ल्हेन
बासाको सांच दियो बाली देन
मैपत्या धामी मेर भलु ल्हेन
भोल्या परभात पाटबसी देन
बासाको सांच दियो बाली दयोछ
भोल्या परभात पाट बसी दयोछ
अउतरया् मैठो बाडा धुम आइछ
बाडा धुम छाडी नौ कम्फ ल्हयोछ
नौकम्फ छाडी अठार कम्फ ल्हयोछ
बाइसै कम्फैकी मार्‍यो छ टोल

लाग्यो छुरी बोरो बित्तीका बोल
मेर त सुङर्‍या पाठो कापो हरानु
रनफेर्‍या बनफेर्‍या नाईपाया खोज
बाइसकम्फ छाडी बत्तिस कम्फ ल्ह्योछ
तेर त सुङर्‍या पाठो छतर्‍याले खाई
धाउन छुरीबोरो स्बाकोट पौच्यो
आजै कि छुरीबोरो क्याउ काम पुग्यो
मेरत सुङर्‍या पाठो तौ गुसाई खाई
कनैले धेक्यो छुरी कनैले भन्यो
मेर रिथी मैठाईले तोई भलु द्योछ
मैठाइको मण्डप पानीका सिच
तेर रिथी मैठाईको भलराखौ भिच
बरसिक्या लाख्यापाठो ल्वाखेपो लायो
धाउन सिमेरु बंम ढणारमण
को छ धामी को छ पूजारो
मैपत्या धामी देउच्या पूजारो
देउच्या पूजारो मेर भलु ल्हेन
बासाईको साँच दियो बाली देन
मैपत्या धामी मेर भलु ल्हेन
भोल्या परभात पाटबसी देन
अउतर्‍यो मैठो बड्ाघुम आईछ
बडाधुम आईछ नौकम्प ल्ह्योछ
नौकम्प छाडी अठारकम्प ल्हयोछ
बाइसै कम्पकि मार्‍योछ टोल
बरसिक्या लाख्यापाठो गब्यूर कोटियो
बाइसकम्प छाडी बत्तिस कम्प ल्हयोछ
पैंलीके चुट कटाङ कुटिङ भैच
ल्वाखेपो काटना बत्तिस भाग्यो

बत्तिस भागना थोत्या बोलायो
तो पापी छत्तर्याको नाउँ लुकाउ
नाती छत्तर्याको दर्जा बडाउ
हांण्योछ छुरी मैनाखाम ठास्यो
झान रमुवा छोरा स्वाकोट झान
छुरी गाडनाकी रामपास ल्यान

### ढुस्को

जुमला ढिलेली सोभा चौघानी यो भाइ
ढणारको मैठो चौघानी यो
सबलोग मेरी सेवा चौघानी यो भाइ
सोभाकेन आउनी चौघानी यो
मेर हुनी सेवा मान्या चौघानी यो भाइ
बाबा जति लाउलो चौघानी यो
तेर वाबा लालै त चौघानी यो भाइ
सेवा लै नमानु चौघानी यो
जुमला.......................
मेर हुनी सेवामान्या चौघानी यो भाइ
जिया जति लाउंलो चौघानी यो
जिया जति लाउँलो चौघानी यो भाइ
सेवा मानी ल्हियै चौघानी यो
तेर जिया लालै त चौघानी यो भाइ
सेवालै नमानु चौघानी यो
मेर हुनी सेवामान्या चौघानी यो भाइ
काका जति लाउलो चौघानी यो
तेर काका लालै त चौघानी यो भाइ
सेवालै नमानु चौघानी यो
जुमला,.............................

मेर हुनी सेवामान्या चौघानी यो भाइ
काकी जति लाउलो चौघानी यो
काकी जति लाउलो चौघानी यो भाइ
सेवा मानी ल्हियै चौघानी यो
तेर काकी लालै त चौघानी यो भाइ
सेवालै नमानु चौघानी यो

जुमला.................
मेर हुनी सेवामान्या चौघानी यो भाइ
दादा जति लाउलो चौघानी यो
दादा जति लाउलो चौघानी यो भाइ
सेवा मानी ल्हियै चौघानी यो
तेर दादा लालै त चौघानी यो भाइ
सेवालै नमानु चौघानी यो

जुमला...............................
मेर हुनी सेवामान्या चौघानी यो भाइ
दादा जति लाउलो चौघानी यो
दादा जति लाउंलो चौघानी यो भाइ
सेवा मानी ल्हियै चौघानी यो
तेर दादा लालै त चौघानी यो भाइ

जुमला...........................
मेर हुनी सेवामान्या चौघानी यो भाइ
बौजु जति लाउलो चौघानी यो
बौजु जति लाउलो चौघानी यो भाइ
सेवा मानी ल्हियै चौघानी यो
तेर बौजु लालै त चौघानी यो
सेवालै नमानु चौघानी यो
जुमला ढिलेली सोभा चौघानी यो भाइ
ढणारको मैठो चौघानी यो

## ४.१.३ श्री सुर्माभवानीको चैत

हिउँकी हिमाञ्जल पानीका छाँया
मालमुनी सोलबैना उथपन्थ भया
सोलबैना दुरुगा एकलो मैठोभाइ
उथपन्थ भया माईतै बुडी रया
दाजु मैठा दाजु मेर भलुल्हेन
दाजु मैठा दाजु बरु खोजी देन
खोजुला त खोजुला कां खोज्या पाइए
सातभाइ महालिङ्ग परबत छ नि
छ भाइ महालिङ्ग दानबले खाई
एकलो महालिङ्ग वलानु डोलानु
वलानु डोलानु मालैका थली
तल उबो आउन्या मैठासुर देऊ
मथी उनुझान्या महालिङ्ग देऊ

बाइसैकोश है मारयो छ हाँक
कोडी छै की किउन्या छै छु छु परझान
कोडी नाई किउन्या नाई हौ महालिङ्ग
भाट छै भिकारी छै छु छु परझान
भाट नाई भिकारी नाई हौं महालिङ्ग
जोगी छै जलीया छै छु छु परझान
जोगी नाई जलिया नाई हौं महालिङ्ग

ढोली छै ढडिया छै छु छु परझान
ढोली नाई ढडिया नाई हौं महालिङ्ग
पिपल चौणालीमाई भिट होइग्यान
तमी कहाँ झान्छ महालिङ्ग देऊ
तिरीया खोजन झानौ हौ महालिङ्ग
तमी कहाँ झान्छ मैठासुर देऊ

ज्वाई खोजन झानौ हौ मैठासुर
तमी हमी महालिङ्ग जुवा दाउ खेलु
क्याउ क्याउ परसारी जुवा दाउ खेलु
तमी जुवा जितला त सोलबैना दिउला
हमी जुवा जितुलात बाकरी हेराउला
पैली ढालनु ढाल्यो कनहारयो जित्यो
दोसरी ढालनु ढाल्यो कनहार्यो जित्यो
तेसरी ढालनु ढाल्यो कनहार्यो जित्यो
चौथी ढालनु ढाल्यो कनहार्यो जित्यो
पञ्चै ढालनु ढाल्यो कानहार्यो जित्यो
पैँली ढालनु ढाल्यो महालिङ्ग जित्यो
दोसरी ढालनु ढाल्यो महालिङ्ग जित्यो
तेसरी ढालनु ढाल्यो महालिङ्ग जित्यो
चौथी ढालनु ढाल्यो महालिङ्ग जित्यो
पञ्चै ढालनु ढाल्यो महालिङ्ग जित्यो
चलतमी महालिङ्ग मालैका थली
सोलबैना दुरुगा बियैतमी दिउंला
चलुलात चलुला सोध्यै खर हालु
सोलबैना माझैको को छ नि जेठी
सोलबैना माझैको दुरुगा जेठी
सोलबैना माझैको को हो तपिलि
सोलबैना माझैको मालीका तपिलि
सोलबैना माझैको कोहो छिपिलि
सोलबैना माझैको सुरुमा छिपिलि
सोलबैना माझैको को छ लडेली
सोलबैना माझैको लखमा लडेली
सोलबैना माझैको को छ रूपस
सोलबैना माझैको स्यादे रूपस

ताँहै महालिङ्ग चलुभलु ल्ह्योछ
मन्नीका माल बैसेखु ल्ह्योछ
ताँहै महालिङ्ग चलुभलु ल्ह्योछ
जसपुरी माल बैसेखु ल्ह्योछ
ताँहै महालिङ्ग चलुभलु ल्ह्योछ
कासपुर माल बैसेखु ल्ह्योछ
ताँहै महालिङ्ग चलुभलु ल्हयोछ
रामन्नी माल बैसेखु ल्हयोछ
ताँहै महालिङ्ग चलुमलु ल्हयोछ
बेलहरी माल बैसेखु ल्हयोछ
ताँहै महालिङ्ग चलुमलु ल्हयोछ
मालैका थलि बैसेखु ल्हयोछ
हमीलेत सोलबैना जुवाहारी आया
क्याउ क्याउ परसारी जुवाहारी आया
सोलबैना परसारी जुवाहारी आया
सोलबैना दुरुगाले घुमुटी हाल्यो
घुमुटी हाल्यो मोतिया (आँसु) छाड्यो
मोतिया छाड्यो मुन्टो रिटायो
परबत झानु दाजु ओराली उकाली
उकाली दिउ बैना धौलो ठामरो
ओराली कि दिउ बैना हिउँलोड्या डाणी
परबत जाउ दाजु भोकमरी झाउला
साल जमाल वाइत पुऱ्याउला
परबत जाउ दाजु रूखीमरी झाउला
मालैको घिउतेल वाईत पुऱ्याउँला
परबत जाउ दाजु नाडी मरी झाउला
मालैका कपड्रा वाईत पुऱ्याउँला
हामी दाइजो दियो दाजु खड्कऱ्या डाँडो

सब दाइजो दिउलो खंङ्खर्‌या लैन दिऊ

खंङ्खर्‌या डाँडाको बौलाडी दैत्त

सोलबैना गा दिउला दैत्त कहाँ झान्ना

ल्हियो तमी सोल बैना खङ्क्र्‌या डाँडो

हमी दाइजो दियो दाजु सुङली ग्वालो

सबदाईजो दिउलो सुङली लैन दिऊ

सातै दिनको रोजो पठाईछ

ल्हियो तमी सोलबैना सुङली ग्वालो

लेखबाट झाउत चुडुली स्याँप खान्छ

गाडबाट झाउत लखुवा दानब खान्छ

चलतमी सोलबैना गाडैका बाट

ल्हियो तमी सोलबैना शङ्ख निशङ्ख

ल्हियो तमी सोलबैना जोला निशान

ल्हियो तमी सोलबैना जोला भकर

ल्हियो तमी सोलबैना पाथी दुद्‌या रूपो

ल्हियो तमी सोलबैना नाली बुकी सुन

चलतमी सोलबैना गाडैका बाट

ताँहै सोलबैना चलुभलु ल्हयोछ

बेलहरी माल बैशेखु ल्हयोछ, ताँहै सोलबैना चलुभलु ल्हयोछ

रामन्नीमाल " " " " " ताँहै " " " " "

जलहरी माल " " " " " ताँहै " " " " "

मन्नीका माल " " " " " ताँहै " " " " "

देवीपुन्यागिरी कवानी छाड्‌यो

ताँहै सोलबैना चलुभलु ल्हयोछ

भँवरी कुन्न बैसेखु ल्हयोछ

देवीभौरड्‌या देवी भँवरी कुन्न छाड्‌यो

ताँहै सोलबैना चलुभलु ल्हयोछ

निडालीसैन बैसेखु ल्हयोछ

देवीनिङाली देवी निङाली सैन छाड्यो
ताँहै सोलबैना चलुभलु ल्हयोछ
तेलेका लेक तेल ढोलाइछ
डोटी डडेल्धुरा बैसेखु ल्हयोछ
ताँहै सोलबैना चलुभलु ल्हयोछ
ढुङ्गाड गर्खा बैसेखु ल्योछ
ताँहै सोलबैना चलुभलु ल्हयोछ
डास्या फलिन्या बाटो कटाइछ
देउरा गर्खा बैसेखु ल्हयोछ
छाड तै लखुवा दानउ घाटैका मुनु
बिन्न दाना कसो छाडु घाटैका मुनु
ले तै लखुवा दानउ जोला निशान
जोला निशान मेराई घर छ नि
ले तै लखुवा दानउ शङ्ख निशङ्ख
शङ्ख निशङ्ख मेराई घर छ नि
ले तै लखुवा दानउ जोला भकर
जोला भकर मेराई घर छ नि
ले तैं लखुवा दानउ नाली बुकि सुनु
नाली बुकि सुनु मेराई घर छ नि
ले तै लखुवा दानउ पाथी दुद्या रूपो
पाथी दुद्या रूपो मेराई घर छ नि
हमी दान दियो देवी लखमा लडेली
लाडी बैना तो दिउ लै क्या झाऊ
सब लोगबाग तुइना तराई
लखुवा दानउ गङ्गा डुवाई
तुइनु काटी काटी गङ्गा डुबाई
ताँहै सोलबैना चलुभलु ल्हयोछ
देउरा झानन बैसेखु ल्हयोछ

आज सुनाथली क्याउ झलकन्छ

आज सुनाथली झल झलकन्छ

ताँहै सोलबैना चलुभलु ल्हयोछ

थली थल्यौर बैसेखु ल्हयोछ

दुर्गाले ठाउँ रोज्यो थली थल्यौर

मालिकाले ठाउँ रोज्यो ठिमी ठिम्याउर

सुरुमाले ठाउँ रोज्यो हिउशङ्कर माथि

महांलिङ्ग गाथ माइत कुटीन उपज्यो

कुटकुट सुनमाया लसुनपो कुट

दाइरे  बाउली सुनमाया लसुनपो कुट

बाइरे बाउली सुनमाया मवाडपो बुज

ततीको छीपिली बैना हिउँशङ्कर झान

हिउँशङ्कर झाउलो भनि मनमाई गुमान

जेठी बाठीको बचनपो सहनु

जेठी छाडी जियाहोउ बचनैपो सहनु

खोर्याल घट्याल मेरै भाग बैना

ल्वाड लेगगाँउ  तेरै भाग बैना

जुजी रोकायो मेरै भाग बैना

सैन पसेलो तेरै भाग बैना

कपास्या कपास्या लोग तेरै भाग बैना

भङिर्या भङिर्या लोग मेरै भाग बैना

थलीको पाङर जडी माजै फोडी लिउलो

मेर भाग जतिबैना नासीमासी लिउलो

चौगाउँ थगुनाडा बैसेखु ल्हयोछ

अबलिदो सुरुमाले अतिथीका भेष

अतिथीका भेष कुमालतड पुग्यो

झाँझु झिमिर्याको काँकडीका झूल

उनि छ नि मरथिको उबीछ नि पाउ

झिमिर्याको पुत्तारीले अचम्म धेक्यो
बारभारी कुलिजाको हुम जगाईछ
ओकुल गोकुलको हुम जगाइछ
बारमाना जौं तिल हुम जगाइछ
बारमाना गाईघिया हुम जगाइछ
झाँझु झिमिरया थापा मेर भलु लेन
खरी तीस लाग्यो काकडी खान देन
जति कति लडी जेउडया काकडी खानु काँछ
झाँझु झिमिरयाले अत्थन हात
लङ्डर पुत मेरभलु लेन
इङ्लद्धार माथि तौं अना (ताल)बाद
सुन टोणमाथि हमी अना (ताल) बादु
कुमलतड् बगायो नौ दिनराती
अब लियो सुरुमाले थारैका भेष
कुमटेकी थारैले बिसकुन खायो
घोगाडीको कुमटेकी बिसकुन खायो
घोगाडीको पुतारीले अबगाल दियो
तमर झकुलो पागडो हमी भल पैरु
हमर गुनीउ चोलो तमीभल पैर
कुमटेकी थारैले बिसकुन खायो
राउदु, बाउदु घोगाडी थारैका खोज
ताँको खेद्यो थार डुबाडौणी पस्यो
ताँको खेद्यो थार माट्यासाउ पस्यो
ताँको खेद्यो थार खोराघट्टया पुग्यो
ताँको खेद्यो थार ढाड्यैका लेक
ढाड्यैका लेक सुन जुतो जुत्यो
ताँको खेद्यो थार लोटनी पुग्यो
लोटनी पुगी थार लोटायो

ताँको खेद्यो थार घाणाजोली पुग्यो
ताँको खेद्यो थार जलजला पुग्यो
धौल्या अतुयो जलजला छाड्यो
ताँको खेद्यो थार देलठौर पुग्यो
ताँको खेद्यो थार डुवाडौणी पुग्यो
डुवाडौणी नाची खेली माजकुन्न फाल
राउदु बाउदु घोगाडीको भलजन होउसी
राउदु बाउदु घोगाडीको एक्कै रौसी
एक्कै रौसी निक्कोई होउसी
बाउदु घोगाडी मार्मातर्फ आइछ
राउदु घोगाडी बभ्काङतर्फ गैछ

## ४.१.४ श्री धवलापुर देवताको चैत

बडन पिपलको समुन्द्र पड्या छाँया
कै कोखी पुत्तर कै कोखी जाया
महालिङ्ग बाफ सुनकोखी जाया
सुनको भौरडो फोडी मान्तालोग आया
मान्तालोग आया गुसाई हेरोफेरो चाया
हेरोफेरो चाया चिताभलु आया
चिताभलु आया धरती गैंट्यो किलो
धरतीको किलो मनबि राख पाल
बलिया कि छै गुसाई कन्न कोदाल
होचाई कि छै गुसाई बडो रख्खे बाल
मुङ्गिरी माछीले धरती कम्फायो
कम्फायो धरतीको अन्त न छेऊ
चौँडाडा उदियो धौलापुर देऊ
अबगुसाई धौलापुर थाकाड्या बालो

थाकाड्या बालाईले थाकाड्या बोलाइछ
अवगुसाई धौलापुर वरकन्या भैच
वरकन्या बालाईले वर्यालु बोलाइछ
अबगुसाई धौलापुर फरकन्या भैच
फरकन्या बालाईले फर्यालु बोलाइछ
अबगुसाई धौलापुर थरी खेलन्या
थरी खेलना थर्यालु बोलाइछ
अबगुसांई धौलापुर धुलो खुनन्या
धुलो खुनना धुल्यालु बोलाइछ
अबगुसांई धौलापुर हिलो खुनन्या
हिलो खुनना हिल्यालु बोलाइछ
अबगुसाई धौलापुर पानी बोकन्या
पानी बोकना पन्यारी बोलाइछ
अबगुसाई धौलापुर गोरू हेरन्या
गोरू हेरना ग्वालो बोलाइछ
अबगुसाइँ धौलापुर भैंसी हेरन्या
भैंसी हेरना गोठालो बोलाइछ
अबगुसाई धौलापुर बेजो मारन्या
बेजो मारना पाईक बोलाइछ
मथीबाट हाँक छाड् कालुभैँरौ दैत्त
वरबाट हाँक छाड ल्वादार्या दैत्त
सिडासैन तीर छाड धबलापुर देऊ
तलीबाट हाँक छाड न्वादाऱ्या दैत्त
परबाट हाँक छाड् पन्याल्या देऊ
पैंलीको जु जु अठाकोट दयोछ
दोसरी जु जु सेलामेला द्योछ
तेसरी जु जु ठानाचौड द्योछ
चौथी जु जु कुमाल्तड् द्योछ

पञ्चै जु जु रामणी दयोछ
रामणीमारी मैठा मामा द्योछ
ताँको भाग्यो दैत्त उवासुनी लाग्यो
सब दैत्त मारी शङ्कसुर भाग्यो
इस्याईको खौला उब्याई हाल्यो लाङो
सब दैत्त मारी उपरहाल्यो जाङ
ताँको भाग्यो दैत्त टाणैका टुणा
शिर बैठो गडुल पयाना बैठो काग
टाणैको टुणो फोड्डु धौल्यैका भाग

लयकन्छ बाघपुछ रनकन्छ घाट
टाणैको टुणो फोडयो बेन्नेली झाँट
धौल्यैको मण्डप सुनैका खाम
तेरी सेवा आइधैल्या चौखी अछाम
धाल्यैका मण्डप बाँसैका लुङी
तेरी सेवा आइधौल्या सङलो सुनी
धौल्यैका मण्डप बाज्यो दमाउ
तेरी सेवा आइधौल्या सङलो कुमाउ

धौल्यैका मण्डप सुवाउन्ना घाडु
तेरी सेवा आइधौल्या मऱ्या लै नछाडु
धौल्यैका मण्डप पानीका सीच
तमी होया चोखा निउता हमी राखौ भीच

## ४.१.५ श्री डाँडाबाग देवताको चैत

पारीउनु आउन्या सारसती, वारीउनु झान्या भागरथी
गङ्गाजमुना, भागरथी, तिरीथ माइको को छ बड
तिरीथ माइको भागरथी, बिरीछ माइको को छ बड
बिरीछ भाइको बडपिपल, देवता माइको को छ बड

देवतामाइको भाग्यासर, ठाकुर माइको को छ बड
ठाकुरमाइको नागमल्ल, लेख शिखरको भाग्यासर
सैन सोडारको नागमल्ल, होरा विणि पड्यो भाग्यासर
तैं नानु देउछै भाग्यासर, मै ठूलो ठाकुर नागमल्ल
तै नानु ठाकुर नागमल्ल, मै ठूलो देउछु भाग्यासर
तै ठूलो देउछै भाग्यासर, मेर कोट कम्फारे भाग्यासर
पैलीको बादलु भाग्यासर, कहाँ उनैया भाग्यासर
पैलीको बादलु भाग्यासर, माल थलैया भाग्यासर
दोसरी बादलु भाग्यासर, जयपुर माल भाग्यासर
तेसरी बादलु भाग्यासर, तेलेका लेक भाग्यासर
चौथी बादलु भाग्यासर, फल्टुणा माथि भाग्यासर
पञ्चै बादलु भाग्यासर, कोट अजैमेरु भाग्यासर
वाई चाख बिणि भाग्यासर, कम्फन लाग्यो भाग्यासर
जाड्या कुकुर भाग्यासर, कम्फन लाग्यो भाग्यासर
चुचा चेलानी भाग्यासर, कम्फन लाग्यो भाग्यासर
सङ्लीकोट भाग्यासर, कम्फन लाग्यो भाग्यासर
आफूराजा मुनि भाग्यासर, तुलैखाट माथि भाग्यासर
आफूरानी मुनि भाग्यासर, फिनिखाट माथि भाग्यासर
सैनको गाईभैंसी भााग्यासर, भिटा आकाल्यो भाग्यासर
भुयैंको छाई बिन्नी भाग्यासर, रूख ओकाल्यो भाग्यासर
तैं ठूलो देउछै भाग्यासर, राख हो देउहो भाग्यासर
छोरी चढाउलो भाग्यासर, छोरीको मुणमाई भाग्यासर
फोली चढाउलो भाग्यासर, फोलीको मुणमाई भाग्यासर
बात्तो बलाउलो भाग्यासर
वाई चाख बिडी भाग्यासर, कम्फन रयो भाग्यासर
जाड्या कुकुर भाग्यासर, कम्फन रयो भाग्यासर
चुचा चेलानी भाग्यासर, कम्फन रयो भाग्यासर
सङलीकोट भाग्यासर, कम्फन रयो भाग्यासर

आफू राजामाथि भाग्यासर, तुलैखाट मुनि भाग्यासर
आफू रानीमाथि भाग्यासर, फिनीखाट मुनि भाग्यासर
भिटाईको गाईभैंसी भाग्यासर, सैन ओराल्यो भाग्यासर
रूखैको छाईबिन्नी भाग्यासर, भुयाँ ओराल्यो भाग्यासर

### ४.१.६ श्री लटिनाथको चैत

बडन पिपलको समुन्द्र पड्या छाँया,
कै कोखी पुत्तर कै कोखी जाया
महालिङ्ग बाफ श्री सोभा जाया
बाबु मूल जरम्यो भनि सिन्याभ्काड चाड्यो
सातरात सातदिन सिन्नाईले पाल्यो
बाबु मुल जरम्यो भनि कुकुड्याखोड तेडयो
सातरात सातदिन कुकुडीले पाल्यो
बाबु मुल जरम्यो भनी गाईगोठ तेडयो
सातरात सातदिन गवाडीले पाल्यो
बावुमुल जरम्यो भनि गङ्गा बगायो
उनुबगाई लटिनाथ उबोवगी आयो
बाबु मुल जरम्यो भनि भिटा लोटायो
उनु लोटाई लटिनाथ उबोलोटी आयो
ताँहै लटिनाथ जुमला देश
भ्कालीदिदी मालीपुइजु रनु जग्गादेन
रन्छै त लाट्या भदु पिठि पछिरन
मुख अघि मै छु पिठी पछिरन
ताँहै लटिनाथ चलुभलु ल्ह्योछ
तलाइमाणौ सेलाखोचा बैसेखु ल्हयोछ

### ४.१.७ नवरात्रीको चैत

भित्तिको खौला चन्दन डाली सोइखेती बोइहाल्यो धान
काँतिर माताको जरम भुमि, काँतिर रचियो थान
मालैरे मुनि जरमभूमि, हिमाल रचियो थान
कैलैरे माता मालैरे मुनि, कैलैरे माता हिमाल
चैत्या अष्टमी होलो हिमाल पाइलो सार
हिमाल पाइलो सारन्ना माता , क्याउको लिन्ना सार
धौलोरे ठामरो होलो सुकिलो पाखर
रूपाखर डाणीरे होलो रूपाइको कलस
कात्तिक बिजयादशैं मालैरे पाईलो सार

मालैरे पाइलो सारन्ना माता क्याउको लिन्ना सार
कालोरे मौर्‍या घोडोरे होलो रातीरे पाखर
सुनैखर डाणीरे होलो सुनको कलस
कसु सुन्दरसुवा गाजल मोही कसु मन्दिर सुवागेरु
तिलक सुन्दर सुवा गाजल मोही विजया मन्दिर सुवागेरु
पत्थर छैइछाई देवीका मण्डप काँपाट उवीराम हेरू
पत्थर छैइछाई देवीका मण्डप देलीपाट उबीराम हेरू
क्याउले भरिन्ना देवीका मण्डप क्याउले भरिन्ना भणार

लोग भरिन्ना देवीका मण्डप पाती भरिन्ना भणार
क्याउले भरिन्ना देव पटौखानी क्याउले भरिन्ना भणार
लोग भरिन्ना देव पटौखानी गौंत भरिन्ना भणार
क्याउले भरिन्ना ............................
लोग भरिन्ना देव पटौखानी निउज भरिन्ना भणार
क्याउने .......................
लोग भरिन्ना देव पटौखानी घिया भरिन्ना भणार
क्याउले..............................
लोग भरिन्ना देव पटौखानी दिया भरिन्ना भणार

क्याउले.......................

लोग भरिन्ना देव पटौखानी केला भरिन्ना भणार

क्याउले........................

लोग भरिन्ना देव पटौखानी पैसा भरिन्ना भणार

क्याउले ............................

लोग भरिन्ना देव पटौखानी दुध भरिन्ना भणार

जो नर ल्यालो भोगकि पाती काखी खेलाउन्ना नाती

जो नर ल्यालो भोगकि केला, काखी खेलाउन्ना चेला

जो नर ल्यालो भोगकि पैसा, ठाट भरिन्ना भैसा

क्याउको लागली पुजपोखल क्याउको लागली भोग

पातीकी लागली पुजपोखल निउजकी लागली भोग

क्याउको.....................................

पैसाको लागली पुजपोखल दुधको लागली भोग

क्याउको ..........................

सुनैका लागली पुजपोखल केलाकी लागली भोग

कसुले मालिका झाउझाउ भन्यो कसुले लियो अगिवाल

धरमीले मालीका झाउझाउ भन्यो पापीले लियो अगिवाल

धरमी लोगकी रातै उज्यालो पापीकी दिउसै अन्यारो

धरमी पाडलो धरमी गाठो पापीको रोइ रोइ नाठो

बुढी ओडारहै निकस्यो पानी लोगरे बैठा छ नि

धरमी छिरलो धरमी दुला पापीको खोाचिन्ना घुणा

लोडीछाड्या मैले जेउडी छाडया, छाड्या मैले पापैका भारी

मालिकामाई पापहरी

ध्याचौठी छ कि ध्याचौंठी छाड्या मैले पापैका भारी

मालिकामाई पापहरी

### ४.१.८. श्री रामचन्द्र भगवानको चैत

सकरथ राजाको भगरथ राजा
भगरथ राजाको दशरथ राजा
दशरथ राजाको रामचन्द्र भैच
भुज छतिउरी निङालीका भिण
राजाका अङ्गुली उपजी पिड्
माल मदेश है बैजी अनाईछ
नै भयो राजाको अङ्गुली ओत
लेख सिकरहै जडी अनाई छ
नै भयो राजाको अङ्गुली ओत

जो रात सेलो राजा कौशिल्ला बास
कौशिल्ला बास दुःख ब्याउनो भोल
जो रात सेलोराजा सोसिल्ला बास
सोसिल्ला बास घुरी नीन लाग्यो
पस तमी सोसिल्ला बैजी पो पस
जब राजा बाँचाबोल बैजी पसौला
एक बाँचा दुई बाँचा पञ्चै बाँचा
पञ्चै बाँचा टली झांउत कुपिनर्क पडु

राम लक्ष्मण दियो बनबास
भरत चतुर आयोध्याकी राज
राम लक्ष्मण अइडोली गया
सिउद्धार याङ्क खडैखड लेख्यो
लायो मारिक खाना तितरीका खोज
तितरीका खोज ढुङ्गी हराना
लायो मारिक खाना रतुवाको खोज
रतुवाको  खोज तिउडा हराना
लायो मारिक खाना घोडरका खोज

घोडरका खोज चाँच हराना

लायो मारिक खाना तेयैंका खोज

तेयैंका खोज भिटा हराना

लायो मारिक खाना थारैका खोज

थारैका खोज डौणी हराना

लायो मारिक खाना झालरैका खोज

झालरैका खोज शिखर हराना

लायो मारिक खाना जडीयाको खोज

जडीयाको खोज टाप हराना

लायो मारिक खाना चितलका खोज

मार्‍या चितल भारी बोकी ल्यायो

जिउनु हरिण नथ्यै घर ल्यायो

भौल्या लछिमन पटौखानी वैठो

धाउन रामचन्द्र भितरीकोट

एकपाउ भितर एक पाउ बाहिर

सिउँद्धार याङ्क लछिमन घेक्यो

भितरको पाउ दाजु बाहिर निकास

हेर दाजु रामचन्द्र सिउँद्धार याङ्क

सिउँद्धार याङ्क मनै मन बाँच

मनै मन बाँच धुडै धुड रुन्छ

राम लछिमन दियो वनवास

भरत चतुर अयोध्याको राज

बाबारे जति दशरथ कसुरे सौपी झाऊ

बाबारे जति दशरथ भरत चतुर सौपी झाऊ

जियारे जति कौशिल्ला रानी कसुरे सौपी झाऊ

जियारे जति कौशिल्ला रानी बावारे सौपी झाऊ

अयोध्याको राजरेपाट कसुरे सौंपी झाऊ

अयोध्याको राजरेपाट भरत चतुर सौँपी झाऊ

तेररे भाउजु सीतारे रानी कसुरे सौपी झाऊ
भाउजुरे जति सीतारे रानी संगै लैपो झाऊ
रिउली पिउली मारिक भौल्या कसुरे सौपी झाऊ
रिउली पिउली मारिक दाजुसँगै लैपो झाऊ
धनुकी धनठूणी भौल्या कसुरे सौपी झाऊ
धनुकी धनठूणी दाजु संगै लैपो झाऊ
रनरे बन बिचारे बन अयोध्या चिठाऊ
आयोध्याको कोटरे काणोंसँगै लागि ग्यान
सत्य सीतारानी तै भनि बोल
तमी भन्नु पुरिखसाई तैं कसो भनु
अयोध्याकोट बिलक्षण लाग्यो
रनरे बन बिचारे बन अयोध्या चिठायो
फूल भाडी लायो छ बेडै बाहिर
रामचन्द्र लछिमन गयो अइडा
लङ्का है तपस्या आईछ
दे सीता तपस्या भिख
बनैमा रन्छु बनैका फल खान्छु
क्याउको दिऊ जोगी भिख
जे राजा रामको ठायो चलन्ना सोइको दे सीता भिख
देलीबाट दिउत लछिमनको रेखो गुन्धोली (झ्याली) भसमको रेखा
नै त सीताको हातपाउ धेक्या नै रनु सीताको सत्त
झ्याल झुलेलीबाट बाउली छिराइछ सिउ सीता रथ चडाइछ
सिउ सीता रथ चलाईछ, सिउ सीता लङ्का पुऱ्याइछ
जमुनाको तिरमाई आगो धुकाइछ
सीता टिपी राबणले लङ्का पुऱ्याइछ
मुलरे मजेलीको घुङ्रया तालु
हौ भौल्या लछिमन क्याउ मर्ता सालु
नानु भाल्या ठूलो पोथी हाल्यो फट्टक

छिउनी लाख नरलोग खेडौ कटक
सुनै हरी बागो पैर्‍यो रामगाथमाई
छीउनी लाख नरलोग रामसाथमाई
बारै भ्याङ्ग बन्सापति रामसाथमाई
लेट्टयान भ्याकुडो गयो रामसाथमाई
तितरो, च्याखुरो गयो रामसाथमाई
सातभाइ सिद्धौं गयो रामसाथमाई
हनुमान जोधा गयो रामसाथमाई
अङ्गद पाइक गयो रामसाथमाई
तेत्तीसकोटी देवता गया रामसाथमाई
धारमाथि रतुवाको लागि टोटली
रामज्युको दल उठ्यो लाग्यो बटोली
सात समुन्द्रमाई बासो लियोछ

लछिमन जोधाले बाहां (हात) उठायो
हनुमान जोधाले हाल्यो फट्टक
फटौसिला माथिमाई फट्टक पुर्‍यायो

फटौसिलामाथिको को लोग्या हैला
रामको चाकर हौ हनुमान
फटौसिला मुनिको को लोग्या हैला
लङ्का राउन्न्या को नौ गरह
ग्रह नमान हमरी उकास
उकास ग्रह पुणी फरक
दशशीर रावण रास बसौला
पाट नवालीको लोग्या आइछ
लामी चुचडी चामणी मुख
हेट्टिन चानी बानरका रूप
जधौ सीतारानी जे हनुमान
पुरीख रामचन्द्र सुकालो गाथ

राजा रामचन्द्र याई पौची र्‍यान
देउर्‍या लछिमन सुकालो गाथ
लछिमन जोधा याई पौंची र्‍यान
द्यान दशरथ सुकालो गाथ
दशरथ राजा सरग होइग्यान
सासु कौशिल्ला सुकालो गाथ
कौशिल्ला रानी सती होइग्यान
हमी त सीतारानी भोग लागि ग्यान
झड्यो पड्यो फल टिपी खाँ हनुमान
दाख, दाणिम, टसक जनला हनुमान
जडो दाणिमको सरग्या लोग
टुपो दाणिमको पाताल देश
मल्ल कानली पुणु राबण दौड
तल्ल कानली पुणु हनुमान दौड
मल्ल कानली है हाणी हाल्यो तीर
एक बाल काट्यो हनुमान वीर
तल्ल कानलीमाई हनुमान रुन्छ
मल्ल कानलीमाई रावण रुन्छ
कौ हनुमान तमरी मरम
पातालको भमर पाउमुनि चेप
आकाशको भमर अकाशै मार
ताईमाई मरम रावण वीर
सडली लङ्काको कपडा खेड
कपडा खेठ पुछर बेड
सङलो लङ्काको घिउतेल खेड
घिउतेल खेड् पुछर ढोल
पुछर ढोल आगो सिल्काउ
सङ्ङली लङ्काको कपडा खेड्यो

कपडा खेड्यो पुछर बेड्यो
सङ्ङली लङ्काको ध्यूतेल खेड्यो
ध्यूतेल खेड्यो पुछर ढोल्यो
पुछर ढोल्यो आगो सिल्कायो
लङ्का बाली की लङ्का वाली
ताँको फट्टका फटौसिला हाली
हौ हनुमान जोधाहे, जाधाहे
क्षारसमुन्द्रमाई तार लायोछ
सबै तमी लोगबाग लङ्का तरायो
जधौ राजा रामचन्द्र तमुई शरण
पयेली भारत पड्यो कुम्भकरण
जधौराजा रामचन्द्र शरन सित
दोसरी भारत पड्यो इन्द्रजित
जधौराजा रामचन्द्र शरन सिर
तेसरी भारत पड्यो रावण वीर
लङ्का है त रामज्यूले उबी पाउ धरी
भरत चतुर लछिमन भाइ
लङ्का सरासेत रामले लाई
लाई हाल्यो केलडीको फरकै पात
अबिदु रामको अविदु जात
आधालोग खान पस्या आधा रोसिया
मन्दुदरी रानी त बाटै बोसिया
तलिहड घोगीया उबी कुसुम
कि त राजा मुलै लैजा कि दे हुकुम
तलीहड् घोगीया, उबीकुसुम
तमी रानी क्याउकी लिउला दिउला हुकुम
कली जुग माथिको राजै दियोछ
अयोध्याकोट तुड् तुडया पानी

लङ्काको गै सीता अयोध्या आनी

उईराजा रामको उईसीता रानी

भौल्या लछिमन भलोगर्‍यै लङ्का सादोयो आई

सकत हमर लाग्यो तबतमर राजा रामकी जे

हनुमान जोधा भलागर्‍यै लङ्का सादीयो आई

सकत हमर लाग्यो तबतमर राजा रामकी जे

अङ्गद पाइक भलोगर्‍यै लङ्का सादीपो आई

सकत हमर लाग्यो तबतमर राजा रामकी जे

सातभाइ सिद्धौराठ भलोगरयै लङ्कासादी पो आई

सकत हमर लाग्यो तबतमर राजा रामकी जे

छीउनी लाख नरलोग भलगर्‍यै लङ्का सादीपो आई

सकत हमर लाग्यो तबतमर राजा रामकी जे

## ४.२ मार्माक्षेत्रमा प्रचलित चैतहरूको तत्वगत विश्लेषण

### ४.२.१ श्री महादेव देवताको चैत

#### (क) कथासार वर्ण्यविषय

यस श्री महादेव देवताको चैतको कथासार यस प्रकार रहेको छ :- जलथल भूमिमा अम्मर (एक प्रकारको फलको बुटो) को बुटो उम्रेको र त्यस बुटोको विकास भएको र चारै दिसामा फैलिएको, पूर्वको हाँगो देवपुरी भएको, पश्चिमको हाँगो धनपुरी भएको, उत्तरको हाँगो दैत्यपुरी भएको, दक्षिणको हाँगो अन्नपुरी भएको कुरा वर्णन गरिएको छ । त्यसपछि अम्मरको कोपिला लागेको, बाइस वर्णको फूल फुलेको, बाइस वर्णकै फल लागेको त्यसमध्ये सबै फल झरेर ७ वटा फलमात्र बाँकी रहेको र त्यही ७ वटा फलबाट भाइ महादेवको जन्म भएको कुरा कुरा उल्लेख गरिएको छ । यहाँ महादेव देउताको सात भाइ उत्पत्ति भएको कुरा उल्लेख भएको छ र पछि गएर सुर्माभवानीको चैतमा ६ भाइलाई दानवले खाएर १ भाइ मात्र बचेको कुरा उल्लेख गरिएको छ । महादेव उत्पन्न भएपछि हिमाञ्चलमा गएर बसेको हुँदा हिउँको हिमालको छाँया पानीमा भएको कुरा यहाँ उल्लेख गरिएको छ । त्यसैगरी शिवालिङ्गको रूपमा रहेका महादेव धवलाडी बोहराको काधमा चढी गङ्गा निकटमा स्थापित गरेको र त्यहाँ मन नपरेपछि  गणपति (गणेश वा सेनापति) लाई साथमा

लगेर शिखरतिर लागेको देखिन्छ । त्यसपछि शिखरमा गएर आफ्नो थान वा मण्डपव स्थापना गरेको संवादात्मक वर्णन पाइन्छ । महादेव देउताको मण्डप बनाउँदा कस्तो किसिमको बनाउने भन्ने विषयमा यहाँ भनिएको छ दशबिस  हातको बान्नो (दिवाल) लगाउने, नौं नौं हातको विणि काट्ने, बाइस हातको मण्डप चिन्ने (बनाउने) हिरूमै सिरुमैको धुरी काट्ने सल्लाई दल्लाईको डाणा कराउने, बाबियाले मण्डपको छानो हाल्ने, हिरूमा नामकी धमेनीलाई कमेरोले  मण्डप छिपाउने र पानी छैन भन्दा कालीनागले पानीको मूल फुटाई दिएको कुरा वर्णन गरिएको छ । मण्डप  निर्माण भैसकेपछि बाह्रकुडी गौतले मण्डप चोख्याएको, दुधले शिवलिङ्ग धोएको, बाह्रपारो दुधले शिवलिङ्ग धोएको, बाह्रभारी कुलिजोको पाती चढाएको ओकुल-गोकुलको होम जगाएको, बारमाना गाईको घिउले होम गरेको र चिच्याउने पाठोको बलि दिएको, बाह्रहातको गजिनाको नेजा चढाएको र देउच्या पूजारोबाट देऊबाली मैपत्याधामी कामेको र बिहान समेत जागाराम बसी पाटमा बस्न अनुरोध गरेको कुरा यस चैतमा वर्णन गरिएको छ ।

**ढुस्को**

यस चैतको बीचमा कथानक परिवर्तन गर्दै ढुस्को पनि गाउने गरिन्छ । यो ढुस्को पनि यसै चैतको एक अंश भएकोले यहाँ उल्लेख गरिएको छ । यस ढुस्कोको सुरुवात ढुस्को हुनुपर्छ । यहाँ खेल खेल्दा हुने रमाइलो वा मनोरञ्जनको वर्णन गरिएको छ । यसमा भनिएको छ लोग घमासान तरिकाले खेल खेल्न तयार भए, न्याउर जस्ता वाजा छन्कन थाले, नयाँ नयाँ कपडा पैरेर (लगाएर) तम्तयार भए, सबै एकै स्वरमा गाउन थालौ वा थाले भन्ने आव्हान सहितको वर्णन पाइन्छ । त्यसपछि महादेवको गाथा सुरु गर्दै ढुस्को अघि बढ्छ । यसमा शिवजी वा महादेव गया (भारतको पवित्र तीर्थ) जाने इच्छा व्यक्त गर्दछन् । त्यसपछि सबै देवीदेउतालाई कहाँ जाने इच्छा भनी सोध्दा भागरथी नदी स्नान गर्न जाने कुरा बताइन्छन् र गया जाँदा कस्ले साथ दिन्छ भन्दा एकपछि अर्को देवीदेउताहरू साथ दिने कुराको वर्णन यसरी गरिएको छ, शिवलिङ्ग गयाभ्हान कस्ले  साथ दिन्छ ? शिवालिङ्ग गया भ्हान भूमिराज (मस्टा) साथ, भूमिराज गयाभ्हान सुनमाया (सुरुमा भवानी) साथ सुनमाया गयाभ्हान धौलापुर साथ, धौलापुर गयाभ्हान लटिनाथ  साथ, लरिनाथ गया भ्हान हटिनाथ साथ, हटिनाथ गयाभ्हान डाँडाबाग साथ, डाँडाबाग गया भ्हान लाकुडादेउ साथ लाकुडादेउ गया भ्हान कालसैन साथ, जाने कुराको वर्णन गर्दै ढुस्को सकिन्छ ।

**श्री महादेवको जगरम**

ढुस्को पछि फेरि महादेव देउताको जगरम गाउने प्रचलन छ । यसमा पृथ्वी, स्वर्ग, देवीदेउताको उत्पत्तिको बारेमा वर्णन गरिएको छ ।

तलहेरे अन्कन्टार, माथि हेर अन्कन्टार पूर्वबाट गडुल आयो, पश्चिमबाट गडुलेली आइन, गडुल गडुलेनीको भेट भएरसँग साथ भयो । सँगसाथ हुँदाहुँदा हाँस खेल भयो । हाँसखेल हुँदाहुँदा अण्डा पाएछ । अण्डालाई सुनरूपी पखेटा भित्र कोरेले पछि, सुनौलो चुच्चोले कोरल्दा अण्डा फुटेर नौखण्ड भएको त्यही नौखण्डको ग्रह भएको सङ्केत यसले दिन्छ । त्यसपछि अण्डाको माथिल्लो खोपरीको स्वर्गलोक, तल्लो खोपरीको मान्तालोक वा पृथ्वीलोक भएको, वरपरी खोपरीको डाँडाकाडा बीचको केशर पहेलो भागको चन्द्रसूर्य, खसेको छिट वा थोपाको हंशराज भएको, बालक महालिङ्ग त्यसमै उत्पत्ति भएको, तेत्तीस कोटी देउताको उत्पत्ति त्यही भएको कैलीगाई  त्यही उत्पत्ति भएको हल वलद् (गोरू) त्यही उत्पत्ति भएको कुराको वर्णन यस जगरममा पाइन्छ । यसले सारा श्रृष्टिको उत्पत्तिको बारेमा वर्णन गर्न खोजेको देखिन्छ ।

**आख्यान /कथावस्तु**

यस महादेव देवताको चैतको कथावस्तु पौराणिक पुराण एवं किंवदन्तीहरूमा आधारित छ । पुराण वा धर्मग्रन्थमा उल्लेखित भगवान महादेवको उत्पत्ति र तत्स्थानमा त्यसको स्थापना र प्रभाव कसरी भयो भन्ने विषयमा यो चैत केन्द्रित छ । यस चैतमा पृथ्वीको उत्पत्ति हुँदा सारा संसार जलथल वा पानी र माटोको गिलोगिलो भूमिमा अम्मर भन्ने बोटको विकास भएको र त्यसैको फलबाट सातभाइ महादेवको जन्म भएको उल्लेख छ । यहाँ हामीले वैदिक तथा लौकिक धर्मशास्त्रहरूमा पढेको सुनेको भनेको महादेवको एकै रूप छ, तर यस चैतमा सातभाइको जन्म भएको कुरा गरिएको छ तर अन्तत ६ जना भाइहरू दानवले खाएर एकभाइ मात्र बचेको भन्ने कुरा पनि यिनै चैतहरूमा पाइन्छ । त्यसैले महादेव एकै भएको कुरा पुष्टि गर्दछ । यस चैतमा स्थानीय बोहरा जातिको काधमा चढेर महादेव आएका र तिनको बासस्थान नदी किनारमा नभएर शीखर वा डाँडामा भएको र त्यहाँ स्थानीय वासिन्दाहरूलाई मण्डप बनाउन लगाएको कुरा उल्लेख गरी चैतको कथावस्तु टुङ्ग्याइएको छ ।

**ढुस्को**

महादेवको चैतमा ढुस्को पनि समावेश गरिएको छ । यो पनि चैतसँगै जोडिएको तर फरक कथावस्तु भएको आख्यान हो । यसमा महादेवदेउतालाई हिन्दूहरूको महान तीर्थ स्थल भारतको गया जाने इच्छा भएको र उहाँलाई साथ दिन स्थानीय सबै देवीदेउताहरू तयार भएको कुरा उल्लेख गरिएको छ । यसलाई विभिन्न हाउभाउका साथ गाउँदै नाँच्दै खेलिने गरिन्छ ।

**जगरम**

यस चैतको अन्तमा जगरम गाउने प्रचलन छ । यस जगरमको कथावस्तु श्रृष्टिको रचनासँग रहेको देखिन्छ । यहाँ गडुल र गडुलेनीको संसर्गबाट भएको र त्यसको अण्डा फुटेर नौग्रहको उत्पत्ति भएको, माथिल्लो खोपरीको स्वर्गलोक र तल्लो खोपरीको पृथ्वी भएको कुरा उल्लेख छ । त्यसै गरी चन्द्र सूर्यको उत्पत्ति, हाँस लगाएतका पङ्छीहरू र गाई गोरूको उत्पत्ति र महादेव सहितका तेत्तिसकोटी देवीदेउता पनि त्यहीं उत्पत्ति भएको कुरा उल्लेख गरिएको छ ।

**लयविधान**

यस महादेव देउताको चैतको लय मुक्तलोकलय हो । यसमा लामा छोटा पङ्क्तिबाट लयविधान गरिएको छ । अन्त्यानुप्रास अलङ्कारको प्रयोगले गाथालाई सङ्गीतात्मकता प्रदान गरेको छ । यसमा ढुस्को, जगरमका माध्यमबाट लयगत विविधता उत्पन्न गर्ने प्रयास भएको देखिन्छ । यसमा शब्दहरूको प्रयोग सरल, सहज ढङ्गले भएकोले गाउँदा सलल वगेको देखिन्छ । यो लामो स्वर गरेर एउटै पङ्क्तिलाई पनि दोऱ्याएर गाउने गरिन्छ । यसरी यस गाथाको लयविधान सुन्दर ढङ्गले रचिएको देखिन्छ ।

**भाषाशैली/कथन पद्धति**

यसमा डोटेली भाषिक रूपको प्रयोग भएको छ । अझै भनौं डोटेली भाषिकाभित्रको पनि उपभाषिकाको प्रयोग भेटिन्छ । यसमा स्थानीय चलनचल्तीका शब्दका साथै प्रचलित शब्दको प्रयोग पनि गरिएको भेटिन्छ ।

यसमा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग भएको देखिन्छ । यसको समाख्यान गाथाभित्रको पात्रले नभएर गाथा बाहिरको व्यक्तिले वर्णन गरेको छ । भाषिक दृष्टिले यो गाथा सरल सहज तथा अभिव्यक्तिमा सरस रहेको छ ।

**पात्र/चरित्र**

यस गाथाको प्रमुख पात्र भगवान महादेव हुन् । यहाँ उनको उत्पत्तिदेखिको वर्णन गरिएको छ । यस चैतमा महादेवको मन्दिर (मण्डप) स्थापना गरेको र त्यस मण्डपमा जनताहरूले दियो वाली पूजाआजा गरेको कुरा उल्लेख गरिएको छ । सायद यसै समयदेखि हुनु पर्दछ आजसम्म पनि महादेवको मण्डपमा साउन महिनामा हुने जाँत (जात्रामा) मेला लाग्ने गर्दछ र मानिसहरू (भक्तजनहरू) टाढा टाढाबाट पनि पूजाआजाको लागि आउने गर्दछन् ।

यसको साथै ढुस्कोमा सहायक पात्रको रूपमा सुनमाया, धौलापुर, भूमिराज, डाँडाबाग लटिनाथ, हटिनाथ, लाकुडादेउ, कालसैन जस्ता देवीदेउता सहायक पात्रको रूपमा आएका छन् । जगरममा गडुल, गडुलेनी, हाँस गाई, गोरूहरू मानवेतर पात्रको रूपमा चित्रण गरिएको छ । यसरी यस गाथामा पात्रहरूको कमजोर ढङ्गले सानो आख्यानमा चरित्रचित्रण गरिएको देखिन्छ

**परिवेश**

प्रस्तुत गाथा पौराणिक विषयवस्तुमा आधारित भएकोले पात्रहरू पौराणिक वा लौकिक भएपनि किंवदन्तिको आधारमा स्थानीय परिवेशको चित्रण गरिएको देखिन्छ । यसमा स्थानीय मण्डपको चर्चाले गाउँघरमा हुने महादेवको थान वा मण्डपलाई जनाइन्छ । खासगरी मार्मा क्षेत्रको घुसा गा.वि.स. अन्तर्गत पर्ने घुसा धार (डाँडो) मा अवस्थित महादेवको मण्डपमा साउन महिनामा ठूलो जाँत (मेला) जात्रा हुने गर्दछ र त्यही जात्रामा यो चैत गाउने गरिन्छ ।

यसैगरी चैत तथा ढुस्कोमा भारतको गया, भागीरथी नदी, हिमाल, ताल आदिको चित्रण गरिएको छ । यसरी स्थानीय र पौराणिक धार्मिक तीर्थस्थलका परिवेशको वर्णन पाइन्छ ।

**उद्देश्य/भाव**

यसको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै देवीदेउताप्रति भक्तिभाव प्रकट गर्ने र समाजलाई नैतिक वन्दनमा राखी आदर्श समाज निर्माण नै हो । साथै यस गाथाले भगवान महादेव प्रति भक्तिभाव प्रकट गरेको छ ।

## ४.२.२ श्री भूमिराज देवताको चैत

**कथासार/ वर्ण्यविषय**

भूमिराज देवता पश्चिम नेपालको जनसमुदायमाझ प्रख्यात देवता मध्ये एक पर्दछ । यस देवतालाई मस्टा, मैठो, मस्ठो, मुस्टो, मुइठो, मुइठा आदि नामले पनि जनाइन्छ । भाषाशास्त्री बालकृष्ण पोखेलका अनुसार मस्टाका दिदी भगवतीकालीलाई राक्षसहरूले दुर्व्यवहार गरेको र आफ्नो ज्यानको प्रवाह नगरी शीर थापेर राक्षसहरूलाई सङ्ग्राममा पराजित गर्न सफल भएकोले यिनलाई मस्तिकदेवता भनिएको र कालान्तरमा यो शब्द मस्टा बनेको भन्ने कुरा बताएका छन् ।[१] यिनलाई लोकजनको रक्षा गर्ने भएकोले क्षेत्रपाल पनि भनिन्छ भन्ने कुराको उल्लेख पनि भेटिन्छ । यहाँ तिनै भूमिराज देउताको वर्णन यसरी गरिएको छ ।

वर पिपलको समुन्द्रमा छाँया परेको छ, कस्को पुत्र कस्को कोखबाट जन्मेको हो ? भन्दा इन्द्रको पुत्र माण्डवीको कोखबाट जन्मेको र सुनको भौरडो (प्वाल, धर्ती फाटेको) फोडेर पृथ्वीलोकमा आएको, जताततै हेरे सारा पृथ्वीको भ्रमण गरेर एक ठाउँमा चित्त बुझेपछि किलो ठोकेर मनमा साँची राखेको र वलिया सामन्त वा राक्षसको लागि कम्मरमा कोदाली लिएको र होचा निर्धनहरूको रक्षा गर्ने छन् भन्ने कुराको वर्णन गरिएको छ ।

त्यसैगरी सुरुमा किमढालमड त्यसपछि वान्नीकामड, ढणारमड, चौथोमा, रामणीमड, पाँचौंमा देउबाजमण भन्ने ठाउँ रोजेको र तिनै ठाउँहरूमा मस्टाको थान (मण्डपहरू) रहेको कुरा उल्लेख छ । देउवाजमड आउँदा कसैले थाहा नपाएको र रिमिचिमी बोहराको कैलीगाईले मात्र थाहा पाएको, कैलीगाई रातिराति गल्याउ (दाम्लो, डोरी) चुडी देउवाजमड गएको, रिमिचिमी वोहराले, बाह्रभारी घाँस, बाह्रपल्ला दो (खोले, खोलानी), दिदा पनि

---

[१] जयराज पन्त, **मष्टापरम्परा र त्यसका गीतहरू** (काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि., २०६४), पृ. ३ ।

नअघाएर किन गल्याउ चुडी रातिराति जान्छ भन्दा देउवाजमड गएको र मेरो पूजाआजा गरेपछि दुधको भडार भरियलो भन्ने जस्ता कुराको वर्णन पाइन्छ । त्यसैगरी खाणाछुरी बोहराको पाठो हराएको, रनवन जताततै हेर्दा पनि नभेटिएको र छुरीबोहरा ढणारमड गएर मस्टाका मण्डपमा धामी, पूजारालाई दियो वाली पाट बसी देऊ भन्ने अनुरोध गर्दछ । यसरी पूजाआजा गर्दा मैठोको अवतार धामीमा भएको र नौ कम्फ, अठार  कम्फ, बाइस कम्फ (कामेको) लिएपछि टोल मारेको, सुङ्रया पाठो हरायो, कहाँ गयो होला भनी सोद्धा तेर पाठो-छत्तऱ्या (ठाकुर, राजा) ले खाएको हो भन्यो । त्यसपछि छुरी बोहरा स्वाकोट गएर मेरो पाठो तपाइँले खानु भएको छ  भन्दा उल्टै कसले देख्यो, कस्ले भन्यो भनी हप्काउँछ र मेर कुले देउता मैठा (भूमिराज) ले भनेको हो भन्छ । त्यसपछि मैठालाई गाली गर्दै अब भोलि तिम्रो मैठाको परिक्षा हुन्छ । भोलि देखिन्छ सत्य हो कि होइन भनी फर्काउँछ । पाठालाई घाटीमा फलामको खेपो लगाएर ढणारमड आउँछन् र धामी पूजारीलाई वोलाएर देऊ वाली पूजा गर्दछन्  र पाठो चढाउँछन् । त्यसपछि मैठो औतार हुन्छ र पाठोलाई गन्युरमा लगी दाँतले काट्न खोज्दा सबै बत्तिसै दाँत फलामको खेपोको कारण झर्दछन् । त्यसैले मैठोलाई थोतेमैठो भनिएको कुरा उल्लेख छ । त्यसपछि मैठो रिसाउँछ र ठाकुर छत्तऱ्यालाई श्राप दिँदै तिम्रो नातिलाई दर्जा बढाएर राजा बनोस् भन्दछ र छुरी हान्दा मैनाखाम (मुख्य खाममा गाडिएको र त्यसलाई निकाल्न रामपास ल्याउन आग्रह गरी चैत समापन भएको छ ।

यसरी भूमिराज (मष्टा) को बारेमा वर्णन गरिएको यस चैतमा ढुस्को पनि गाउने, खेल्ने प्रचलन रही आएको छ । जुन निम्न अनुसार छ ।

ढणारको मैठोको मण्डप अगाडिको चौघानी (चौतारी, खलङ्गा) मा सबैलोग ( मानिस) मेरो सेवा गर्न आए तर जुमला ढिलेलीको सोभा किन आउँदैन ? भनेर प्रश्न गर्दछ त्यसको उत्तरमा सोभा भन्दछिन मेरो सेवा मानि दिनु म बावालाई पठाउँछु तर मैठो भन्छ तिम्रो बाबा लाएपनि तिम्रो सेवा मान्दैन तिमी आफै आउनु पर्छ । यसरी प्रश्न र उत्तरको शैलीमा आएको यस ढुस्कोमा सोभाले आफ्नी आमा, काका, काकी, दादा, भाउजुलाई सेवागर्न पठाउँछु भन्दा पनि मैठो मान्दैनन् र मेरो सेवा गर्ने भए तिमी नै आउनु पर्दछ भन्ने प्रेमभावपूर्ण ढुस्को गाउने प्रचलन रहेको छ । यसमा सोभा भन्ने केटी मैठो (भूमिराजले) मन पराएको केटी हुनुपर्दछ । त्यसैले सबैजना आएको बेला सोभा नआउँदा मनमा पीर परेको र आफ्नो माया पोख्न नपाएको जस्तो संवादात्मक शैलीको चैतको वर्णन यस ढुस्कोमा भेटिन्छ ।

**आख्यान/कथावस्तु**

यस चैतको कथावस्तु पौराणिक विषयवस्तुबाट लिइएको किंवदन्तिमा आधारित विषयवस्तु हो । तेत्तिसकोटी देवताहरू मध्येको एक देवता भूमिराज (मष्टा) पनि हो । विभिन्न चैत, भोल्लाउलो, धमारी, जगरम, फाग, सगुनको आधारमा हेर्दा भूमिराज अथवा मस्टालाई दुर्गाभवानी लगायत देवीहरूको दाइ अथवा भाइको रूपमा चरित्र गरिएको छ । पश्चिमको स्थानीय परम्परामा भूमिराजलाई मस्टा रहनुको कारण यसलाई भूमिको देवता वा भूमिपुत्रको रूपमा चिनिने भएकोले यसलाई भूमिराज भनिएको हो । स्थानीय भाषामा कतै कतै माटे देउता पनि भनिन्छ ।

भूमिराज देवताको विभिन्न रूपको चर्चा हामी पश्चिमतिर भेटाउन सक्दछौं । कही दुधे मैठो दाह्रे मैठो, थोते मैठो आदि नामले  पुकारिन्छ । यो मैठाको रूपहरू हुन् । त्यसैले कुनै मण्डपमा दुध चढाइन्छ भने कुनैमा बली चढाइन्छ । यस चैतमा पनि बली चढाउने कुराको वर्णन भेटिन्छ र अन्तमा राजाले छल गरेर बलि दिने पाठोको घाटीमा फलामको खेपो लगाएर दाँतहरू झरेको भन्ने कथा यसमा देखिन्छ ।

यसको आख्यान कमजोर रहेको देखिन्छ । सुरुको पङ्क्तिमा भूमिराजको जन्मको वारेमा उल्लेख गरिएको छ । त्यसैगरी भूमिराजको प्रभाव पश्चिमका विभिन्न भूगोलमा भएको र विभिन्न ठाउँहरू मस्टाले रोजेको र त्यहाँका मानिसहरू माझ आफ्नो प्रभाव पारेको कुरा बुझ्न सकिन्छ । त्यसै क्रममा पाचौ ठाउँ देउवाजमड रोजेको र त्यहाँका मानिसहरूलाई प्रभाव पार्न विभिन्न प्रयत्न गरेको त्यसमध्ये रिमिचिमी बोराको कैली गाईलाई राती दाम्लो चुडेर देउबाजमड आउने बनाएको कुरा उल्लेख गरिएको छ ।

त्यसैगरी दोस्रो कथाको रूपमा छुरीबोराको पाठो हराएको र त्यसको खोजी गर्दा कतै नपाएर ढणार मैठाका मण्डपमा धामी, पूजारीलाई दियोवाली पूजाआजा गर्दा मैठो अवतार भएर राजाले पाठो खाएको कुरा गरेको देखिन्छ । त्यसपछि राजालाई सोधनी गर्दा उल्टै हपारेर तिम्रो कुले देउता मैठाको परीक्षा लिन आएको र जालझेल गरी घाटीमा फलाम लगाएर मैठोको सवै दाँत खसालेको कुरा चैतमा उल्लेख गरिएको छ । यसरी हेर्दा आख्यान कमजोर रहेपनि कथानक सलल बगेको देखिन्छ । घट्नाको तीब्रताको कारण गेयात्मकता र सङ्गीतात्मक रहेको चैतमा अर्कै प्रसङ्ग ढुस्को बनेर आएको छ ।

यसमा भूमिराजको प्रेमप्रसङ्ग उल्लेख भएको देखिन्छ । हुनत किंवदन्ति अनुसार मैठाको विवाह नभएको र सन्तान पनि नभएको कुरा डा. जयराज पन्तले आफ्नो कृति

मस्टा परम्परा र त्यसका गीतहरूमा उल्लेख गरेका छन् ।[२] तर पनि यस चैतमा गाइने ढुस्कोमा मस्टाको प्रेमिकाको रूपमा सोभालाई लिने गरिन्छ । हुन सक्छ सोभा प्रेमिकामै सीमित रहेर विवाह नभएको पनि तर जेहोस यस ढुस्कोमा मस्टाको मण्डपमा लागेको जात्रामा सबै जनसमुदाय आएपनि सोभा नआएकोमा दुःख मनाउ गरेको देखिन्छ । उता सोभा आफ्ना वाध्यता छुपाउँदै मस्टाको सेवा गर्न वावाआमा, काका, काकी दाजु, भाउजु पठाउने कुरा गर्दछ तर मस्टा त्यो सेवा मान्ने पक्षमा छैनन् । त्यसैले सोभालाई नै आउन आग्रह गरेको कुरा यस ढुस्कोमा वर्णन गरिएको छ ।

खासगरी तिन वटा आख्यान मस्टाको उत्पत्ति, विभिन्न ठाउँमा स्थापित भएर त्यहाँ पारेको प्रभाव र प्रेमप्रसङ्ग जोडिएर यो चैतको निर्माण भएको पाइन्छ । मस्टाको बारेमा पश्चिम नेपालतिर विभिन्न किंवदन्तिहरू रहेपनि मस्टा अधिकांश पश्चिम नेपालका जनताको कुले देवताको रूपमा परिचित रहेको छ ।

**लयविधान**

यस गाथाको लय मुक्तलोक लय हो । यसको पङ्क्तिको अन्तमा आउने पदहरूमा एकरूपता आउँदा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । जसको कारण गाथा गेयात्मक तथा सङ्गीतात्मक भएको छ । यसका पङ्क्तिहरू छोटा लामा भएपनि गाउँदा लयमा एक रूपता नै पाइन्छ । ढुस्को गाउँदा पङ्क्तिलाई दोऱ्याएर गाउने गरिन्छ । यसमा अन्तिम पद चौधनी यो सबै पङ्क्तिमा आउँदा लयात्मकता र सङ्गीतात्मकता प्रदान गरेको छ । यो भाका एक जनाले सुरुमा भट्याउने (वाखान्ने) र पछि स्वरमा स्वर मिलाएर सबै खेलकारु हरूले गाउने गरिन्छ । यसलाई गाउँदा यसरी गाउने गरिन्छ ।

जुम्ला ढिलेली चौधानी यो भाइ २

जुमला ढिलेली चौधानी यो

ढणारको मैठो चौधानी या,

ढणारको मैठो चौधानी या

**भाषाशैली/ कथनपद्धति**

यस चैतमा डोटेली भाषिकाभित्रको पनि उपभाषिकाको प्रयोग भेटिन्छ । स्थानीय शब्दहरूको प्रयोगले यस गाथालाई स्थानीयताको रङ्गले सजाएको छ । कहीँ कतै प्राचीन

२. ऐजन्, पृ. २५-२६ ।

शब्दको प्रयोगले अर्थ लगाउन कठिनाई उत्पन्न गर्दछ । आख्यान तथा कथानक तीव्रताको कारण भाषालाई लयात्मक र गेयात्मकता थपेको छ ।

यसमा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग भेटिन्छ । मस्टाको उत्पत्ति र विभिन्न ठाउँमा स्थापित भएपनि पूजाआजाको कुरा र बलि दिँदाको कुरा संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसैगरी ढुस्कोमा पनि संवादात्मक शैली नै अपनाइएको छ ।

यस गाथामा कथा बाहिरको पात्रले वयान गरेको भए पनि कथाभित्रका पात्रको संवादका कारण कहीँ कहीँ कथाभित्रको पात्रले पनि वर्णन गरेको देखिन्छ । ढुस्कोमा भने कथाभित्रकै पात्रले कथानक अगाडि बढाएकोले समाख्याता स्वयम पात्र नै रहेको देखिन्छ ।

## पात्र/चरित्र

भूमिराज देवता यस गाथाको प्रमुख पात्र हो । भूमिराज अथवा मैठोको चरित्रको वर्णन यस गाथामा गरिएको छ । साथै  सहायक पात्रको रूपमा रिमीचिमी बोरा, छुरी बोरा धामी, पूजारी, राजा, सोभा, वंम, रमुवा, पाठो, गाई आएका छन् । यी सहायक पात्रहरूले चैतमा आ आफ्नो भूमिका पुरा गरेका छन् र चैतलाई सरल सहज ढङ्गले अघि बढाउन मद्दत गरेका छन् । ढुस्कोमा भूमिराज देउताको मण्डपमा जात्रा लागेको र त्यहाँ सबै जनसमुदाय आएको कुराले अप्रत्यक्ष पात्रको रूपमा स्थानीय जनसमुदाय पनि आउन्छन् ।

## परिवेश

यो पौराणिक विषयवस्तुको गाथा हो तरपनि यसको घट्ना परिवेश पृथ्वीको उत्पत्तिदेखि इस्विको १३।१४ औ शताब्दीसम्मको रहेको छ किनभने यसको सुरुवातमा इन्द्र भगवान् र माण्डवीको पुत्रको रूपमा मस्टाको जन्म भएको र पृथ्वीमा धर्तीभित्रबाट आएको कुरा उल्लेख भएको इन्द्रको छोरा भएकोले स्वर्गमा नै जन्म भएको र पछि धर्तीभित्रबाट आएकोले भूमिराज भएको हुनु पर्दछ । त्यसैगरी पछि आएर  पश्चिम नेपालमा अवस्थित ठाउँहरू किमढालमड, बान्नीकामड, ढणारमण, देउवाजमड जस्ता ठाउँको चर्चा गरिएको छ । यसमा चर्चा गरिएको रिमिचिमी बोरा, छुरीबोरा, राजा, धामी पूजारी आदिको चर्चाले स्थानीय परिवेशको झल्को दिन्छ । त्यसैगरी मस्टाको जाँत (जात्राको) चर्चा ढुस्कोमा गरिएको छ । सबै जनसमुदाय सेवा (पूजाआजा) गर्न आएपनि सोभा नआउँदा मन दुखाएको कुराले प्रेमभावको प्रसङ्ग झल्कन्छ । साथै हालसम्म पनि मस्टाको मण्डपमा जात्रा हुँदा

जनसमुदायको घुइचो लाग्ने गर्दछ । यहाँ किंवदन्ति अनुसार मस्टाको आगमन बोहराको बाजेले जङ्गलमा अनौठो शिलो भेट्टिएको र त्यसलाई बोकेर घर नजिकसम्म ल्याएको ले त्यस बेलादेखि मस्टा पूजा गर्ने चलन आएको भन्ने कुरा खण्डेश्वरी गा.वि.स.का बुढा पाकाहरूको भनाइ छ  जुन कुराले १३।१४ औँ शताब्दीको परिवेशलाई जनाउन्छ । यसरी पौराणिक तथा स्थानीय परिवेशमा चैतका घटनाहरू घटित भएर अगाडि बढेका छन् ।

**उद्देश्य/भाव**

यस गाथाको मुख्य उद्देश्य भनेको मस्टा देवताप्रति भक्तिभाव प्रकट गर्ने नै हो । यहाँ चैतमार्फत मस्टाको उत्पत्तिदेखि त्यसको स्थानीय जनजीवनमा पारेको प्रभावको चित्रण गरिएबाट यहि कुराको स्पष्ट हुन्छ । साथै यस गाथामा भक्तिभाव एवं प्रेम भावको वर्णन भेटिन्छ ।

## ४.२.३ श्री सुर्माभवानीको चैत

**कथासार/वर्ण्यविषय**

यस लोकगाथा सुर्माभवानीको चैत, दार्चुलाको मार्मा भेगमा प्रचलित प्रख्यात चैत हो । मार्मा भेगमा पर्ने खण्डेश्वरी गा.वि.स. वार्ड नं १ क्षेत्ती, घाजिरमा साउन महिनामा हुने सुर्माभवानीको जाँत (जात्रा) मा यो चैत गाउने गरिन्छ । यस भेगमा सबैभन्दा ठूलो देवीको रूपमा मानिने सुर्माभवानी यस भेगका जनताहरूको धार्मिक आस्थाको केन्द्र पनि हो । सुर्माभवानीको जाँत सबैभन्दा ठूलो जाँत हो सायद नेपाल भरिकै लामो जात्रामध्ये यो जात्रा पनि पर्दछ होला । यो ठूलो जातको समयमा ९ दिन सम्म र सानोजातको बेला ५ दिन सम्म मनाइन्छ । प्रस्तुत  चैतमा सुरुमा भवानीको उत्पत्तिदेखि सुर्मा सरोवरमा स्थापित भएको सम्मको वर्णन पाइन्छ ।

हिमालको पानीमा छाँया, मालमुनी सोलबैनी उथपन्थ (उत्पत्ति/प्रकट) भए । दुर्गाभवानीको सोह्रबैनीहरू माइतीमै बुढी कन्या भएर बस्नु परेको आफ्नो  दाजु मैठोलाई वर (लोग्ने) खोजिदिन आग्रह गरेको, मैठाले जवाफमा खोज्न त खोजौला तर कहाँ पाइन्छ होला ? भन्दा हिमालमा महादेव भएको र तिनको ७ भाइ मध्ये ६ भाइ दानबले खाएको र एक भाइमात्र जिवित रहेको जानकारी देवीहरूले गराएको कुराको वर्णन भेटिन्छ । त्यसपछि

महादेव पनि फिर्दै मालतिर आउँदै गरेको, तल मालका थलीतिरबाट मैठो वर खोज्न हिमाल तिर हिड्दै गर्दा बीचबाटोमा भेट हुन्छ । भेट भएपछि कुष्ठरोग लागेको रोगी हौ की, मेरो बाटो छोड भन्दा म महादेव हु भनि जवाफ दिन्छ, त्यसै गरी भाट, भिखारी, जोगी, जलीया, ढोली, ढडिया, हौ कि ? को हौ भनि भन्दा, म महादेव हुँ भनि परिचय दिन्छ र पिपलको चौतारीमा बसेर परिचय गर्दै कहाँ हिडेको भनि सोधनी हुँदा महादेव भन्छन् स्वास्नी खोज्दै हिँडेको भनि उत्तर दिन्छन् भने मस्टालाई सोधनी हुदा बैनीहरूको लागि वर खोज्न हिडेको जवाफ दिन्छन् । त्यहाँ दुवैको उद्देश्य मिले पछि जुवा खेल्ने र महादेवले जितेपछि सोह्रबैनी महादेवले लिएर स्वास्नी बनाउने र मैठो (मस्टा) ले जितेपछि महादेवले मस्टाको भेडा गोठालो भएर बस्नु पर्ने सर्त राख्दछन् ।

यसरी बाजी राखेपछि जुवा खेल्न सुरु हुन्छ । पैलो चोटी खेल्दा कसैको हारजीत भएन दोस्रो, तेस्रो, चौथो, पाँचौं होर (पटक) खेल्दा पनि कसैको हारजीत भएन त्यसपछि फेरि खेल सुरु हुँदा महादेवले क्रमशः पाँचौंपटकसम्म जीत भयो । यहाँ सुनियोजित ढङ्गले मष्टाले महादेवलाई जिताएको कुरा पनि बुझ्न सकिन्छ किनकि उसको बैनीहरूको बिहे गर्नुपर्ने छ ।

महादेवले जुवा जिती सकेपछि मस्टा (मैठो) ले महादेवलाई मालैकाथली जाऊ र सोह्र बैनीहरू लिएर जानु होला भन्दछन् । उता महादेव सोह्रबैनीहरूको बारेमा जिज्ञासा राख्दै सोद्छन् सोह्रबैनीहरू माझमा को जेठीछिन, को तपिलि छिन् , को छिपिली छिन्, को लडेली छिन् ,को  रूपमा राम्रो छिन् भनेर सोध्दछन् र मैठो उत्तर दिँदै भन्छन्  दुरुगा जेठी हुन्, मालीका तपिलिछिन् सुरुमा छिपिलीछिन्, लखमा लडेली छिन्, स्यादे रूपसछिन् भनेर भन्छन् ।

त्यसपछि त्यहाँबाट महादेव र मस्टा मालकाथलीको यात्रामा हिड्छन् । यसरी हिँड्दै जाँदा मन्नीकामाल वास बसेको, जासपुरीमाल, काशपुरमाल, रामन्नीमाल, बेलहरीमाल, बास बसेर मालका थली पुगेको कुरा वर्णन गरिएको छ । मालकाथली पुगेपछि मस्टा आफ्ना बैनीहरूलाई भन्छ, मैले जुवाहारी आएको छु भन्दा देवीहरू भन्छन् के राखेर जुवा हार्नु भो भन्दा मस्टा भन्छन्, सोह्रबैनी राखेर जुवा हारी आए ? मस्टाले यति भनेपछि दुरुगा भवानीले घुम्टो हालिन र आँखाबाट आँसु वगाइन र भनिन परवत (हिमाल) जाँदा दाजु हामीलाई अप्ठेरो पर्छ, ओकाली -ओराली हिड्नु पर्दछ भन्दा मैठो बैनीहरूलाई सम्झाउँदै  उकालीको लागि हिउलोड्या डाँडी दिउला । फेरि देवीहरू भन्छन् । परवतमा अन्न उब्जनी हुँदैन भोकै

मरिन्छकि भन्दा मालका थलीमा उब्जने अन्न सालसालै पुऱ्याई दिउला भन्छन्, फेरि परबतमा तेल नपाउला भन्दा मालैका घीउँ तेल पुऱ्याई दिउला भन्छन् ।

त्यसैगरी देवीहरू खंकरया डाँडो, सुङ्ली ग्वालो, दाइजो देउ भनि मैठालाई भन्छन् । र मैठो खुसी हुदै ती भने जति दाइजो दिन्छन् । फेरि देवीहरू परबत जाँदा कुन बाटो भएर जाने ? लेकबाट जाँदा चुडुली सर्पले खाने, नदीबाट जाँदा लखुवा दानवले खाने पिर व्यक्त गर्दछन् । मैठो बैनीहरूलाई नदीको बाटो भएरै जाने सल्लाह दिन्छन् । र जाँदा खेरी शङ्ख-निशङ्ख, जोलाभकर एक नाली सुन दिएर पठाउन्छन् । त्यसपछि सोलबैना महादेव सहित हिमाल तिर प्रस्थान गर्दछन् । त्यहाँबाट पहिलो बास बेलहरीमाल, दोस्रो बास, रामन्नीमाल, जलहरीमाल, मन्नीकामाल, बास बसेको कुरा वर्णन गरिएको छ । त्यसपछि कवानी पुगेको र कवानीमा देवी पुन्यागिरीलाई छाडेको कुरा उल्लेख छ । त्यस पछि भँवरी कुन्न (ताल) मा बाँस बसी भौरङ्या देवीलाई त्यही छाडेको, त्यसपछि निङ्गालीसैन वास वसी देवी निङगली त्यही छाडेको, त्यसपछि तेलेका लेक पुगी तेल ढोलेको (अहिलेपनि तेलेको लेक चढ्दा तेल ढोल्ने ठाउँ छ र यात्रीहरू तेल पोखेर मात्रा यात्रा अघि बढाउन्छन्) त्यसपछि डोटी डडेल्धुरा बास बसेको र डोटीमा शैलेश्वरी र डडेल्धुरामा उग्रतारा छोडेको, त्यस पछि, ढुङ्गाडगर्खा बास बसेको, डास्या फलिन्या बाटो काटेका, त्यसपछि देउरा गर्खामा बास बसेको, वर्णन पाइन्छ । त्यसपछि देवीहरू नदी तर्न लाग्दा घाट भएर तर्नु पर्ने र त्यहाँ लखुवा (दानवले दिनको एक जना यात्रीहरूलाई खाने प्रचलन रहेको किंवदन्ति पाइन्छ ।) दानवलाई बाटो छोड भन्दा, विना आहार कसरी छोडौँ भन्दछ । अनि देवीहरू भन्छन् तिमीलाई जोला निशान दिउला, शङ्ख निशङ्ख दिउला, जोला भकर दिउला, नाली सुन दिउला, पाथी चाँदी दिउला भन्दा पनि दानव ती सबै कुरा मसँगै छन् । चाहिँदैन बरु तिम्रो सबैभन्दा प्यारी बैनी लखमा देउ भन्छ । अनि देवी भन्छिनकि सबैभन्दा लडेली बैनी तँलाई दिएपछि म कसरी जाउ भन्दै सबै जन्तीहरूलाई तुइन तराएर लखुवा दानवलाई काटी मारेर नदीमा डुबाउँछिन् र तुइन पनि काटेर नदीमै डुबाउँछन् ।

त्यसपछि सोलबैना अगाडि बढ्दै देउरा भानन बास बस्छन् ।, त्यहाँबाट सुनाथलीको सुन्दर दृष्यालोकन गर्दै रमाउँछन् । त्यहाँबाट हिडेर थली थल्यौर बास बस्छन् । त्यसपछि दुर्गा भवानीले थली थल्यौर रोज्दै त्यही बस्ने निधो गर्छिन्, मालिकादेवी ठिमी ठिम्यौर (बडीमालिका) रोज्दै जान्छिन्, सुरुमा भवानीले हिमाल माथि (सुर्मा सरोवर) गएर बस्ने निधो

गर्छिन् । यसरी देवीहरू आ-आफ्नो स्थान रोज्दै बसेपछि यात्राको वर्णन सकिन्छ र अर्को कथानक यसरी सुरु हुन्छ ।

पति महादेवको शरिरमा कुष्ठरोगको सङ्केत देखिन्छ । कुष्ठरोग लागेको देखेर दुर्गा भवानीले बैनी सुर्मालाई लसुन कुटेर लगाइदिने आग्रह गर्छिन् । अनि सुर्माभवानी लसुनको गन्धले गर्दा दाहिने हातले लसुन कुटेको र बाँया हातले मुख छोपेकी हुन्छिन् । त्यत्तिकैमा दुर्गा रिसाएर भन्छिन्, त्यत्तिको चोखो छौ भने हिउँशङ्कर जाउ यहाँ किन बसेको ? भनेर भन्छिन् । अनि प्रतिउत्तर गर्दै सुर्मा भन्छिन् । हिउँशङ्कर जानलाई मनमनै सोचेकै थिएँ । अनि दुर्गा भन्छिन् जेठी दिदीको वचन पनि नराख्ने मुख मुखै लाग्ने जस्ता आरोप लगाउन्छिन तर सुर्माभवानी भन्छिन् । जायज कुरामा जेठीको त के आमाको वचन पनि सहन्न भन्दै हिस्सा वण्डा गर्दै भन्छिन्, खारे्याल घट्याल मेरो भाग, ल्वाड लेगगाउँ तिम्रो भाग, जुजी रोकाया मेरो भाग, सैन पसेलो तिम्रो भाग, भाङ्ग्रोको कपडा  लगाउने मेरो भाग, थलीको पाङ्गरको रूख आधा तासेर मासेर भएपनि लिन्छु भन्दै भागवन्डा गर्छिन र त्यहाँबाट हिँडेर चौगाउँ थगुनाडा बास बस्छिन् ।

यसपछि सुर्माले अतिथिको भेष धारण गर्छिन् र कुमालतड भन्ने ठाउँको झाझुझिमिरेको काकडीको बोट मुनि बसेको वेला उसकी श्रीमीले अचम्मको देखे र त्यहाँ होम यज्ञ गर्‍यो, त्यसपछि तिर्खा लागेकोले काक्रो खान देउ भनि आग्रह गर्दा झाझु झिमेरेले गालि गर्दै तिम्रो लागि काक्रो होइन भनि पठाएको त्यस पछि सुर्मा रिसाइन र इङलद्वार र सुनटोण माथि तालबाँधी नौदिन मै कुमलतड् बगाएको कुराको बयान गरिएको छ ।

त्यसपछि सुर्माभवानीले जङ्गली मृग थारको भेष धारण गर्छिन् र घोगाडी (गाउँले) को विसकुन खाएको, विसकुन खादा टाउकोमा राखेर बचाउन खोज्दा कुममा टेकी विसकुन खाएको र घोगाडीको पुतारी (आइमाई) रिसाएर आफ्नो लोग्नेलाई तपाईको झकुलो पगरी हामी दिनुस्, हाम्रो गुन्यु चोलो तपाई लगाउनुस, थारले कुममा टेकेर विसकुन खाँदा पनि केही गर्न नसक्ने भन्दै गाली गर्छिन् । त्यसपछि विसकुन खाने थारलाई लखेट्दै राउद, बाउद, घोगाडी सबैजना पछि पछि लागे । त्यहाँबाट  लखेट्दै माट्या, खोरीघट्या, ढाड्यैका लेक पुग्यो, ढाड्यैका लेकमा सुनको जुतो (मल) जुत्यो, त्यहाँबाट लखेट्दै लोटनी पुग्यो त्यहाँबाट घाणा जोली, जलजला पुग्यो जलजला भन्ने ठाउँमा महिना नपुगेर धौलापुर देउतालाई जन्मायो र त्यही छाड्यो । त्यहाँबाट लखेट्दै देलठौर पुग्यो त्यहाँबाट भाग्दै सुर्मा

सरोवर भित्र लुक्यो । त्यसपछि लखेट्ने राउद बाउदलाई गाली दिँदै राउद वाउद घोगाडीको भलो नहोस, एकै होस तर राम्रो होस भन्ने गाल दिएका थिए । त्यसपछि बाउद घोगाडी मार्मा तिर आएको र राउद बझाङतिर आएको उल्लेख गरि चैतको समापन भएको छ ।

**आख्यान/कथावस्तु**

प्रस्तुत चैत मार्मा खण्डेश्वरी वार्ड नं. १ क्षेत्ती र घाजिर भन्ने ठाउँ र बझाङको माथिल्लो भू-भागका जन समुदायले साउन महिनामा मनाउने सुर्माभवानीको जात्रमा गाइने चैत हो । यसको विषयवस्तु पौराणिक भएपनि स्थानीयताको वर्णनले गर्दा पौराणिक, सामाजिक तथा किंवदन्तिमूलक चैतगाथा भन्न सकिन्छ । यस गाथाको मुख्य पात्र सुर्माभवानी हुन् । त्यसैले सुर्माभवानीको चरित्रको वर्णन उत्पत्तिदेखि सुर्मा सरोवरमा बास भए सम्मको रहेको छ । यसमा अन्य कथानकहरू पनि जोडिएकोले यो बृहत लोकगाथाको रूपमा पनि चिनाउन सकिन्छ किनकि यसै चैतको आधारमा महादेव, दुर्गाभवानी, मालीकादेवी, मस्टा, धौलापुर, डाँडाबाग उग्रतारा, शैलेश्वरी, पूर्णागिरी आदि देवीदेउताको चर्चा एवं वर्णन गर्न सकिन्छ र किंवदन्ति अनुसारपनि त्यस किसिमको वर्णन पाइन्छ ।

यसको चैतको सुरुवात दुर्गाभवानीको सोह्रबैनी भएको र मस्टादेवता एउटा मात्र भाइ भएको कुराबाट सुरुवात भएको छ । यसमा विभिन्न पौराणिक कथा वा ग्रन्थहरूमा जस्तो दुर्गाभवानीको ७ बैनी, १२ बैनी, आदि चर्चा नभएर १६ बैनी भएको र त्यसमध्ये अधिकांश देवीहरूको नाम र स्थापित गरेको प्रसङ्गले १६ बैनी नै हो भन्ने पुष्टि गर्दछ । त्यसैगरी बैनीहरूको बिहेको प्रसङ्ग र महादेवको सातभाइ मध्ये एकभाइ मात्र जीवित भएको र त्यसैसँग बिहे गर्ने कुरा देवीहरूसँग बिहे गरेको हुन सक्ने कुरा विश्वास गर्न सकिन्छ । यहाँ बिहेको लागि जुवा खेलेको प्रसङ्ग र नियोजित ढङ्गले नै जुवा हारी मैठोले आफ्ना बैनीहरूसँग विवाह गराएको हुनुपर्दछ ।

यस गाथामा उल्लेखित मालको थली भनेको हालको तराई प्रदेश वा दक्षिणी भारतलाई जनाउने कुरा बुढापाकाहरूको भनाई रहेको छ । साथै अहिले पनि देवीदेउताहरू न्वागी नौराता पछि मालकाथली जुवा खेल्न जानेकुरा धामीहरू कामेपछि गर्ने गर्दछन् । त्यसैगरी चैतमा उल्लेखित रामन्निमाल, जलहरीमाल, बेलहरीमाल भन्ने ठाउँ तराईका भूभागसँग मेल खाने गरेका छन् ।

त्यसपछि कवानी भनेको भाँवर क्षेत्रलाई जनाउँछ र त्यहाँ पुन्यागिरी देवीलाई छाडेको र आज पनि कंचनपुर र टनकपुरको बीच महाकाली नदीको किनारको अग्लो पहाडको टुप्पोमा यसको मन्दिर भएको र लाखौं लाख भक्तजनहरूयसको पूजा गर्ने गर्दछन् । त्यसपछि बास बसेका र छाडेका देवीहरूको उल्लेख गरेको ठाउँहरू सुदूरपश्चिमको भू-भागमा पर्ने र तिनिहरू क्रमशः भँवरीकुन्न, चुरेभावर तिरै पर्ने त्यसपछि तेलेका लेकको प्रसङ्ग, डोटी डडेल्धुरामा शैलेश्वरी र उग्रतारादेवीको थान रहेको कुराले पुष्टि गर्दछ । त्यसपछि हिडेको बाटो ढुङगाड भन्ने ठाउँ डोटी, बझाङ र बैतडीको सिमाना तिर पर्ने र त्यो हालको पश्चिम सेती परियोजनाको वाँध वाँध्ने ठाउँतिर पर्दछन् । त्यसैगरी डास्या फलिन्या हुँदै देउरागर्खा पुगेको र त्यहाँ सामाजिक विकासको कार्य गरेको देखिन्छ । हाल पनि डास्या भन्ने ठाउँमा पहरा फोरर बाटो बनाएको छदैछ । त्यसपछि सेती नदी तर्न खोज्दा लखुवा दानवसँग लडाई भएको र त्यसलाई मारेर त्यहाँबाट अघि बढ्दै बझाङ जिल्लाको देउरा झाननमा वास बसेको त्यसपछि सुनाथली भन्ने बझाङ जिल्लाको माथिल्लो हिमाली भू-भाग झलल झल्केको कुराको वर्णन गरिएको छ । त्यसपछि बझाङको थली भन्ने ठाउँमा बसेको र आजपछि त्यस ठाउँमा दुर्गाभवानीको थान रहेको छ । थलीबाट देवीहरू आआफ्नो ठाउँ रोज्दै विभाजन भएको देखिन्छ ।

महादेव भगवान कुष्ठरोग लागेर विमारी भएबाट सुर्माभवानीको भूमिका केन्द्रियपात्र भएर आएको छ र दुर्गा भवानीसँग वाद विवाद भएर छुट्टिएको र छुट्टिदा सबै कुराको भाग लगाएका छन् । त्यसपछि जनतामाझ आफ्नो भूमिका अघि बढाउन विभिन्न कार्य गरेको र त्यसमध्ये थारको भेष लिएर घोगाडी बोहराहरूलाई सताएको अनि लखेट्दै जाँदा बीच बाटोमा धौलापुर देउताको जन्म भएको र त्यहाँबाट भागेर सुर्मा सरोवरमा विलिन भएको सम्मको वर्णन गरिएको छ । यहाँ धौलापुर देउतालाई सुर्माभवानीको पुत्रको रूपमा लिने गरिन्छ र त्यो कुरा धामी कामेपछि सुर्मालाई इजु भनेर सम्बोधन गरेबाट पनि बुझिन्छ । सुर्माभवानीको जात्रामा मार्मा खण्डेश्वरीका तीर्थालु सुर्मा सरोवर जाँदा बझाङका तीर्थालुहरू सिकारीको भेष धारण गरि आउने प्रचलन यसै चैतको कहानीबाट बुझिन्छ र त्यो प्रचलनको सुरुवात पनि त्यही बेलाबाट भएको देखिन्छ । यसरी चैतको वर्णन भएको पाइन्छ ।

### लयविधान

यस सुर्माभवानीको चैत मुक्तलोकलयमा आधारित छ । यसको पङ्क्तिहरूको अन्त्यमा आउने पदहरूको एकरूपताको कारण अन्त्यानुप्रास अलङ्कारको प्रयोग भेटिन्छ । त्यसैले गाथा गेयात्मक तथा लयात्मक भएको छ । यस गाथामा अक्षरहरूको विन्यास समान नभएपनि कथानक सलल बगेको कारण गाउँदाखेरी लयात्मक नै हुने गरेको पाइन्छ । यसरी यस गाथाको लयविधान सरल, सहज र सुन्दर शैलीमा अगाडि बढेको पाइन्छ ।

### भाषाशैली/ कथनपद्धति

यस लोकगाथा चैत सुदूरपश्चिमको दार्चुला जिल्ला मार्मा क्षेत्रमा गाउँने चर्चित गाथा भएको कारण यसमा डोटेली भाषिका र स्थानीय उपभाषिकाहरूको प्रयोग भएको पाइन्छ । साथै यस लोकगाथामा प्राचीन शब्दहरूको प्रयोग पनि भेटिन्छ । जसलाई बुझ्न कठिन हुन्छ । जस्तो ठामोरो, मरथि, अना जस्ता प्राचीन शब्दको प्रयोग भेटिन्छ ।
यसगाथा लयात्मक, लोकशैलीमा गाउन सकिने, तथा सरल र सहज तरिकाले जस्ले पनि गाउन सकिने खालको छ । यसगाथामा वर्णनात्मक र संवादातात्मक शैलीको प्रयोग भेटिन्छ । मस्टा र देवीहरूको संवाद महादेव र मस्टाबीचको संवाद, सुर्माभवानी र दुर्गाभवानी बीचको संवाद लगायत केही प्रसङ्गहरूमा संवादात्मक शैलीको प्रयोग भेटिन्छ भने, अन्य घटनाक्रमहरूमा वर्णनात्मक शैलीको प्रयोग भेटिन्छ ।

यस गाथा, तृतीय पुरुष कथनपद्धति एवं संवादमा प्रथमपुरुष कथन पद्धतिको प्रयोग भएको पाइन्छ ।

### पात्र/चरित्रचित्रण

यस लोकगाथा सुर्माभवानीको चैतमा पात्रगत विविधता पाइन्छ । यस गाथाको केन्द्रिय पात्र सुर्माभवानी गाथाको तेस्रो तथा अन्तिम भागमा मात्र सक्रिय रूपमा देखा पर्छिन् । तर गाथाको पहिलो भागमा मस्टा, दुर्गाभवानी र महादेवको भूमिका वर्णन गरिएको छ । त्यसपछि दोस्रो भागमा दुर्गाभवानीका १६ बैनीहरूको चर्चा भेटिन्छ । यसमा देखिएका प्रमुख पात्रहरू मध्ये दुर्गाभवानी, पुर्णागिरी, भवँरीदेवी, निङ्गालीदेवी, उग्रतारा, शैलेश्वरी, स्याँदेभवानी, लखमादेवी, सुर्माभवानी, मालीकादेवीको चर्चा भेटिन्छ भने अन्य बैनीहरूको नाम उल्लेख छैन । त्यसैगरी अन्य पात्रहरूमा लखुवा दानव प्रमुख खल पात्रको रूपमा

देखिन्छ । अन्य सहायक पात्रहरूमा, झाझु झिमिरे र उसको पत्नी, राउद, वाउद बोहरा, यिनका पत्नीहरू, थार,घोडा, लगायतका पात्रहरूको चित्रण गरिएको छ । घटनाक्रममा यी पात्रहरूको भूमिका आ-आफ्नो  ठाउँमा महत्वपूर्ण देखिन्छ तथा अन्तिम खण्डमा सुर्माभवानी भेष बदलेर थारको रूपधारण गरेको कुराले अस्थिरपात्रको रूपमा पनि चिनिने गरिन्छ । यसरी पात्रगत विविधताको कारण यस चैतमा घटनाक्रमलाई अघि बढाउन मद्दत गरेको देखिन्छ ।

**परिवेश**

यो गाथा पौराणिक विषयवस्तुमा आधारित गाथाभएपनि यसमा भारतको विभिन्न स्थानहरू र नेपालको सुदूरपश्चिमको विभिन्न भू-भागको चर्चा गरिएको छ । यसमा माल भन्ने ठाउँको चर्चा बढी गरिएको छ । यो माल भन्ने ठाउँ नेपालको तराई क्षेत्र पर्ने र हालको कन्चनपुर जिल्लाको वैजनाथ मन्दिर क्षेत्रतिर यो ठाउँ हो भन्ने कुरा दयाकृष्ण पन्त ज्यूले दार्चुला जिल्लाको इतिहास भन्ने पुस्तकमा उल्लेख गरेका छन् । रामन्निमाल, जलहरीमाल भन्ने ठाउँ भारतको दक्षिण भेगतिर पर्ने र वेलहरीमाल भन्ने ठाउँ हालको कन्चनपुरको वेलौरी भन्ने ठाउँ तिर हो भन्ने कुरा स्थानीय बुढापाकाहरूको भनाई रहेको छ । त्यसैगरी यसमा उल्लेख गरिएको पूर्णागिरी भारतको टनकपुरबाट नजिकै पर्ने पवित्र तीर्थस्थल हो र जुन कन्चनपुर जिल्लासँग जोडिएको छ । बीचमा महाकाली नदीले मात्र छुट्याएको छ । त्यसपछि भँवरीकुन्न, तेलेका लेक, डोटी, डडेल्धुरा, ढुङ्गाड, डास्या फलिया, भन्ने ठाउँको उल्लेख गरेबाट यी सबै ठाउँ कन्चनपुर देखी बझाङ जिल्ला सम्मका भूगोल हुन् त्यसपछि बझाङ जिल्लाको थली, बाजुरा जिल्लाको वडीमालिका, सुर्मासरोवर तथा बझाङ जिल्लाको माथिल्लो भू भागको चर्चा यस चैतमा गरिएको छ । खासगरी बझाङको जुजी, सैन पसेलो, चौगाउँ, घोगाडा, थगुनाडा, कुमलतड, जस्ता ठाउँको चर्चा गरिएको छ । यी ठाउँहरू हाल पनि यिनै नामले चिनिन्छन् । त्यसैगरी मैना, घोगडा भन्ने ठाउँ हालको सुर्मा गा.वि.स. मा पर्ने र त्यहाँदेखि सुर्मासरोवर सम्मको एउटै बाटो  रहेको र त्यही बाटोमा पर्ने विभिन्न ठाउँको चर्चा यसमा गरिएको छ जुन हालपनि यसै नामले परिचित छन् । यसरी पश्चिम नेपालको विभिन्न ठाउँको परिवेशको वर्णन सुन्दरढङ्गले गरिएको छ । यसरी यो चैत स्थानीय परिवेशमा आधारित चैत हो । यसमा वर्णन गरिएका वा घटना घटित ठाउँहरू हाल पनि रहि रहेको र त्यस ठाउँहरूमा कुनै न कुनै रूपमा देवीदेउताहरूको

पूजाआजा गर्ने र घटनाको वर्णन अनुसार क्रियाकलापहरू गरिने गरिन्छ सुर्माभवानीको जात्रामा बझाङबाट आउने यात्रुहरू सिकारीको भेष लिएर आउनु र त्यहाँको परम्परा अनुसार नै जात्रा मनाउनु यसै चैतको कथावस्तु अनुसार भएको देख्न सकिन्छ ।

**उद्देश्य/ भाव**

यस चैतको मुख्य उद्देश्य सुर्माभवानी लगायत अन्य देवीहरूको उत्पत्ति कसरी भयो र ती देवीहरूको कस्तो प्रभाव रहेको छ, भन्ने देखाउनु र देवीहरू प्रति भक्तिभाव जगाउनु नै रहेको देखिन्छ ।

यस चैतमा वर्णित विभिन्न घटना परिवेशले सुदूरपश्चिमका शक्तिपिठहरूमा भक्तजनहरूले आफ्नो आस्था अनुसार पूजाआजा गर्ने र भक्तिभाव प्रकट गर्ने गरेको र ती देवीहरूको चरित्रको चित्रण गर्दै तिनको सेवामा लागेपछि मनले चितायएको पाइन्छ ।
यसरी देवीहरूप्रति भक्तिभाव सेवाभाव प्रकट गराउनुपर्ने यसको मुख्य उद्देश्य रहेको छ । साथै मनोरञ्जन तथा आदर्श व्यक्तित्व बन्ने शिक्षा पनि यस चैतले दिने गर्दछ ।

## ४.२.४ श्री धवलापुर देवताको चैत

**कथासार, वर्ण्यविषय**

यस चैतमा धवलापुर देवताको चरित्रको वर्णन गरिएको छ । धवलापुर देउता सुर्माभवानी र महादेव देवताको पुत्रको रूपमा चित्रित गरिएको देखिन्छ । यो कुरा सुर्माभवानीको चैतमा उल्लेखित प्रसङ्गले पनि पुष्टि गर्दछ । त्यसमा सुर्माले थारको भेष धारण गरेको वेला सिकारी घोगाडीहरूले लखेट्दा अतुयो (मैना नपुगेर जन्मेको) भएर जन्मेको प्रसङ्गबाट पुष्टी हुन्छ । यो कुरा स्थानीय मण्डपमा धामी कामेपछि आफूलाई अतुयोको सम्बोधन गरेबाट पनि बुझ्न सकिन्छ । साथै यस धवलापुर देवताले मस्टा देवतालाई मामा भनेर सम्बोधन गर्ने गरेको पाइन्छ । र यस चैतमा पनि धवलापुरको मामाको रूपमा मैठो (मस्टा) को उल्लेख भएको पाइन्छ ।

यस चैतको सुरुवातमा धवलापुरको जन्म भएको र त्यसको वाल्यकालको वर्णन गरिएको छ । जसमा भनिएको छ, जब बालक धवलापुर थाकाड्या भयो त्यसलाई थाकाड्या भनि बोलायो, वरकना फरकना, वरक्यालु फरक्यालु वोलायो थरी खेल्दा थर्यालु वोलायो,

धुलोखेल्ने भएपछि धुल्यालु वोलायो, हिलो खेल्दा हिल्यालु वोलायो, पानी बोक्ने भएपछि पन्यारी वोलायो, गोरू हेर्ने भएपछि ग्वाँलो भनि बोलायो, भैसी हेर्दा गोठालो भनि वोलायो, बेजो (निशाना) हान्दा पाइक भनि वोलायो । यसरी वाल्यकालदेखि युवा अवस्था सम्म धौलापुर देवताको चरित्रको वर्णन गरिएको छ ।

त्यसपछि चैतमा धौलापुर र विभिन्न दानवहरूसँग लडाई लडेको र जितेको कुरा उल्लेख छ । जसमा भनिएको छ- लुवाको दाह्रा भएको दानव, नौदाह्रा भएको दानव, लगाएतका दानवसँग भीषण लडाइँ भएको र त्यस लडाईबाट भागेर पैलीको दिन अठाकोट, त्यसपछि सेला-मेला, त्यसपछि ठानाचौड,कुमलताड, रामणी त्यसपछि उवासुनी तिर भाग्यो । त्यसपछि सबै दानव भाग्न सफल भएको कुरा वर्णन गरिएको छ । त्यहाँबाट भागेको शंकसुर टाण भन्ने ठाउँमा लुक्यो त्यसपछि धौलापुरले विहानीपख सम्म टाण भन्ने ठाउँको बाटो काटी दानवलाई मारेको र त्यहाँ मण्डप बनाएको कुरा उल्लेख छ । जुनश्रुति अनुसार हालको बझाङ जिल्लामा पर्ने टाण भन्ने ठाउँमा धौलापुर लडाईमा हारेको र पछि महादेवले साथ दिएर बचाएको भन्ने जनश्रुति रहेको छ । जसको कारण टाण भन्ने ठाउँको वीच बाटोमा हाल पनि महादेव देवताको मन्दिर रहेको र पूजाआजा गर्ने प्रचलन रहेको छ । यहाँ महादेव धौलापुरको वुवा पनि भएकोले सहयोग गरी जितेको हुनु पर्दछ ।

त्यसपछि दानवहरूलाई जितेपछि विजेताको रूपमा चर्चित धौलापुरको प्रभाव चौखी आछाम, सिङ्गो सुनी, सिङ्गो कुमाउ तिर भएको र त्यहाँका जनताहरू धौलापुरको सेवामा लागेको कुरा वर्णन गरिएको छ । त्यसैले माथि उल्लेखित क्षेत्रहरूमा मस्टासँगै धौलापुर देवताको पूजाआजा गर्ने प्रचलन रहेको देखिन्छ । मार्मा भेगतिर धौलापुरलाई धल्देउ, धौले अतुयो, आदि नामले पुकारिन्छ ।

**आख्यान/ विषयवस्तु**

यस चैतको विषयवस्तु पौराणिक रहे पनि स्थानीय प्रचलनमा बढी केन्द्रित भएको कारण किंवदन्तिमूलक रहेको देखिन्छ । यहाँ धौलापुर देवता पनि तेत्तिसकोटी देवता भित्रकै पर्ने र भगवान महादेव र सुर्माभवानीको पुत्र र मस्टा देवताको भानिज भएको कारण यसको विषयवस्तु पौराणिक भन्न मिल्ने देखिन्छ । तर चैतमा उल्लेखित धौलापुरको जन्म र त्यसको वाल्यकाल र कर्मथलो स्थानीय परिवेशमा मिल्ने भएको कारण यो चैत किंवदन्तिमा आधारित चैत हो पनि भन्न सकिन्छ ।

यस चैतको कथानक साधारण तरिकामा अगाडि बढेको र खास गरि धौलापुरको जन्म वाल्यकाल, युवाअवस्था, लडाकुको रूपमा चित्रण र विजेता भएकोले सुदूरपश्चिमदेखि कुमाउ, गडवालसम्म पारेको प्रभावको वर्णनले  गर्दा कथानक सरल रेखामा अगाडि बढेको देखिन्छ । यसरी सलल बगेको घटनाक्रम र त्यसैमा निर्मित कथावस्तुको कारण यसको कथानक सामान्य रहेको देखिन्छ ।

**लयविधान**

यस लोकगाथामा मुक्तलोकलयको प्रयोग भेटिन्छ । यसमा पङ्क्तिहरूको अन्तमा समान पदहरूको संयोजनले गर्दा गेयात्मक र सङ्गीतात्मक भएको पाइन्छ । यो सरल र सहज भाषाशैलीमा आधारित भएर सलल बगेको, साधारण कथानक भएको लोकलय भएको कारण सबैलाई गाउन र कण्ठ गर्न सजिलो छ । कथा छोटो भएको कारणबाट पनि यसको प्रस्तुतिमा सरलता र मिठास पाइन्छ ।

**भाषाशैली/कथनपद्धति**

यस चैतमा उल्लेखित भाषा डोटेली भाषिका भित्रकै उपभाषिका रहेको छ साथै प्राचीन शब्दहरूको प्रयोग केही उखान र टुक्काको प्रयोगले गर्दा अझै मिठासपुर्ण बनाएको छ । वर्णनात्मक शैलीमा चैतको कथागत घटनाक्रम अघि बढेको पाइन्छ । यसमा अन्त्यानुप्रासको प्रयोगको कारण भाषा गेयात्मक हुन गएको छ ।

वर्णनात्मक शैली भएको कारण तृतीय पुरुष कथन पद्धतिको प्रयोग भएको छ । अझै भनौ कथा भन्दा बाहिरको पात्रले कथाको वर्णन गरेको देखिन्छ ।

**पात्र/चरित्रचित्रण**

यस लोकगाथा चैतमा मुख्य केन्द्रिय पात्र धौलापुर देउता रहेको देखिन्छ । उनैको चरित्रमा आधारित भएर चैत अगाडि बढेको कारण त्यहाँ उपस्थित अन्य प्रत्यक्ष, अप्रत्यक्ष पात्रहरूमा महादेव सुर्माभवानी, मस्टा, लुवा दाह्रा भएको दानव, लगाएत दानवहरू र देवताहरू रहेको छन् । यसरी चैतमा धौलापुर केन्द्रीय पात्र र अन्य सहायक पात्रको रूपमा घटनालाई घटित गर्दै कथानकलाई अगाडि बढाउने प्रत्यक्ष र अप्रत्यक्ष पात्रहरू रहेको देखिन्छ ।

**परिवेश**

यो धौलापुर देवताको चैत सुदूरपश्चिमको स्थानीय परिवेशमा घटित घटनाहरूको वर्णनबाट कथानक अगाडि बढेको छ । त्यसैले यसमा स्थानीय परिवेशको चित्रण पाइन्छ । त्यसै गरी महादेवको र सुर्माभवानीको पुत्रको रूपमा पृथ्वीलोकमा जन्म लिएको प्रसङ्गबाट यसमा पौराणिक परिवेशको पनि झल्को पाइन्छ, तर मुख्यतः स्थानीय परिवेशको वर्णन नै बढी पाइन्छ ।

यस चैतमा उल्लेखित चौडाँडा क्षेत्रमा धौलापुरको वाल्यकाल वितेको र त्यो ठाउँ सुर्माले थारको भेष लिएको वेला बच्चा जन्माएको ठाउँसँग मेल खान्छ । त्यसैले यहाँ भन्न सकिन्छ की धौलापुरको वाल्यकाल बझाङ जिल्लाको उत्तरी भेग जहाँ सुर्माभवानीको वासस्थान हो, त्यही भएको हुनुपर्दछ । त्यसपछि युवा अवस्थामा गाई हेर्ने, भैसी हेर्ने, निसानेवाजको रूपमा वर्णन गरेको देख्दा स्थानीय ग्रामीण परिवेशकै चर्चा भएको देखिन्छ । त्यसपछि विभिन्न दानवहरूलाई लेखेटी उवोसुनी तिर मारेको कुराले सुर्मासरोवर भन्दा तलतिरको मैदानी भाग सुनी भन्ने ठाउँको वर्णन गरेको देखिन्छ ।

त्यसैगरी बझाङको धुली हुदै तिब्बतको सिमानातिर जाँदा बीच बाटोमा पर्ने सेती नदीको किनारमा अवस्थित ठूलो पहरालाई टाण भनिन्छ । त्यहाँ बीच पहराबाट बाटो काटिएको छ । जनश्रुति अनुसार त्यो बाटो धौलापुर देवताले काटेको र बाटो काट्दा त्यहाँको दानवले जितेर धालापुरलाई मारि टुक्रा टुक्रा पारेको र महादेवले थाहा पाएर दानवलाई मारी आफ्नो छोरा धौलापुरलाई जीवित पारेको भन्ने प्रसङ्गको चर्चा गरिन्छ । त्यसैले टाण भन्ने ठाउँको चर्चा यहाँ हुनुले जनश्रुतिको कुरा मेल खान्छ ।

त्यसैगरी धौलापुरको विजय भएपछि पूर्वमा अछामसम्म र पश्चिममा कुमाउ गडवालसम्म प्रभाव पारेको र त्यहाँका जनताहरूले मान्ने, पूजा गर्ने कुरा यस चैतमा उल्लेख छ । यसरी चैतको परिवेश पश्चिम नेपालदेखि भारतसम्म र विशेषतः बझाङ्ग जिल्लाको उत्तरी भेगमा घटनाक्रम अघि बढेको पाइन्छ ।

**उद्देश्य/भाव**

यस चैतको मुख्य उद्देश्य धौलापुर देउताको चर्चा गरी देवताप्रति भक्तिभाव प्रकट गर्नु वा जगाउनु नै हो । त्यसको साथै स्थानीय देवीदेउताको प्रभाव देखाएर समाजमा हुने विकृति विसङ्गति बिरुद्धमा नकारात्मक प्रभाव पारि निस्तेज पार्नु पनि रहेको देखिन्छ ।

सधैंभरी जनताको सेवा एवं रक्षा गर्नु नै देवता बन्नु हो भन्ने शिक्षा यस चैतले दिने गर्दछ। साथै चैत गाउँदा र खेल्दा मनोरञ्जन प्रदान गर्नु पनि यसको उद्देश्य रहेको देखिन्छ।

## ४.२.५ श्री डाँडाबाग देवताको चैत

### कथासार/ वर्ण्यविषय

यो लोकगाथा चैतमा डाँडावाग (भाग्यासार) देवताको शक्तिको वर्णन गरिएको छ। यस देवतालाई ठाउँ अनुसार भाग्यासर, समैजी डाँडावाग आदि नामले चिनिन्छ। यहाँ मार्मा क्षेत्रतिर यसलाई डाँडावाग भने पनि चैतमा भाग्यासार भनेर उल्लेख गरिएको छ। यी देवता पश्चिम नेपालतिर चर्चित शक्तिशाली देवताको रूपमा चिनिन्छ।

यस चैतमा सारसती भागरथी गङ्गा जमुना नदीको वर्णनबाट कथा सुरु गरिएको छ। तीर्थमा को ठूलो छ ? भन्दा तीर्थमा भागरथी ठूलो रूखमा वरपिपल, देवतामा भाग्यासार, ठाकुरमा नागमल्ल, ठूलो छ भनि वर्णन गरिएको छ। त्यसै गरि, डाँडाकाडा भिर पाखाको ठूलो भाग्यासर, सैन मैदानको नागमल्ल राजाबीच को ठूलो भन्ने विषयमा विवाद भएको र राजाले यदि तँ ठूलो होस् भने मेरो कोट कम्फा भनेर हाँक दिन्छ। त्यसपछि भाग्यासार रिसायर आफ्नो शक्ति प्रदर्शन गर्दै माल भन्ने ठाउँबाट दोस्रो बादलु जैसपुर माल, तेस्रो बादलु तेलेका लेक र चौथो बादलु फल्टुडे माथि र पञ्चै वादलु अजैमेरुकोट तिर आएको र राजाको दरबारमा अचम्मको कार्य हुन लागेको कुराको वर्णन गरिएको छ। चैतमा उल्लेख गरिएको छ कि-चाख विणि कम्फन लाग्यो, जाड्या कुकुर (भोटे कुकुर) उम्कन लाग्यो, बालबच्चाहरू कम्फन लागे, पुरै कोट (दरबार) कम्फन लाग्यो, राजा तल खाटमाथि, रानी तल फिनीखाटमाथि, मैदानको गाईभैसी-भिटा (पहरातिर) भुईको छाईविन्ना (मोहीको भाडो) रूखमाथि उकाले र वितिथि मच्चाएपछि राजा नागमल्ल हार मानेर मै सानो ठाकुर तपाई ठूलो देवता नै हो भन्दै छोरी चढाउलो, फोली चठाउलो, बात्तो बलाउलो, (दीया जलाउलो) भन्दै भाकल गरेपछि सबै चीज वस्तुहरू पहिलेकै ठाउँमा स्थिर रहेको कुरा चैतमा वर्णन गरिएको छ। यहाँ पश्चिम नेपालतिर देउकीको रूपमा छोरी मन्दिरमा चढाउने प्रथाको चलन नागमल्लको पालामा भएको भनाइलाई चैतले पनि पुष्टि गर्दछ।

**आख्यान/कथावस्तु**

यस चैतमा कथावस्तु पौराणिक विषयवस्तुसँग नजिक रहे पनि स्थानीय जनश्रुति तथा किंवदन्तिको रूपमा पनि यो चैतको कथावस्तु समेटिएको छ । यहाँ सुरुवातमा भाग्यासर देवता माल भन्ने ठाउँतिर उत्पत्ति भएको र गङ्गा जमुना सरस्वती, भागरथी जस्ता नदीको वर्णन गरिएको देखिन्छ भने नागमल्ल राजासँग विवाह हुँदा माल भन्ने ठाउँबाट आएर जसपुरी माल हुँदै तेलेको लेक, फल्टुडे लेक हुँदै नागमल्लको राजदरबार अजयमेरुकोट तिर आएको र आफ्नो शक्ति प्रदर्शन गर्दै सारा दरबार नै काम्ने बनाएको र पछि नागमल्ल हार मानेर छोरी फोली चढाउने भाकल गर्दा सबै कुरा पहिलेकै स्थितिमा फर्केको कुरा वर्णन गरिएको छ ।

यसरी झिनो कथानकमा अगाडि बढेको यस चैतमा आख्यान कमजोर देखिन्छ तर पनि घटनाको विकासक्रम दुर्त गतिमा अघि बढेको कारण चैत प्रभावशाली नै देखिन्छ । यसरी सामाजिक र पौराणिक विषयवस्तु भएको चैत रोमान्चक नै छ ।

**लयविधान**

यस लोकगाथा चैतमा लोक लय को प्रयोग भएको छ । यस चैतमा पङ्तीको अन्त्यमा भाग्यासर भन्ने कुरा दोहोरिएर आएको कारण लयात्मक र सङ्गीतात्मक भएको छ । यस चैतलाई स्थानीय लोकलयमा ढालेर एक जना भट्याउने मान्छे हुन्छ र अरुले स्वरमा स्वर मिलाउँदै गाउने गर्दछन् । यसरी चैतको प्रस्तुति सरल, सहज, सरस ढङ्गले अघि बढेको छ ।

**भाषाशैली/कथनपद्धति**

यो चैत पनि अन्य चैत जस्तै डोटेली भाषिकाको प्रयोग भएको चैत हो । यसमा डोटेली भाषाका साथै स्थानीय प्राचीन शब्दहरूको प्रयोग भेट्न सकिन्छ । जुन शब्दहरूको अर्थ लगाउन पनि कठिन छ । जस्तो :- बादलु, चाख, बिडी आदि । यस चैतमा वर्णनात्मक शैलीका साथै कहीं कहीं सम्वादात्मक शैली पनि प्रयोग भएको पाइन्छ । भाग्यासार देवता र नागमल्लको विवाद र नागमल्ल हारेपछि भाकल गरेको कुरा यस चैतमा सम्वादात्मक शैली प्रयोग भएको छ र अन्य कथानक वर्णनात्मक शैलीमा वर्णन गरिएको छ । यस चैतमा वर्णनात्मक शैलीको प्रयोग भएको कारण तृतीय पुरुष कथन पद्धतिको प्रयोग भएको छ ।

**पात्र/चरित्रचित्रण**

यस चैतको मुख्य पात्र भाग्यासर देवता भएको र उनै भाग्यासर देवताको चरित्रको चित्रण यस चैतमा उल्लेख गरिएको छ । साथै अन्य पात्रहरूमा नागमल्ल रहेको र नागमल्लको परिवारका सदस्यहरू रानी, छोरा-छोरी भोटे कुकुर, गाई भैँसी, आदि गौण पात्रको रूपमा आएका छन् । यसरी सानो आख्यान भएको यस चैतमा भाग्यासरको बहादुरी र चमत्कारिताको वर्णन गरिएको छ । यस चैतमा भाग्यसर देवता पौराणिक पात्र भएपनि नागमल्ल सामाजिक एवं ऐतिहासिक पात्र हुन् । नागमल्ल त्यस वेलाका चर्चित राजा भएको कुरा विभिन्न अभिलेख अनुसार बुझिन्छन् ।

**परिवेश**

यस चैतको परिवेश भारतको चर्चित नदीहरू गङ्गा जमुना, सारसती, भागरथीको चर्चा भेटिन्छ भने माल भनेर तराई तिरको भूगोलको वर्णन गरिएको छ । यसरी तराईको परिवेशबाट पहाडी परिवेशमा आउँदा तेलेका लेक, फल्टुडे लेक हुँदै अजयमेरुकोट सम्मको वर्णनले पश्चिम नेपालको स्थानीय परिवेशलाई झल्काउन्छ । खास गरी डोटी क्षेत्रको स्थानीय परिवेशमा यस चैतको घटनाक्रम घटित भएको देखिन्छ । आज पनि अजेयमेरुकोट, तेलेको लेक, फल्टुडे लेक, डोटी क्षेत्र तिरपर्ने भूगोल हुन । तिनै भूगोलमा वर्णन गरिएको भाग्यासरको वीरता र चमत्कारिताको कथा अघि बढेको देखिन्छ ।

**उद्देश्य/भाव**

यस चैतको मुख्य उद्देश्य भाग्यासर देवताको वीरता र चमत्कारिताको वर्णन गरी जनतासामु भक्तिभाव, सेवाभाव जगाउनु नै रहेको देखिन्छ । साथै लोक मनोरञ्जन प्रदान गर्नु पनि यस चैतको उद्देश्य देखिन्छ । यसरी भाग्यासर प्रति भक्तिभाव प्रकट गरी चमत्कारिकताको वर्णन गरी मनोरञ्जन प्रदान गर्नु यसको उद्देश्य हो ।

### ४.२.६ श्री लटिनाथ देवताको चैत

**कथासार/ वर्ण्यविषय**

यस लटिनाथ देवताको चैत मार्मा क्षेत्रको लटिनाथ गा.वि.स. मा पर्ने तलाइमाडौ भन्ने ठाउँमा रहेको लटिनाथ देवताको जन्म र स्थापनाको बारेमा छोटो वर्णन गरिएको छ । यो चैत अधुरो जस्तो लाग्छ किनकी लटिनाथको वीरताको गाथा यसमा वर्णन गरिएको छैन । दार्चुला जिल्लामा प्रचलित भ्फोडोमा लटिनाथमा वीरता र युद्धको वर्णन पाइन्छ । तर यस चैतमा त्यो पाइँदैन त्यसैले यो अधुरो हो कि ? भन्न सकिन्छ । यसको कथासार यसप्रकार छ । महादेव र श्री सोभाको पुत्रको रूपमा लटिनाथको जन्म भएको छ । यहाँ महादेव भनिएपनि भ्फोडोमा मालिकार्जुन र श्री सोभाको पुत्र भनिएको छ । दयाकृष्ण पन्तद्वारा लिखित लटिनाथको अमरगाथा भन्ने पुस्तकमा उल्लेख भए अनुसार महादेवकै अर्कोरूप मालिकार्जुन भएको र मालिकार्जुनका अन्य श्रीमतीहरूको षडयन्त्रमा परि लटिनाथ जन्मने वित्तिकै नदीमा बगाएको भन्ने कुरा उल्लेख गरिएको छ । जुनकुरा यस चैतको वर्णनसँग मेल खान्छ । यहाँ बाबु मूल जन्मेको भनेर सिस्नुको भ्फ्याङमा पालेको र सात दिन सात रात सिस्नुले पालेको, त्यसपछि सातदिन सात रात कुखुरीले पालेको, सातदिन सातरात गाईले पालेको, नदीमा बगाउँदा नदीको मुहान तिर माथितिर  बगेको, पहराबाट तल खसाल्दा माथितिर गएको, त्यसपछि जुम्ला देशतिर भ्फाली दिदी माली फुपुलाई बास बस्न देऊ भन्दा, हाम्रो अघि नदेखिने गरी पिठीपछि रहने भए बस भन्दा लटिनाथ त्यहाँबाट आएर हालको लटिनाथ गा.वि.स. को तलाईमाडौ भन्ने ठाउँमा आएर बसेको कुरा वर्णन गरिएको छ । यसरी लटिनाथ देवताको जन्म र त्यसपछि पाएको दुःख र स्थापना भएका ठाउँ सम्मको वर्णन यस चैतमा गरिएको छ ।

**आख्यान/कथावस्तु**

यसलोकगाथा चैतको कथावस्तु लटिनाथको वाल्यकालको दुःखकष्टसँग सम्बन्धित छ । यो गाथा पौराणिक विषयवस्तुको आधारमा रचित भएपनि यसको जन्म दार्चुला जिल्लाकै परिवेशमा भएकोले स्थानीयताको प्रष्ट भ्फल्को दिन्छ । गाथामा भनिएअनुसार महादेव (मालिकार्जुन) र श्री सोभाको सन्तानको रूपमा यिनको जन्म हुन्छ । बालक बाबुको लागि अप्ठेरो पर्ने अथवा राजा, राजदरबार तथा राजपाटमा हानि पुऱ्याउने खालको छ भनेकोले वालकलाई मार्न नदीमा बगाएको कुरा उल्लेख गरिएको छ । तर जनश्रुति अनुसार

मालिकार्जुनका अनुसार मालिकार्जुनका अन्य श्रीमतीहरूले षडयन्त्रगरी पण्डितलाई फकाएर यस्तो चिना टिपाउन लगाएको कुरा दयाकृष्ण पन्तले लटिनाथको अमरगाथा भन्ने पुस्तकमा उल्लेख गरेका छन् । (पन्त २०६८ :४-९)

यसरी नदीमा बगाएको बालक विलक्षण प्रतिभाको चमत्कारी वालक रहेकोले नदीको वहावमा तलतिर नबगेर उल्टो माथि तिर बगेको, पहाडबाट खसाल्दा माथितिर गएको, सिस्नु खाएर बाचेको, गाईले पालेको जस्ता कुरा उल्लेख भएको छ । त्यसैगरी जुम्ला तिर गएर आफन्तहरू फुपु र दिदीसँग बास माग्दा रूखो वचन दिएर मन दुखाएको र त्यहाँ वाट नै फर्केर हालको लटिनाथ गा.वि.स को तलामाडौ भन्ने ठाउँमा आएर बसेको कुरा उल्लेख गरिएको छ । लटिनाथको यस चैत अपूरो जस्तो छ । दार्चुला जिल्ला तिर प्रचलित भ्फोडो र जगरममा लटिनाथको जन्मदेखि युवा अवस्थाको लडाइँ र बहादुरीको वर्णन गरिएको देखिन्छ । भ्फोडामा उल्लेख भए अनुसार लटिनाथ मालिकार्जुनको पुत्र भएको र मालिकार्जुन छिपिलासँग युद्ध गर्दा पराजित भएपछि लटिनाथले सहयोग गरी छिपिलालाई हराएर मालिकार्जुनको विजय गराएको कुरा उल्लेख गरिएको छ । यहाँ लटिनाथलाई लटैनाथ, लटवाग, आदि नामले पनि चिनिन्छ ।

**लयविधान**

यस लोकगाथा चैतमा मुक्त लोकलयमा आधारित छ । आख्यान छोटो भएको कारण घटनाक्रम तीब्र भएर गायनमा मिठास बनेको छ साथै सरल र सरस गेयात्मक तथा पदको आवृत्तिले सङ्गीतात्मक बनेको देखिन्छ ।

**भाषाशैली/ कथावस्तु**

यस लोकगाथा चैतमा डोटेली भाषिका भित्रको स्थानीय उपभाषिकाको प्रयोग भएको छ । पङ्क्तिको अन्तमा अन्यानुप्रास अलङ्कारले गर्दा भाषा गेयात्मक बनाएको छ । वर्णनात्मक शैलीमा रचिएको चैतमा कथा भन्दा बाहिरको पात्रले वर्णन गरेको कथन पद्धति अपनाइएको छ । यसको भाषाशैली सरल र सहज रहेको छ, जस्को कारण गाउन सजिलो भएको छ ।

**पात्र/चरित्र चरित्र**

यस चैतमा लटिनाथ देवता मुख्य पात्रको रूपमा आएका छन् । लटिनाथको जन्म र वाल्यकालको चरित्रको चित्रण यसमा गरिएको छ । सहायक पात्रको रूपमा, झाली दिदी, र माली फुपु रहेका छन् भने अप्रत्यक्ष पात्रको रूपमा महादेव र श्रीसोभा रहेका छन् । त्यसैगरी मानवेतर पात्रको रूपमा, सिस्नो, कुखुरा, गाई रहेका छन् ।

**परिवेश**

यस चैतको घटना घटित स्थान दार्चुला जिल्ला भित्र रहेको देखिन्छ । मालिकार्जुन र श्रीसोभा हालको मालिकार्जुन देवताको थान रहेको ठाउँमानै लटिनाथको जन्म भएको र जन्मेपछि महाकाली नदीमा बगाएको कुरा स्थानीय झोडोमा उल्लेख गरिन्छ । त्यसैले हालको मालिकार्जुन मन्दिर र महाकाली नदीको आसपासमा घटित घटनाक्रम नै यस चैतको परिवेश हो साथै दिदी र फुपु भेट्न जुम्ला गएको र त्यहाँबाट तलाइमाडौं अथवा हालको लटिनाथ गा.वि.स. को परिवेश पनि यस चैतको कार्यक्षेत्र हो । यसरी स्थानीय परिवेशमा रचिएको यस चैतले स्थानीय परिवेशको प्रशस्त झल्को दिन्छ । साथै गाउँदा स्थानीय रङ्गले भरिएको कारण अपनत्वको भावना जगाउँदै मन प्रफुल्लित पार्दछ ।

**उद्देश्य/ भाव**

यस चैतको मुख्य उद्देश्य लटिनाथ उत्पत्ति र त्यसको वाल्यकालको वाल्यकालको बारेमा जानकारी दिनु नै देखिन्छ । साथै लटिनाथको चमत्कारिता र बहादुरीको चिनारी दिँदै जनमानसमा भक्तिभाव प्रकट गर्नु पनि रहेको देखिन्छ ।

## ४.२.७ नवरात्रीमा गाउने देवीको चैत

**कथासार/ वर्ण्यविषय**

यो चैत नौराता अथवा नवरात्रीमा गाउने देवीको चैत हो । यो चैत ठाउँ अनुसार फरक फरक देवीको मण्डपमा गाउने गरिन्छ । यसमा सुर्मादेवीको मण्डपमा नवरात्रीको बेला गाउने चैतको चर्चा गरिएको छ । यस चैतलाई मालिका देवी, दुर्गा देवीको मण्डपमा पनि गाउने गरिन्छ ।

माता वा देवीको जन्मभूमि कहाँ हो र बासस्थान कहाँ हो भन्दा मालैरे मुनि जन्मभूमि हिमालमा वासस्थान हो र चैते अष्टमीमा हिमालमा धौलो घोडामा चढेर आउने र सेतो पाखर ओडेर जाने र सुनको डाडी र सुनैको कलस लिएर जाने कुरा वर्णन गरिएको छ । त्यसै गरी मन्दिरको वर्णन गर्दै तिलकको गाजल गेरुरङ्गको मन्दिर सुहाउँछ । पत्थरका छाना भएको मण्डपमा लोग भरिन्ना, फूलपाती भणार भनिन्ना, त्यसैगरी देव पटौखानी लोग भरिन्ना गाहुत भरिन्ना निउज भरिन्ना भणार, दियो भरिन्ना भणार, केला (फलफुल) भरिन्ना, पैसा भरिन्ना, भणार, दुध भरिन्ना, भणार त्यसैगरी जस्ले पाती चढाउँछ त्यसले नाति खेलाउँछ, जस्ले केला चढाउँछ त्यसले चेला खेलाउँछ, जस्ले पैसा चढाउँछ त्यसको गोठमा भैसा भरिन्ना धर्मिमान्छेले सुर्मासरोवर जाउ भन्यो, पापीले अविगाल लियो । धर्मिमान्छेको रात पनि उज्यालै हुन्छ । पापीको दिनपनि अन्ध्यारो हुन्छ । धर्मी छिर्छ घरमी गुफा पापीको घुणा ठोकिन्ना, लोडी जेउडी छाडी पापैका भारी छाडी, सुर्माभवानीले पापहरी अथवा पाप हरण गर्ने हुन्छ ।

यसरी सुर्माभवानीको भक्ति गर्दै पूजाआजा गरे भने खोजेको वर पाइनुका साथै सम्पूर्ण पाप हरण गरिदिनु हुन्छ भन्ने कुराको वर्णन यस चैतमा गरिएको छ ।

**आख्यान/ विषयवस्तु**

यस चैतको विषयवस्तु पौराणिक देवी देवताको विषयवस्तु भएपनि स्थानीय परिवेशमा घटित घटनाक्रम भएको कारण सामाजिक लोकगाथा जस्तो पनि देखिन्छ । यस गाथामा आख्यान तत्व न्यून छ । झिनो आख्यानमा रचिएको यस चैतमा देवीको जन्म र वासस्थानको चर्चा र मण्डपमा जात्राको वेला जनसमुदायहरूले गर्ने पूजा आजाको वारेमा वर्णन गरिएको छ ।

यस चैतमा देवीको जन्म माल भन्ने ठाउँमा भएको र वासस्थान हिमालमा रहेको तथा चैते अष्ठमीको बेला माल भन्ने ठाउँबाट हिमालतिर आउने र कार्तिक दशैमा हिमालबाट माल भन्ने ठाउँतिर जाने कुराको चर्चा गरिएको छ । त्यसैगरी मन्दिरको सजावट गरी नौराता (नवरात्रीमा) देवीको मण्डपमा लोकजन सबै आउने र फुलपाती, अक्षता, फलफुल, दुध, निउज, घिउ, दियो, पैसा आदि चढाउने र मनले वर माग्ने तथा सम्पूर्ण पाप हरण गर्ने कुरा उल्लेख छ साथै देवीको नाम जप्ने भक्तहरूको सधैँ कल्याण हुने र पापीहरूलाई अविगाल लाग्ने तथा धर्मी गुफा भित्र धर्मी छिर्ने र पापीहरूको घुडा ठोकिने छ

भन्ने उल्लेख गरिएको छ । यहाँ क्षेत्ती भन्ने ठाउँमा धर्मीगुफा रहेको छ, र अहिले पनि त्यस गुफा भित्र छिर्ने मान्छेको पाप हरण हुने किंवदन्ति रहेको छ ।

**लयविधान**

यस लोकगाथा चैतमा मुक्तलोकलयको आधारमा गाउने गरिन्छ । यसमा पङ्क्तिको अन्तमा पदहरू दोहरिदा गेयात्मक तथा सङ्गीतात्मक भएको छ । यो छोटो संरचना भएको कारण छिटो र मिठो तरिकाले गाउने गरिन्छ । यसमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरिएको छ ।

**भाषाशैली/कथनपद्धति**

यस गाथामा डोटेली भाषिका भित्रको उपभाषिका प्रयोग भएको छ । केही प्राचीन शब्दको प्रयोगले जटिलता थपेको देखिन्छ तर गाउन सरल र सहज तरिकाले गाउन सकिने शब्दहरूनै भएको कारण भाषाशैली मिठास नै रहेको छ । वर्णनात्मक शैलीमा रचिएको यस गाथामा तृतीय पुरुष कथन पद्धतिको प्रयोग देखिन्छ ।

**पात्र/चरित्रचित्रण**

यस चैतमा सुर्माभवानी देवी नै प्रमुख पात्रको रूपमा आएका छन् । देवीको जन्म र बाँस भएको ठाउँ र सबै लोकजनहरूको रक्षा गर्ने र भलो चिताउने पवित्र पात्रको रूपमा देवीको चित्रण गरिएकोले यस चैतमा केन्द्रिय पात्रको रूपमा सुर्माभवानी देवीलाई लिन सकिन्छ साथै भक्तजनहरू, पापीहरू, धौलो घोडा, कालो मौरे घोडा आदि सहायक पात्रको रूपमा चैत आएका छन् ।

**परिवेश**

यस चैतको विषयवस्तु पौराणिक भएपनि स्थानीय परिवेशमा घटना घटित भएको कारण स्थानीय परिवेश नै यसको मूल कर्मथलो हो । मालको ठाउँ देखी हिमाल सम्म तथा देवीको मण्डप जहाँ स्थानीय जनसमुदाय देवीको पूजाआजा गर्ने गरेका, धार्मिकगुफा जो हालको खण्डेश्वरी गा.वि.स. वार्ड नं १ क्षेत्तीमा पर्दछ । त्यस ठाउँको परिवेशको चर्चा यस

चैतमा गरिएको छ । यसरी स्थानीय परिवेशमा रचिएको यस चैत निकै रोचक र प्रभावकारी देखिन्छ ।

## ४.२.८. श्री रामचन्द्र भगवानको चैत

**कथासार/ वर्ण्यविषय**

यो चैत पौराणिक विषयवस्तुमा आधारित चैत हो । रामायणको कथा वस्तुलाई मौलिकतामा ढाल्दै कथानक अगाडि बढेको छ । यसमा रामचन्द्र भगवान बनबास र भरतले राज्य पाएको घटनाबाट सुरु भएर रावणको मृत्यु र राजाराम अयोध्या फर्केको घटनासम्मको कथा छ । यसमा वर्णन भए अनुसार भगरथ राजाको दशरथ राजा र दशरथ राजाको छोरा रामचन्द्र भएको कुरा उल्लेख गरिएको छ । एकदिन राजा दशरथको औलामा पिलो भएको र औषधी गर्न वैजी (ओखती गर्ने मान्छे) बोलाएको त्यसले पनि ठीक नभएको हिमाल, पहाडबाट जडिबुटी ल्याएर लगाउँदा पनि ठिक नभएको र राती कौशिला रानीसँग सुतेको बेला झन घाउ चर्किएको र निद्रा नै नपरेको कुरा वर्णन गरिएको छ । यहाँ यो मौलिक कुरा जस्तो लाग्छ रामायणलाई मौलिक बनाएर स्थानीयताको रङ्ग दिएको देखिन्छ । त्यस पछि अर्को रात सोसिल्ला (भरत आमा) रानीसँग सुतेको बेला घाउ नदुखी आराम साथ निद्रा लागेको कारण राजा खुसी भएर बाचा गर्दा सोसिल्लाले आफ्नो छोरो भरतलाई राजा बनाउने र रामचन्द्र र लक्ष्मणलाई बनवास पठाउने सर्त राख्छ । त्यसपछि राजाद्वारा वाध्य भएर ढोकामा राम र लक्ष्मणलाई १४ वर्षको वनवास र भरतलाई राजकाजको जिम्मेवारी तोकिएको सूचना टाँसिन्छ । उता राम र लक्ष्मण सिकार खेल्न जङ्गल गएको र मृगहरूको खोजीमा मारिक (सिकारी) कुकुर पठाउँदा हराउने गरेको र अन्तमा चितल मारेर ल्याएको कुरा उल्लेख छ ।

सिकार खेल्नबाट साँझ घर फर्कदा ढोका भित्र छिर्न लाग्दा लक्ष्मणले सूचना देख्छ र दाजु रामलाई भित्र नपस्न आग्रह गर्दछ । सूचना पढेपछि रामचन्द्र राजकाज कस्लाई सुम्पने, बाबा दशरथ कस्लाई सुम्पने, आमा कौसिल्या, कस्लाई सुम्पने भन्ने प्रश्न गर्दा लक्ष्मण भन्छन् सबै कुरा भरत र राजा दशरथलाई सुम्पेर जाउ भन्दछन् ।

यसरी राम र लक्ष्मण सीता अनि मारिक (सिकारी) कुकुरलाई लिएर जङ्गल जान्छन र जङ्गलमा कुटि बनाएर वरिपरि फुलहरू रोपेर रङ्गीचंगी बनाएर बसेका हुन्छन् र एक दिन राम लक्ष्मण अइडा (शिकार खेल्न) गएको बेला लङ्काको राजा रावण जोगीको भेषमा भिक्षा

माग्न आएको र सीताले म वनमा रहने के भिख दिन सक्छु र भन्दा जे फल रामचन्द्र खान्छ त्यही फल भिक मलाई देउ भन्छ । त्यसपछि ढोकाबाट भिख दिउभने लक्ष्मणको भसम रेखा छ, झ्यालीबाट देउ त भसमको रेखा छ भन्दा झ्यालबाट देउ भन्छ र झ्यालबाट हात बाहिर छिराएर भिख दिन खोज्दा तानेर रथमा चढाएर लङ्का लगेको कुरा उल्लेख गरिएको छ ।

जब राम र लक्ष्मण डेरामा आउँछन् त्यहाँ सीतालाई देख्दैनन् । त्यसपछि लक्ष्मणलाई आदेश दिँदै राम भन्छन् नर वानर सबै कटक (सेनाहरू) जम्मा गर अब लडाईमा जाने वेला भयो भन्छन् । त्यसपछि रामले सैनिक पोसाक पहिरेर अगाडि लाग्या त्यसपछि रामको साथ दिन नर वानर, बनसापति, लेटयान-भ्याकुडो, तितरो चाखुरो, सातभाइ सिद्धौ, हनुमान, अङ्गद, तेत्तिस कोटी देवता, लगायत सबै लावा लस्कर लिएर समुद्रको तट सम्म पुग्छन्. । त्यहाँबाट हनुमानले समुन्द्र तर्न फटकशीला हामफाल्यो, त्यहाँ रावणको सुरक्षाकर्मीले केरकार गरेर रावणलाई बाँदरको अनुहार भएको हनुमान नामको एक जना आएको खबर पुऱ्याउन्छन् । तर हनुमान भने सीतालाई भेट्न गएको र सीतालाई ढोंग गरी रामको कुसल मङ्गलको समाचार सुनाउँदै भेट्न आएको कुरा बताउँछन । सीता सबै घर परिवारको हालखबर सोध्छि र हनुमान भन्छन्, दशरथ राजा सोर्गे भए, कौसिल्या रानी सती गइन भनि अयोध्याको खबर सीतालाई सुनाउन्छन् । त्यसपछि हनुमानलाई भोक लागेको, र फलफुल टिपेर खाउँ भनेर सीताले भन्छिन् । फलफुल खाने अनुमति पाएपछि हनुमानले बारीमा भएको फलफुल टिपेर खाई रूख उखेलेर जरो सर्ग तिर टुप्पो भूईतिर गराएको र हनुमानलाई धपाउन रावण आएको र तीर हान्दा शरिरको एउटा रौ मात्र काटेको कुरा वर्णन गरिएको छ ।

जब रावणले तीर हानेर एउटा मात्र रौँ काटियो तब रावण वादरलाई मार्न नसकेकोले रुन लाग्यो भने हनुमान आफ्नो शरिरको एउटा रौँ काटिएकोले रुन लाग्यो भन्ने कुराको वर्णन चैतमा गरिएको छ । त्यसपछि रावण हनुमानलाई तिम्रो मृत्यु केमा छ भनि सोध्दा पातालको भमरा पाउमुनि चेप्नु आकासको भमरा आकासमै मार्न भनि जवाफ दिन्छन् । त्यसपछि लङ्का भरिको कपडा र तेल जम्मा गरेर हनुमानको पुच्छरमा बाँधी आगो लगाउने आदेश दिन्छ र हनुमान पुच्छरको आगोले सारा लङ्का जलाएर समुन्द्रमा आएर आगो निभाउँछन् ।

त्यसपछि हनुमान फर्कन्छन् । क्षारसमुन्द्र माथितार (पुल) लगाएर सबैजना लङ्का तराउँछन् र लङ्कामा भीषण लडाई सुरु हुन्छ । सबै भन्दा पहिलो लडाइमा कुम्भकर्णलाई मारे, त्यसपछि को लडाईमा इन्द्रजीत मारे, तेस्रो लडाईमा रावण वीर मारेको कुरा वर्णन गरिएको छ । त्यसपछि सबै फौज ल्याएर आउन लाग्दा बाटोमा रावणको श्रीमती मन्दोदरी भेटिन्छन् र राजारामलाई कि त मलाई पनिसँगै लैजाउ कि हुकुम देउ भन्दा रामलेसँगै नलैजाने बरु हुकुम दिने कुरा उल्लेख छ ।

त्यसपछि राम अयोध्या आएको र राजा राम र रानी सीता भएको कुरा उल्लेख गर्दै युद्धमा साथ दिने लक्ष्मण, हनुमान, अङ्गद, साथ भाइ, सिद्धौराठ, सबै नर बानर सबैलाई धन्यवाद, स्यावास दिँदै रामको जय जय कार गर्दै चैतको वर्णन सकिएको छ ।

**आख्यान/ कथावस्तु**

पौराणिक विषयवस्तुमा आधारित श्री रामचन्द्र भगवानको चैत एक लोक रामायण हो । यसमा रामचन्द्रको बनबासदेखि रावणको हत्या र पुन : अयोध्यामा राज गरेको सम्मको कथाको वर्णन गरिएको छ । रामायणका कतिपय घटनाहरूलाई मौलिक विषयवस्तुमा ढालेर कथानक अगाडि बढेको छ ।

यहाँ दशरथराजाको वंशावली दिँदै रामचन्द्र दशरथको छोरा भएको राजपाटको उत्तराधिकारी भएकोले घटना मिलाउँदै राजा दशरथको हातमा पिड (पिलो भएको) औषधी मुलो गर्दा पनि निको नभएको र सोसिल्ला (भारतको आमा)सँग सुतेको बेला घाउ नदुःखी राम्रोसँग निद्रा परेको र औषधी मुलो पनि सोसिल्ला रानीले गर्नुपर्ने कुरा राजाले गर्दा रानीले वाचा गरेपछि मात्र आफू औषधीमुलो गर्ने भनेपछि वाचा गरी सोसिल्लाले भरतलाई राजा र राम लक्ष्मणलाई वनवास पठाउने वाचा पुरा गरेको कुरा वर्णन गरिएको छ ।

त्यसपछि राम लक्ष्मण सिकार खेल्नबाट फर्कदा ढोकामा सूचना देख्दा झस्किँदै सीता सहित वनवास गएको र वनमा कुटी बनाएर बसेको कथा उल्लेख गरिएको छ । एक दिन राम र लक्ष्मण सिकार खेल्न गएको र सीता घरमा एकलै बसेको वेला रावण जोगीको भेष लिएर भिख माग्न आएको र सीताले केही नभएको कुरा गर्दा जे जस्तो भएपनि दिन आग्रह गरी झ्यालबाट भिख दिन खोज्दा हात समाति तानेर रथमा चढाई लङ्का पुऱ्याएको कथा रहेको छ । जब राम लक्ष्मण सिकार लेख्नबाट घर फर्के त्यहाँ सीतालाई नदेखे पछि रावणले लगेको शङ्का मानेर युद्धको लागि लक्ष्मणलाई सबै नर लोग (नर वानर) जम्मा

गरी सेना तयार गर्न आदेश दिन्छन् र आदेश अनुसार लक्ष्मणले सबै फौज तयार गरी समुन्द्र किनारसम्म लिन्छन् र वीर हनुमान हाम फाल्दै लङ्का पुग्छन र सीतामातालाई भेटी राम लक्ष्मण पनि आएको र अयोध्याको सबै हाल खबर बताएको कुरा गाथामा वर्णन गरिएको छ । हनुमानलाई भोकलागेपछि फलफुल खान वारीमा जाँदा वारीको सबै फलफुल खाएर बोट भाची नास गरेकोदेखि रावण रिसाएर तीरले हान्दा हनुमानको एक रौँ मात्र काटेको देख्दा दुःखीत हुँदै तिम्रो काल केमा छ ? भनि सोध्छन् र हनुमान भँमरामा आफ्नो काल भएको र त्यो एकैचोटी आकास र पातालमा मार्नु पर्ने वताउँछन् । त्यस पछि हनुमानको पुच्छरमा लङ्का भरीको कपडा र तेल बाँधेर आगो सल्काउँदा हनुमानले सारा लङ्का जलाएको कुरा वर्णन गरिएको छ । लङ्का जलाएर राम कहाँ आएर सबै कहानी बताएर समुन्द्र तर्न पुल लगाउँछन्  र सबै फौज लङ्का तराएर लडाईको सुरुवात गर्छन् लडाईमा पहिलो चोटि कुम्भकर्ण त्यसपछि इन्द्रजीत र अन्तमा रावणलाई मारी उसको श्रीमतीलाई हुकुम दिएर अयोध्या फर्कन्छन् र अयोध्यामा राजा राम र रानी सीता भएर बसेको र लडाईमा सहयोग गर्ने सबैलाई स्यावासी दिएको कुरा वर्णन गरिएको छ ।

यसरी कथानक रैखिक ढङ्गले अगाडि बढेको छ । घटनामा नयाँपन समावेश भएको कारण कथा रोचक बनेको छ र आख्यान सरल सरस ढङ्गले अघि बढेको छ ।

**लयविधान**

यस लोकगाथा चैतको लय मुक्तलोकलय हो । यसमा लामा छोटा पङ्क्तिले गर्दा लयको आवृत्तिमा एकरूपमा नभएर विविधता थपेको देखिन्छ । सुरुको पङ्क्तिहरू छोटा छोटा भएको कारण एउटा लयमा गाइन्छ भने दोस्रो राम वनवास जाँदाको पङ्क्तिहरूमा फरक लयमा गाइन्छ । त्यसपछि “लङ्का है तपस्या आइछ रे सीता तपस्या भिख” भन्ने पङ्क्ति फरक लयमा गाएपछि त्यसपछिको पङ्क्तिहरू फेरि लामो लय हालेर गाउने गरिन्छ । त्यसपछि लय बदलेर गाइन्छ । यसरी यस चैतमा १० पटकसम्म लय बदलेर गाउने प्रचलन छ किनभने पङ्क्तिहरूलामो छोटो हुने र लयको आवृत्ति नमिल्ने भएकै कारण यस्तो भएको हो । अर्को लयमा विविधता ल्याउन पनि यस्तो गरिएको हुनुपर्छ ।

यसरी लामा छोटा पङ्क्तिहरूलाई राम्रोसँग मिलाएर गेयात्मक एवं सङ्गीतात्मक तरिकाले यस चैत गाउने गरिन्छ र अघि बढ्छ ।

**भाषाशैली / कथनपद्धति**

यस लोकगाथा चैतमा डोटेली लोक भाषिकाको प्रयोग गरिएको छ । परम्परागत रामायण भन्दा भिन्न आफ्नै मौलिकतामा ढालिएको यस चैतमा केही संस्कृत, वज्रभाषाका शब्दहरूको प्रयोग पनि रहेको छ ।

यो चैत वर्णनात्मक र संवादात्मक तरिकाले अघि बढेको सुन्दर गाथा हो । त्यसैले यसमा वर्णनात्मक र संवादात्मक भाषाशैली समेटिएको छ । साथै प्रत्यक्ष पात्रहरूको प्रयोगले प्रथम पुरुष कथन पद्धतिको प्रयोग यस चैतमा गरिएको छ । लयगत विविधताको कारण भाषाशैली सुन्दर ढङ्गले अघि बढेको देखिन्छ ।

**पात्र / चरित्रचित्रण**

यस लोकगाथा चैतमा पौराणिक पात्र रामचन्द्र भगवानको चरित्रचित्रण गरिएको छ । त्यसैले यस चैतको प्रमुख पात्र रामचन्द्र हुन् । भने सहायक पात्रहरूमा लक्ष्मण, सीता, रावण, दशरथ, कौसिल्या, सोसिल्ला, हनुमान, अङ्गद रहेका छन् भने गौण पात्रको रूपमा रामका सेनाहरू नर वानर, तेत्तिस कोटि देवता, तितरो, चाखुरो, भ्याकुडो, मन्दोदरी, भरत, रावणका सेनाहरू, कुम्भकर्ण, इन्द्रजीत तथा सिकारी कुकुरहरू पर्दछन् ।

यो लामो आख्यान भएको चरित्र गाथा हो । यहाँ धेरै पात्रको संगमबाट आख्यान अघि बढेको छ । साथै पात्रहरूले आफ्नो भूमिका राम्रो ढङ्गले निभाएका छन् र कथानकलाई अघि बढाउन मद्दत गरेका छन् ।

यसरी चैतमा रामचन्द्र भगवानको चरित्रको सुन्दर ढङ्गले चित्रण गरी पात्रप्रति न्याय नै गरेको देखिन्छ ।

**परिवेश**

यो गाथा रामायणबाट लिएको लोकगाथा हो । रामायणलाई मौलिकतामा ढालेर रामको चरित्र माथि प्रकाश पार्नु यस चैतको उद्देश्य हो । त्यसैले यस चैतको घट्ना परिवेश अयोध्या नगरी र वन जङ्गल र सिकार खेलेको वन र मृगको वर्णनले स्थानीय वन र मृगको झल्को दिन्छ । साथै लङ्का नजिकैको समुन्द्रको वर्णनले गर्दा रामायण कै घटना परिवेशलाई चित्रित गर्दछ ।

यसरी पौराणिक परिवेशमा वर्णन गरिएको यस चैतले केही स्थानीयताको झल्कोसँगै रामायणको घटना परिवेशलाई चित्रण गर्दछ ।

**उद्देश्य/ भाव**

यस लोकगाथा चैतको उद्देश्य रामायणलाई सजिलो र सर्वसुलभ बनाएर स्थानीय जनताहरूको घरघरमा पुऱ्याउनुका साथै राम चरित्र माथि प्रकाश पारी रामभक्तिभाव दर्शाउनु रहेको देखिन्छ ।

रामायण हिन्दू लगाएत बहुसंख्यक मानिसको रुचिको विषय हो । त्यसैले यसलाई कथ्य परम्परामा ढाल्दै सजिलै सिक्न सकिने भएकोले गेयात्मक बनाएर केही स्थानीय रङ्ग भर्दै यसको रचना भएको देखिन्छ । साथै लोक मनोरञ्जन पनि यसको उद्देश्य हो । मूलत : यस चैतले राम भक्तिभावमा थप टेवा पुऱ्याएको देखिन्छ ।

# परिच्छेद : पाँच

# उपसंहार

यो शोधपत्र **"दार्चुला जिल्ला मार्माक्षेत्रमा प्रचलित चैतहरूको सङ्कलन विश्लेषण"** भन्ने शीर्षकमा रहेको छ ।

शोधकार्य आफैमा कठिन कार्य भएकोले यस शोधपत्र तयार पार्दा स्थलगत अध्ययन स्थानीय लोकसंस्कृति, भाषा तथा इतिहासको राम्रो ज्ञान हुन जरुरी महसुस भएको छ । विभिन्न सन्दर्भसामग्री, स्थानीय लोकसंस्कृतिका ज्ञाताहरूसँगको निरन्तर अन्तरक्रिया आदिले यो शोधकार्य पूरा गर्न मद्दत पुगेको छ ।

यो शोधपत्र ५ परिच्छेदमा विभाजित गरेर लेखिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । दार्चुला जिल्ला मार्मा क्षेत्रमा प्रचलित लोकगाथा चैतको सङ्कलन तथा अध्ययन गरी स्थानीय लोकसंस्कृतिको उजागर गरी लोकसाहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्यका साथ नेपाली शिक्षण विभागद्वारा शोधप्रस्ताव पास भएर शोधकार्य अगाडि बढेको हो । शोधकार्य अघि बढाउँदै जाँदा जिल्लाको विभिन्न भूभागमा पुगेर त्यहाँका स्थानीय बुद्धिजीवी तथा संस्कृतिविदहरूसँग विषयवस्तुको बारेमा अन्तरक्रिया छलफल गर्ने कार्य भयो जसको कारण मार्मा क्षेत्रमा प्रचलनमा रहेका चैतहरूको सङ्कलन गरियो । यसरी प्रत्यक्ष अध्ययन स्थलमा जाँदा दार्चुला जिल्ला मार्माक्षेत्र लोकसाहित्यले भरिपूर्ण क्षेत्र रहेको देखियो । यहाँका लोकसंस्कृतिहरूको उचित अध्ययन अनुसन्धान भएको खण्डमा नेपाली लोकसाहित्यको क्षेत्रमा अमूल्य योगदान पुग्न सक्ने देखिन्छ । यो चैतको अध्ययनले त्यस उद्देश्यतर्फ ऐतिहासिक कदम चालेको छ ।

दोस्रो परिच्छेदमा जिल्लाको सामान्य परिचय रहेको छ । जिल्लाको नामाकरण, भौगोलिक स्थिति, हावापानी, प्रमुख प्राकृतिक सम्पदाहरू, धार्मिक सम्पदाहरू, ऐतिहासिक सम्पदाहरू तथा प्रमुख जात्रा, चाडपर्वहरूको बारेमा सामान्य चर्चा गरिएको छ । यसले शोधकार्यको अध्ययनमा मद्दत पुग्ने देखिन्छ । जिल्लाको लोकसंस्कृति, चाडपर्व तथा जात्राहरूले ऐतिहासिक लोकसंस्कृतिको अध्ययनमा थप मद्दत पुग्ने देखिन्छ । अझै यस शोधकार्यको विषयवस्तु चैत विभिन्न जात्रा तथा पर्वहरूमा गाउने प्रचलन रहेको छ ।

तेस्रो परिच्छेदमा लोकसाहित्यको सैद्धान्तिक परिचय समेटिएको छ । सबैभन्दा प्राचीन साहित्यको रूपमा लोकसाहित्यलाई चिनाउँदै विभिन्न लोकसाहित्यविदहरूको मत

यस खण्डमा उल्लेख गरिएको छ । लोकसाहित्य आफैमा विशाल साहित्य हो । यसभित्र विभिन्न विधाहरू अटाएका छन् । ती सबै विधाहरूको आआफ्नै महत्व रहेको देखिन्छ । लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का आदि विधाहरूले आआफ्नो विशेषता बोकेका छन । तर यी विधाहरूको केही साझा विशेषता पनि रहेका छन् । ती साझा विशेषताहरूलाई पनि उल्लेख गरिएको छ ।

लोकसाहित्यको विभिन्न विधाहरूको पनि उपविधाहरू रहेका छन् । विभिन्न शैली, संरचना, उद्देश्य, परिवेश, चरित्र आदिको आधारमा यी उपविधाहरू छुट्याउने गरिएको छ । यसरी विधाहरूको उपविधा छुट्याउँदा विषयवस्तुको अध्ययन अनुसन्धान गर्न सरल र सहज हुने देखिन्छ ।

लोकसाहित्यभित्रको एउटा महत्वपूर्ण विधाको रूपमा लोकगाथालाई लिने गरिन्छ । यो गाथा विभिन्न आख्यानहरूलाई गेयात्मक पाराले भनिने वा गाइने विधा हो । यसलाई गीतद्वारा भनिने कथा वा आख्यान भनेर पनि परिभाषित गरेको पाइन्छ । लोकगाथा पूर्वीय र पाश्चात्य दुबै साहित्यिक क्षेत्रमा उत्तिकै प्रचलित विधा हो । पाश्चात्य साहित्यगाथालाई ‘ब्यालेड’ भनेर नामाकरण गरिएको छ भने पूर्वीय साहित्यमा गाथा भनेर चिनिन्छ । जे भनेपनि यो कुनै घटना वा प्रसङ्गलाई गीति संरचनामा रहेको साहित्यिक विधा हो । यस शोधपत्रमा लोकगाथाको बारेमा विभिन्न विद्वानहरूको मत उल्लेख गरिएको छ । साथै लोकगाथाको विशेषता, लोकगाथाका प्रकारहरू समेत उल्लेख गरी यस विधाको अध्ययन, अनुसन्धान गर्न र शोधप्रस्तावको विषयवस्तुतिर जान सजिलो होस् भन्ने अभिप्राय लिइएको छ ।

लोकगाथा पाश्चात्य होस् या पूर्वीय यो स्वतःस्फूर्त रचित विधा हो । लोकसाहित्यको सुरुवातदेखिनै सबैभन्दा बढी प्रचलित विधाको रूपमा लोकगाथालाई चिनाउन सकिन्छ किनभने लोकसाहित्य मौखिक परम्परामा गेयात्मकता र सङ्गीतात्मकता मिसिएको विधा भएकोले मानिसहरूलाई सजिलै कण्ठ हुने र गाउँदा र सुन्दा पनि सजिलै रमाइलो हुने भएकोले यो विधा अन्य विधाको तुलनामा बढी प्रचलित विधा हो भन्न सकिन्छ । नेपाली लोकसाहित्यको सन्दर्भमा यो विधा निकै प्राचीन विधाको रूपमा लिन सकिन्छ । साथै देशका विभिन्न परिवेश तथा जातजातिको संस्कृतिमा अभिन्न रूपले गाँसिएको विधाको रूपमा पनि लिन सकिन्छ । अझै सुदूरपश्चिममा लोकगाथाको प्रचलन बढी मात्रा भएको देखिन्छ । यहाँ चैत, धमारी, ढुस्को, जगरम, झोडो, भारत चाँचरी आदि प्रसिद्ध गाथाहरू गाउने वा

प्रचलनमा रहेको क्षेत्र पनि हो । लोकसाहित्यको अन्य विधाको तुलनामा यो बढी गाइने गरिन्छ । यस शोधपत्रमा दार्चुला जिल्लाको मार्मा क्षेत्रमा प्रचलित चैतहरूको अध्ययन विश्लेषण गरिएपनि अध्ययनको क्रममा त्यस क्षेत्रमा लोकगाथाका अन्य प्रकारहरू झोडो, जगरम, ढुस्को, भाडी खेल, घारुगीत जस्ता गाथाहरू रहेको र त्यसको अध्ययन अनुसन्धान हुन बाँकी रहेको देखिन्छ । साथै अध्ययन तथा सङ्कलन गरिएका चैतहरू पनि नितान्त नयाँ वा अहिलेसम्म सङ्कलन नभएका चैतहरूको सङ्कलन गरी अध्ययन गरिएको छ । नेपाली लोकगाथाको अध्ययनमा यसले थप योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

लोकगाथाभित्रको एउटा उपविधा शोधपत्रको विषय चैत पनि एक हो । चैत लोकगाथाको महत्वपूर्ण उपविधा हो । व्यक्तित्वको चरित्रको वर्णनमा आधारित यस गाथा ऐतिहासिक, पौराणिक र सामाजिक विषयवस्तुमा आधारित हुन्छ । यसरी विभिन्न ऐतिहासिक पौराणिक तथा सामाजिक पात्रहरूको चित्रणको वर्णन गरिएको गेयात्मक गीति संरचनालाई चैत भनिन्छ । यो एक प्रकारको आख्यान भएको गाथा हो । यसमा पात्रको जीवनमा घटेका घटना, परिवेशको चित्रण पनि गरिएको हुन्छ । पात्रको जीवनमा घटेका ऐतिहासिक घटनाहरू, साहसिक कदमहरू पात्रका कारुणिक प्रसङ्गहरू वीरचरित्र, चमत्कारिता, रोमान्चक घटना आदिको वर्णन यस चरित्रगाथा चैतमा गरिएको हुन्छ ।

लोकगाथा चैतको बारेमा विभिन्न मतहरू नेपाली लोकसाहित्यविदहरूले दिएका छन् । डोटेली चैतहरूको सङ्कलन र विश्लेषण उल्लेख्य मात्रामा भएपनि अझै सुदूरपश्चिमका कुनाकन्दरामा प्रचलनमा रहेका चैतहरूको सङ्कलन र अध्ययन भएको देखिदैन । त्यसैले चैतको परिभाषा दिदाखेरी अपूरो भएको भान हुन्छ किनकी डोटी तिर चैत ढोलीले ढोलक बजाएर गाउने खेल्ने गरिन्छ भने दार्चुला मार्मा क्षेत्रतिर बाजागाजा बिना खुट्टा र हातको हाउभाउ मिलाएर चैत गाउने र खेल्ने गरिन्छ । डोटीतिर ढोलीले चैत भन्ने गरेपनि मार्मा क्षेत्रतिर गितारुका नाइकेले चैत भट्याउँछन् र अरुले त्यसमा साथ दिएर स्वरमा  स्वर मिलाएर गाउने गरिन्छ । कुनै कुनै चैतहरू एउटै लय र भाकामा भएपनि कुनै कुनै चैतको लय र भाका फेर्दै गाउने गरिन्छ । जस्तो रामचन्द्र भगवान्को चैतमा लय र भाका फेर्दै गाउने प्रचलन रहेको छ ।

डोटिली चैतको सङ्कलन देवकान्त पन्त, विजय चालिसे लगायतले गरेका भएपनि मार्मा भेगमा सङ्कलन गरिएका केही चैतसँग मिल्दाजुल्दा छन् तर डोटेली चैतहरू अपूरा

देखिन्छन् भने मार्मा भेगमा केही अंश बढी पाइएका छन् । जस्तो मालिकादेवीको चैत, कापुराम शाहीको चैत, श्रीरामको चैत आदि । यसरी चैतहरू मौखिक परम्परामा प्रसारित हुने भएकोले पूर्ण अंश पाउन गाह्रो भएको छ तर खोज अनुसन्धान गर्ने हो भने पूर्ण अंश पनि पाउन सकिने देखिन्छ । पौराणिक चैतहरू किंवदन्तीको आधारमा बनेका भएपनि हाल चैतमा आधारित भएर आख्यान बनेका देखिन्छ ।

लोकगाथा चैतलाई खासगरी ऐतिहासिक, पौराणिक र सामाजिक गरी तिन भागमा विभाजन गर्न सकिन्छ तर हालसम्म सङ्कलित चैतहरूमा ऐतिहासिक र पौराणिक चैतहरूकै बाहुल्यता देखिन्छ । अझै दार्चुला जिल्ला मार्मा क्षेत्रमा प्रचलित चैतहरू ऐतिहासिक भन्दा पनि पौराणिक बढी भेटिन्छन् । यसो हुनुको कारण पौराणिक चैत्रहरू निरन्तर प्रचलनमा रहने भएको र ऐतिहासिक चैत्रहरू त्यति धेरै प्रचलनमा नहुने भएकोले पनि हुनुपर्छ । किनभने पौराणिक चैतहरू विभिन्न पर्वहरू देवीदेवताका जात्राहरूमा गाउने खेल्ने भएकोले निरन्तर रूपमा प्रचलनमा रही राखे भने अन्य चैतहरू त्यसरी प्रचलनमा रहेनन् ।

चैतहरूका मुख्य विशेषताहरू सबैमा साझा प्रकारको पाइन्छन् । लोकगाथाका विशेषतासँग बढी मिल्दाजुल्दा विशेषता चैत्रमा पनि भेटिन्छन् । पौराणिक र ऐतिहासिक चैतहरूमा केही फरक विशेषता भेटिन्छन् । जस्तो पौराणिक चैतहरू स्वैरकल्पना आधारित रोमाञ्चक, अति रोमाञ्चक हुन्छन् भने ऐतिहासिक चैतहरू ऐतिहासिक घटना क्रमसँग जोडिएका यथार्थमूलक हुन्छन् ।

चैतहरूको उत्पत्तिको निश्चित तिथि, मिति नभेटिए पनि नेपालमा यसको प्रचलन १२/१३औं शताब्दीदेखि भएको पाइन्छ किनभने त्यसबेला खसराज्यको उदय भएको समय भएको र भाषा र संस्कृतिको विकास त्यही समयदेखि भएबाट यो अनुमान गर्न सकिन्छ । साथै केही चैतहरूको घटना परिवेश त्यही कालखण्डमा भएको तथ्यगत आधारले पनि चैतहरूको सुरुवात १२/१३ औ शताब्दीमा भएर विकसित हुँदै आएको देखिन्छ ।

यसरी नेपाली लोकसाहित्यको क्षेत्रमा भाषा संस्कृतिको क्षेत्रमा ऐतिहासिक एवम् पौराणिक चैतहरूको महत्वपूर्ण योगदान रहेको छ । साथै नेपाली साहित्यको विकासमा चैतको महत्व विशेष किसिमको रहेको देखिन्छ ।

दार्चुला जिल्ला मार्मा क्षेत्रमा प्रचलित लोकगाथा चैतको सङ्कलन शोधपत्रको चौथो परिच्छेदमा रहेको छ । यस परिच्छेदमा मार्मा क्षेत्रमा प्रचलित पौराणिक चैतहरू रहेको छ । यस शोधपत्रमा बढी प्रचलनमा रहेका ८ वटा देवीदेवताको चैत सङ्कलन गरिएको छ ।

मार्मा क्षेत्रमा पौराणिक चैतहरूको साथै अन्य सामाजिक तथा ऐतिहासिक चैतहरूको प्रचलन पनि रहेको भएतापनि यस क्षेत्रको जनसमुदायको बीचमा देवीदेवताहरूको चरित्रगाथानै बढी चर्चित भएका देखिन्छ । त्यसैले यस शोधपत्रमा मार्मा क्षेत्रमा प्रचलित देवीदेवताहरू खासगरी महादेव देवताको चैत, भूमिराज देवताको चैत, सुर्माभवानीको चैत, धौलापूर देवताको चैत, डाँडाबाग (भागेश्वर) देवताको चैत, लटीनाथ देवताको चैत, नवरात्रीको चैत, श्रीरामचन्द्र भगवानको चैत सङ्कलन गरिएको छ ।

चैतहरू सङ्कलन गर्दा यो कथ्य परम्परामा प्रसारित भएको हुँदा यसको मूल एवम् पूर्ण पाठ पाउन कठिन हुने गर्दछ । यहाँ सङ्कलन गरिएका चैतहरू विभिन्न ठाउँमा रहेका बुढापाका एवम् लोकसाहित्य चैतप्रति चासो राख्ने र चैत गाउन जानकार व्यक्तित्वहरूबाट सङ्कलन गरिएको छ । यसमा सकेसम्म पूर्णपाठहरू बनाउने प्रयास गरिएको छ । मार्मा क्षेत्रको चैतहरूको लिखित सङ्कलन यही नै पहिलो हो । यस सङ्कलनले तथा शोधपत्रले लोकसाहित्यको अध्ययनमा थप योगदान पुऱ्याउने छ ।

सङ्कलित चैतहरूलाई अध्ययन गरेर त्यसको तत्वगत व्याख्या, विश्लेषण गर्ने कार्य शोधपत्रको पाँचौं परिच्छेदमा गरिएको छ । लोकसाहित्यमा प्रमुख विधाको रूपमा रहेको लोकगाथाभित्रको चैतलाई तत्वगत आधारमा व्याख्या गरिएको छ ।

कुनै पनि रचनाहरूको निर्माण विभिन्न तत्वहरूको संयोजनद्वारा भएको हुन्छ । यहाँ चैत पनि विभिन्न तत्वहरूको संयोजनबाट भएको देखिन्छ । यस शोधपत्रमा सङ्कलित चैतहरूलाई निम्न तत्वको आधारमा व्याख्या गरिएको छ ।

१. कथासार वर्ण्यविषय

२. कथावस्तु/आख्यान

३. लयविधान

४. भाषाशैली/कथनपद्धति

५. पात्र/चरित्रचित्रण

६.परिवेश

७ उद्देश्य/भाव

सङ्कलन गरिएका चैतहरू सबै पौराणिक चैतहरू भएकोले चैतमा वर्णन गरिएको विषयवस्तु एकै किसिमको देखिन्छ । चैतमा विषयवस्तुलाई वर्णन गर्दा घटनाको तीव्रता देखिन्छ भने कुनैकुनै चैतमा कथाहरू जोडिएर आएका छन् । सङ्कलित सबै चैतहरू पौराणिक विषयवस्तु एवम् किंवदन्तीमा आधारित छन् । महाभारत, रामायण र विभिन्न पुराणका विषयवस्तु चैतमा उल्लेख गरिएका छन् । साथै कुनै कुनै चैतमा ऐतिहासिकता पनि जोडिएको छ । सुर्माभवानीको चैतमा ठेकरे बोहराको बाजे राँउद, बाउदहरूको उल्लेख हुनु, ऐतिहासिक मठमन्दिरको उल्लेख हुनु, डाँडाबाग (भागेश्वर) को चैतमा राजा नागमल्लको उल्लेख हुनु यसको उदाहरण हुन् । चैतहरूमा आख्यान झिनो रूपमा प्रस्तुत भएपनि रैखिक ढङ्गले नै अगाडि बढेको पाइन्छ । महादेव देवताको चैतमा आख्यान कमजोर देखिन्छ । यहाँ ढुस्को, जगरमले आख्यान परिवर्तन गरेको छ । यो चैत ३ वटा फरक आख्यान मिलेर बनेको देखिन्छ । सुर्माभवानीको चैतमा पनि दुईवटा आख्यान मिलेर बनेको देखिन्छ । एउटा देवीहरूको उत्पत्तिदेखि बिहे भएर हिमालतिर आएको प्रसङ्ग अर्को सुर्माभवानीको प्रभाव तथा विभिन्न क्रियाकलापहरू मिलेर चैतको आख्यान निर्माण भएको छ । अन्य चैतहरूमा पनि आख्यान फितलो देखिन्छ भने घटनाको तीव्रताको कारण रैखिक ढङ्गले नै कथा अगाडि बढेका छन् ।

चैतगाथा सबै मुक्तलोकलयमा आधारित छन् । अन्तमा पदहरूको आवृत्तिले गर्दा सङ्गीतात्मक भएका छन् । अन्त्यानुप्रास अलङ्कारको प्रयोग चैतहरूमा भेटिन्छ । चैतमा पङ्क्तिहरू लामा, छोटा भएपनि गाउँदा लय मिलाएरै गाउने गरिन्छ । संरचनाको आधारमा लयगत विविधता पाउन सकिन्छ जसको कारण एउटै चैत पनि विभिन्न लयमा गाउने गरेको पाइन्छ ।

चैतहरूको उत्पत्ति एवम् रचनाकाल प्राचीन भएको कारण अहिले पनि चैतहरूमा प्राचीन शब्दहरू भेटिन्छन् । तिनीहरूको अर्थ लगाउन कठिन भएपनि भावको आधारमा अर्थ लगाउन सकिन्छ । डोटेली उपभाषिकामा रचिएका यी चैतहरू वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग भएको भेटिन्छ । यी चैतहरूमा तृतीय पुरुष कथनपद्धतिको प्रयोग भेटिन्छ भने संवादात्मक शैली भएको चैतमा प्रथम पुरुष कथनपद्धतिको प्रयोग पनि भेटिन्छ ।

सङ्कलित चैतहरू पौराणिक भएको कारण पात्रहरू पनि महाभारत, रामायण, पुराण आदिबाट लिइएका छन् । केही पात्रहरू भने ऐतिहासिक तथा स्थानीय परिवेशका पात्रहरू छन् । महादेव भगवान, भूमिराज देवता, सुर्माभवानीदेवी, दुर्गा भवानीदेवी, मालिका

भवानीदेवी, लटिनाथ देवता, भागेश्वर देवता, मालिकार्जुन, धौलापूर देवता जस्ता पौराणिक पात्रहरू नै चैतका प्रमुख केन्द्रीय पात्र हुन् भने राजा नाग मल्ल राउद बाउँद, नरलोग, धामी, पूजारी आदि पात्रहरू ऐतिहासिक एवम् स्थानीय परिवेशका पात्र हुन् ।

चैतहरूको घटना घटित क्षेत्रलाई परिवेश भनिन्छ । यहाँ भारत तथा नेपालको सुदूरपश्चिमाञ्चल विकासक्षेत्रको विभिन्न क्षेत्रहरूको वर्णन गरिएको छ । यिनै क्षेत्रहरूमा चैतका घटनाक्रमको विकास भएको पाइन्छ । खास गरी 'माल' भन्ने ठाउँ यकिन गरेर यही हो भन्न त गाह्रो छ तर तराईतिरको अन्न उब्जने ठाउँलाई भनिएको हो भन्ने गरिन्छ । आजकल पनि देवताका धामी कामेर नौरातापछि जुवा खेल्न मालतिर जाने कुरा बताउँछन् । यसको साथै सुदूरपश्चिमको डोटी क्षेत्र, बझाङको विभिन्न ठाउँको उल्लेख, दार्चुला जिल्लाको विभिन्न ठाउँको उल्लेख गरिएको छ । यसले प्रशस्त मात्रामा स्थानीय परिवेशमा घटित घटनाक्रमको वर्णन गर्दा स्थानीय जनसमुदायमा अपनत्वको भावना जगाउनुको साथै चैतप्रति उत्साहित हुँदै कथ्य परम्परामा सजिलैसँग प्रसारित भएको हो । यसरी पौराणिक विषयवस्तुका घटना, परिवेश र स्थानीय परिवेशलाई चैतहरूमा सुन्दर ढङ्गले संयोजन गरिएको छ ।

प्रस्तुत चैतहरूको उद्देश्य पौराणिक, ऐतिहासिक एवम् सामाजिक पात्रहरूको चरित्रमाथि प्रकाश पार्दै तिनीहरूको महिमागान गाउँदै भक्तिभाव प्रकट गर्नु रहेको देखिन्छ । समाजलाई नैतिकशिक्षा प्रदान गरी समाजप्रति नैतिकवान बनाउनु, मनोरञ्जन प्रदान गर्नु, बौद्धिक ज्ञान हासिल गर्नु, इतिहासलाई जीवित तुल्याइराख्नु, देवीदेवताहरूको शक्तिको प्रभाव देखाउनु, भक्तिभाव प्रकट गर्नु, मानवीय सेवाभाव जगाउनु चैतहरूको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने यस शोधपत्रले नेपाली लोकसाहित्यको अध्ययनको क्षेत्रमा एउटा महत्वपूर्ण योगदान दिनेछ । खासगरी सुदूरपश्चिमेली चैतको अध्ययनमा विशेष महत्व प्रदान गर्नेछ । चैतको उत्पत्तिको विषयमा महत्वपूर्ण जानकारी दिन सक्नेछ भने केही ऐतिहासिक घटनाहरूको पनि नजिकबाट प्रमाणिकरण गर्न मद्दत पुग्नेछ । चैतमा वर्णन गरिएको घटना, पात्र तथा परिवेशले धार्मिक क्षेत्रको अध्ययनमा पनि सहजता ल्याउने विश्वास लिइएको छ । दार्चुला जिल्लामा प्रचलित चाडपर्वहरू, जात्राहरू र त्यसमा गाउने चैतहरूले चाडपर्व तथा जात्रा मनाउनुको ऐतिहासिक एवम् पौराणिक पृष्ठभूमिको

जानकारी दिनेछ । अझै यस शोधपत्रको दार्चुला जिल्ला मार्मा क्षेत्रलाई र सिङ्गो देशलाई नै धार्मिक पर्यटनको क्षेत्रको रूपमा यहाँको ठाउँलाई विकास गर्न मद्दत पुग्नेछ ।

चैतको वर्गीकरण, चैतको परिभाषा, चैतको उद्देश्य, विशेषतामाथिको चर्चाले आगामी दिनमा लोकगाथा चैतको अध्ययनमा थप मद्दत पुग्नेछ । यसको साथै लोप हुन लागेको चैतहरूको सङ्कलनले चैतलाई जीवित तुल्याएको छ । चैतको संरचनागत अध्ययन गर्दा त्यसका आवश्यक तत्वहरूको पहिचान गरी तत्वगत आधारमा वर्गीकरण गरी आवश्यक व्याख्या, विश्लेषण गरिएको छ जसको कारण चैतहरूलाई अध्ययन गर्न सजिलो भएको छ । यसले आगामी दिनहरूमा पनि अन्य चैतहरूको अध्ययन, अनुसन्धान गर्न थप योगदान पुऱ्याउने छ । यसरी यो शोधपत्र नेपाली लोकसाहित्यको विकासमा नयाँ आयाम हुनेछ साथै लोकगाथा अध्ययनको क्षेत्रमा महत्वपूर्ण सामग्री सावित हुनेछ ।

# सन्दर्भग्रन्थसूची


आचार्य, कृष्णप्रसाद, **शोधविधि, सृजना र संस्कृतकाव्यशास्त्र**, कीर्तिपुर : क्षितिज प्रकाशन, २०६६ ।

चालिसे, विजय, **डोटेली लोकसंस्कृति र साहित्य**, साझा प्रकाशन, २०३९ ।

पन्त, देवकान्त, **डोटेली लोकसाहित्य एक अध्ययन**, काठमाडौँ : एशियाली अध्ययन संस्थान, त्रि.वि., २०३२ ।

पन्त, जयराज, **अन्जुलीभरी सगुन पोल्टाभरी फाग**, ने.रा.प्र.प्र., २०५५ ।

पन्त, दयाकृष्ण, **मालिकार्जुन दिग्दर्शन**, २०६३ ।

पन्त, जयराज, **मस्टापरम्परा र त्यसका गीतहरू**, काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि., २०६४ ।

पन्त, जयराज, **डोटेली भो पर्वका गीत र गाथाहरू**, काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि., २०६४ ।

पन्त, दयाकृष्ण, **दार्चुलाको इतिहास**, २०६७ ।

पन्त, दयाकृष्ण, **लटीनाथको अमर गाथा**, दार्चुला, २०६८ ।

पोखरेल, बालकृष्ण, **पाँच सय वर्ष, पाँचौ संस्करण**, काठमाडौँ : साझा प्रकाशन, २०६२ ।

पौडेल, कृष्णविलास, **नेपाली ऐतिहासिक परिचय र नेपाली समालोचना**, काठमाडौँ : नवीन प्रकाशन, २०६२ ।

बन्धु, चडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता बुक्स डिष्ट्रिव्युटर्स, २०५८ ।

लामिछाने, कपिलदेव, **नेपाली लोकगाथाको अध्ययन**, साझा प्रकाशन, २०६४ ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

# परिशिष्टहरू

## १. श्री महादेवको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| अम्मर | एकप्रकारको फल | जडो | जरा |
| हाङ्गी | हाङ्गो | पुरुष | पूर्व (दिशा) |
| देउपुरी | देवताको राज्य | धनपुरी | धन सम्पत्ति भएको राज्य |
| दैत्तपुरी | दानवको राज्य | अन्नपुरी | अन्नको भण्डार भएको राज्य |
| कोपा | कोपिला | बरन | वर्ण, रङ्ग |
| ताई | त्यसै ठाउँमा | उब्जि | पैदा हुनु |
| पन्नौ | पन्नौ | कान | काध |
| पन्यार | धारा, पानी | गाडा | खेत |
| बैशेखु | बस्नु, आसन | हरिहरि | हरियो हरियो |
| औल्या | भाइ | मणपो | मण्डप, माणौ |
| चिठाउ | चिन्नु, बनाउनु | बाननी | दिवाल, बान्नो |
| विणि | खम्बा, मैनखम्बा | हिरूमै | एकप्रकारको रूख |
| भलु | भलो, कल्याण | गाथ | शरीर |
| नेजा | झण्डा | पारभात | बिहान |
| लोग | जनसमूह, जनता | पड्या | पऱ्यो |
| वाई | उतै, उसैमा | बलद | गोरू, बल्लु |
| अन्न | अण्डा | छीट | छिटा, थोपा |

## २. भुमिराज देवताको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| भौरडो | भौतो, प्वाँल | धाउन | हिड्यो, धायो |
| चिताभलु | चित्त बुझाउनु | अउतऱ्यो | अवतार लियो |
| मनवी | मनमा | टोल | कराउनु |
| पैलीको | पहिलो | धेक्यो | देख्नु |

| | | | |
|---|---|---|---|
| गल्याउ | दाम्लो | भिच | परीक्षा |
| अन्त | परिक्षा | रामपास | छुरीको नाम |
| बेली | हिजो | लाउलो | पठाउनु |
| पार | देवता बस्ने आसन | | |
| बाडा | ठूलो | | |
| छत्र्या | ठकुरी, राजा | | |
| रिथि | मालिक | | |
| गब्युर | मण्डपको भित्र भाग | | |
| चौघानी | चौतारी वा चौर | | |
| जिया | आमा | | |

## ३. श्री सुर्माभवानीको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| मल | तराई वा अन्न उब्जनी हुने | मुनी | तल, तल्लो |
| उथपन्थ | प्रकट हुनु | बलानु | घुम्नु |
| डोलानु | घुम्नु, फिर्नु | उबो | माथि |
| उनुझान्या | तलतिर जाने | हाँक | आह्वान |
| क्याउ | के के | तिरीया | स्वास्नी |
| ढालनु | ढाल्नु वा जुवा खेल्नु | परसारी | दाउ राखेर |
| कन | कसैले | ढाल्यो | खेल्यो |
| चलुलात | जान्छु | छिपिलि | चोखो |
| तपिलि | तपस्वी | चलुभलु | प्रस्थान |
| लडेली | लडेली | मोतिया | आँशु |
| भुमुटी | घुम्टो | ठामरो | घोडो |
| रिटायो | घुमायो | डाँणी | एक प्रकारको काठको बोक्ने साधन |
| हिउँलोड्या | हिउँमा हिड्ने | नाङी | नाङ्गो |
| साल | वर्ष | बौलाडी दैत्त | दानव |
| खंकरया डाँडो | सुख्खा डाँडो | रोजो | रोज्नु |
| सुङली ग्वालो | गाइ हेर्ने व्यक्ति | गाड | नदी |

| | | | |
|---|---|---|---|
| स्याप | सर्प | जोला झकर | जोडी भकर |
| जोला निशान | जोडी झण्डा | बुकी सुन | सुन |
| रूपो | चाँदी | ढुङ्गाड | बझाङ्ग र डडेल्धुराको सिमाना |
| ढोलाइछ | पोख्नु | गर्खा | गाउँ |
| डास्या फलिन्या | ठाउँको नाम | विन्न दाना | बिना खाना |
| मुनु | घाट ( बाटो) | दाइरे बाउली | दाहिने हात |
| तुइना | तुइना | मवाडपो | नाक मुख |
| बाइरे बाउली | बाहिने हात | कपास्या | कपासका कपडा लगाउने |
| खोर्याल घट्याल | उक्त ठाउँको बासिन्दा | भङिर्या | भाङ्ग्रो कपडा लगाउने |
| ल्वाड लेगगाउँ | ठाउँको नाम,बासिन्दा | अतिथि | पाहुना |
| माजै | बीच | पाउ | खुट्टा |
| मरथिको | शीर | खरी | सान्है |
| पुत्तारी | स्वास्नी मानिस | इङलद्वार | ठाउँको नाम |
| अना | ताल (तलाउ) | टाण | ठाउँको नाम |
| कुमलतड् | बझाङ्गको एक गाउँ | थार | थार, जनावर |
| बिसकुन | घाममा सुकाएको अन्न | झकुलो | महिलाले लगाउने कपडा |
| पागाडो | पगडि | पैर | लगाउनु |
| राउँदु | राउँद | भाउँदु | भाउँद |
| घोगाडी | घोगाडामा बस्ने मानिसहरू | खेदयो | लखेट्यो |
| डुबा डोणी | सुर्मा सरोवर जाने बाटोको कुनै ठाउँ | ढाड्यै | ठाउँको नाम |
| | | जुत्यो | दिसा गर्नु |
| खोरा घट्टया | ठाउँको नाम | जलजला | बझाङको ठाउँ |
| जुतो | थारको दिसा वा मल | धौल्या | धौलापूर |
| लोटनी | लोट्ने ठाउँ | देलठौर | सुर्मा सरोवरको प्रवेशद्वार |
| घाणा जोली | बझाङ्गको एक ठाउँ | होउसी | होवस, हुनु |
| अतुयो | महिना नपुगेर जन्मेको | | |
| भलजन | भलो नहोस् | | |
| एक्कै रौसी | एकै मात्र | | |

## ४. श्री धवलापुरको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| मान्तालोग | पृथ्वी वा मान्छे बस्ने ठाउँ | गुसाई | मालिक, मायालु |
| मुङ्गरी | मगर गोही, माछो | फेरो चाया | हेर्नु, चाहर्नु |
| थाकाड्या | सानो कपडामा समात्ने बच्चा | वरकन्या | उल्टो फर्कने |
| फरकन्या | फर्कन सक्ने | थरी | उभिन सक्ने |
| खुनन्या | धुलो खेल्ने | पन्यारी | पधेरामा जाने |
| गवालो | गाई हेर्ने व्यक्ति | बेजो | निशाने बाज |
| पाईक | बलियो, सिपालु योद्धा | हाँक छाड | आह्वान गर्ने |
| ठाना चौड | ठाउँको नाम | ल्वादाऱ्या | लुवाको दाह्रा भएको |
| उवासुनी | बझाङको माथिल्लो भेग | जु जु | लडाई, जुधाई |
| लाङो | महादेव, लाङो | कुमाल्ताड् | बझाङ्गको ठाउँ |
| लयकन्छ | बहकन्छ | उब्याई | उभ्याएको |
| चौखी अछाम | चार किल्ला, अछाम | टाणैका टुणा | टाण भन्ने ठाउँको बीचमा |
| सङलो कुमाउ | सिङ्गो कुमाउ | रनकन्छ | रन्कोजान्छ |
| | | सङलो सुनी | सिङ्गो सुनी |

## ५. श्री डाडबाबाको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| बड् | ठूलो | बिरीक्ष माइ | वृक्ष/रूखमा |
| सैन सोडार | मैदान, सोराड | कभ्फा | काम्ने |
| कोट | दरबार | जाड्या कुकुर | भोटे कुकुर |
| बादलु | पाइलो, बसाई | सङली कोट | सिङ्गो दरबार |
| चाखबिणि | घरको बरण्डा | फिनि खाट | बाबियोले बनाएको खाट |
| चुचाचेली | दुधखाने बालक | छाई बिनी | मोही राख्ने काठको भाडा |
| तुलै खाट | डोरीले बनाएको पलङ्ग | बात्तो | दीयो |
| भिटा | पहरा/पाखा | | |
| फोंली | छाताजस्तै बनाएको तामाको पत्र | | |
| बाईचाख | बरण्डा | | |

## ६. श्री लटीनाथको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| बाबु मूल | बाबुको लागि हानी पुऱ्याउने लगन | सिन्या झाड | सिस्नुको बोट |
| कुकुड्या खोड | कुखुराको खोर | तलाई माणौ | लटिनाथ गा.वि.स. मा पर्ने ठाउँ |

## ७. नवरात्रीको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| काँतिर | काहाँ होला | | |
| थान | बासस्थान, मण्डप | | |
| ठामरो | घोडो | | |
| पाखर | पाखी, पछ्यौरी | | |
| सुनैखर | सुनको | | |
| डाडी | मान्छे बोक्ने लौरो | | |
| कसु | कस्तो | | |
| देलिपाट | ढोकाबाट | | |
| भणार | भण्डार | | |
| पटौखानी | आँगन, बरण्डा | | |
| निउज | पूजामा चढाएको जौं | | |
| पापहरी | पापबाट मुक्ति दिनु | | |

## ८. रामचन्द्र भगवानको चैत

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| भुज | एकप्रकारको काठ | छतिउरी | छाता |
| निङाली | निङ्गाली | भिण | डण्डी छाताको डण्डी |
| अङ्गुली | औला | उपजी | उब्जेको, भएको |
| पिङ् | पिलो | बैजी | बैजी, ज्योतिष |
| अनाईछ | बोलाएको | ओत | शितल, पिडाकम |
| सेलो | सुत्नु | जडी | जडिबुटी |
| घुरी नीन | आनन्दसँग निद्रा | कुपिनर्क | पीप भएको नर्क |
| अइडोली | सिकार खेल्न | यांक | ढोकाको माथिल्लो भाग |
| सिउद्वार | ढोका | मारिक | शिकारी कुकुर |
| तितरी | चराको नाम | रतुवा | मृग |
| ढुङ्गी | ढुङ्गो | जडीया | बाह्रसिङ्गे, जरायो |
| तिउडा | रतुवाको घुमाउरो खोज | भौल्या | भाइ |
| चाँच | पहरामा | निकास | निकाल |
| डौणी | गल्छी | धुडै धुड | धुरुधुरु |
| टाप | खुट्टाको छाप | रिउली पिउली | शिकारी कुकुरको नाम |
| नथ्यै | सिङ्गै पुरै | पुरिख | लोग्ने |
| भितरी | भित्र | बाउली | हात |
| बाँच | पढ्नु | राउन्या | रावण |
| कसुरे सौपी | कसलाई सुम्पिनु | याई पौची र्‍यान | यही आएका छन् |
| बेड | घेरबार | तल्ल कानली पुणु | तल्लो कान्ला |
| तपस्या | रावण | रोसिया | खाना पकाउनु |
| सुकालो गाथ | सन्चै आरामै | | |
| देउर्‍या | देवरबाबु | | |
| मल्ल कानली पुणु | माथिल्लो कान्ला | | |
| हाणी | हान्नु | | |